# सबैका लागि शिक्षा २००४-२००९

## मुख्य दस्तावेज

www.moe.gov.np

शिक्षा तथा खेलकुद मन्त्रालय

केसर महल,काठमाडौं, नेपाल

नोभेम्वर १७, २००३

प्रकाशकः नेपाल सरकार
शिक्षा मन्त्रालय
केसरमहल काठमाडौँ

प्रकाशन २०६३ मंसिर
मुद्रण प्रतिः ६३५५

छपाई सहयोगः युनेस्को काठमाडौँ

मुद्रकः हिसी प्रिन्टिङ प्रेस
प्रयागपोखरी ललितपुर।
फोन ५५५१४४४
इबुक प्रकाशनः २०६६ असार
यसमा प्रकाशित सामग्रीहरुलाई विक्रि गर्न पाइने छैन। तर यो पुस्तकलाई निशुल्क रुपमा बाङ्न, फोटोकपी गर्न,यसका अंशहरुको उद्धरण लिन सकिनेछ। यदि तपाईले यसलाई कुनै न कुनै रुपमा उपयोग गर्नु भएको छ भने डकुमेन्टेशन प्रयोजनका लागि निम्न ठेगानामा जानकारी गराउनु होला
शिक्षा मन्त्रालय,
अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा
केसरमहल काठमाडौँ।
इमेलः reims@moe.gov.np
वेभपेजः www.moe.gov.np

www.moe.gov.np

# प्राक्कथन

सेनेगलको राजधानी डकारमा भएको विश्व शिक्षा सम्मेलनले "सबैको लागि शिक्षा कार्यढाँचा" तथा संयुक्त राष्ट्र सङ्घीय महासभाबाट "सहस्राब्दी विकास लक्ष्य" अनुमोदन भए पश्चात नेपालले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००१-२०१५ तयार गरी शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने प्रयास भइरहेको तथ्य सबैमा विदित नै छ।सोही कार्ययोजनाका आधारमा पाँचवर्षे रणनीतिका रुपमा सबैका लागि शिक्षा .सन् २००४-२००९॰ कार्यक्रम कार्यान्वयन भइरहेको छ।कार्यान्वयन तहसम्म कार्यक्रमसम्बन्धी जानकारी सम्प्रेषण गर्ने उद्देश्यले Education for all (2004-2009) Core Document को नेपाली भाषामा अनुदित प्रस्तुत सबैका लागि शिक्षा .२००४-२००९॰ मूल दस्तावेज नाम पुस्तिकालाई वितरण गर्ने प्रयास गरिएको हो।यसलाई विद्यालयसम्मै पुऱ्याइँदा कार्यक्रम सञ्चालनमा सहभागिता बढी प्रभावकारी कार्यान्वयन हुने विश्वास लिइएको छ।

यस दस्तावेजमा बालबालिकाका लागि शिक्षामा पहुँच बढाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न तथा संस्थागत क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक कार्यक्रमहरुको तर्जुमा गरिएको छ।यी कार्यक्रमहरुलाई मुलुकभर व्यापकताका साथ कार्यान्वयनमा ल्याई आधारभूत तथा प्राथमिक स्तरको शिक्षामा खासगरी बालिका, आर्थिक स्थिति कमजोर रहेका बालबालिका, दलित तथा सुविधाविहीन बालबालिकाहरुसम्म शिक्षाको पहुँच पुऱ्याउने राष्ट्रिय संकल्प अगाडि सारिएको छ।

प्रस्तुत दस्तावेज निर्माणमा संलग्न रही आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु तथा छपाइमा सहयोग प्रदान गर्ने युनेस्को काठमाडौं प्रति शिक्षा विभाग आभार व्यक्त गर्दछ।

अन्त्यमा, यस मूल दस्तावेजको आधारमा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न सबै पक्षबाट सधैं झैं सहयोग प्राप्त भइरहने अपेक्षा गर्दछु।

जनार्दन नेपाल
महानिर्देशक
शिक्षा विभाग
२०६३ मार्ग १४ गते विहीबार

www.moe.gov.np

# विषय सूची


| | |
|---|---|
| १. कार्यकारी सारांश | 6 |
| २. परिचय | 9 |
| २.१. कार्यक्रमको पृष्ठभूमि | 10 |
| २.२ कार्यक्रमको औचित्य | 11 |
| २.३ लक्षित नतिजा | 12 |
| २.३.२. २०१५ मा एउटा विद्यालय | 12 |
| २.३.३ २०१५ मा एउटा कक्षाकोठा | 13 |
| २.३.४. २०१५ मा एउटा समुदाय/जिल्ला | 15 |
| २.४ सबैका लागि शिक्षा २००४-२००९ का मुख्य उद्देश्यहरु | 16 |
| ३. सन्दर्भ | 19 |
| ३.१. समाजिक-आर्थिक सन्दर्भ | 19 |
| ३.२ राजनीतिक सन्दर्भ | 20 |
| ३.३ जनसंख्या तथा अध्ययनः | 21 |
| ३.४ आधारभूत तथा प्राथमिक शिक्षा | 22 |
| ४. समस्या र चुनौतीहरु | 24 |
| ४.१ सशस्□ □ □जनयुद्ध तथा यसको प्रभावः | 24 |
| ४.२ केन्द्रीकृत शैक्षिक व्यवस्थापनः | 24 |
| ४.३ शैक्षिक सुविधाको वितरणः | 24 |
| ४.४ मूलप्रवाहीकरण तथा सहभागिता | 25 |
| ४.५ लै□ □ □ क समन्याय तथा समानता | 25 |
| ४.६ विविध ग्राहक .लक्षित॰ समूहहरुको आवश्यकता अनुकुल हुने | 25 |
| ४.७ शिक्षाको गुणस्तर | 26 |
| ४.८ दीगोपन सम्बन्धी सवाल | 26 |
| ४.९ सबै तहमा व्यवस्थापन तथा व्यावसायिक क्षमताको सुधारको आवश्यकता | 26 |
| ४.१० सम्बन्धित सबै निकाय/□ □ □ □र क्षेत्रहरुबीच समन्वय | 27 |
| ५. शिक्षाका वर्तमान नीतिहरु | 28 |
| ६. सबैका लागि शिक्षा २००४-२००९ को कार्यक्रम अवयव .अ□ □ ) विवरण | 31 |
| ६.१. बाल विकासको विस्तार ः | 31 |
| ६.२ सबै बालबालिकाहरुका लागि शिक्षाको पहुँचको सुनिश्चितता | 34 |


www.moe.gov.np

६.३. आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायहरु लगायतका सबै बालबालिकाहरुका सिकाइ आवश्यकताहरुको परिपूर्ति 38
७. कार्यक्रम कार्यन्वयनका लागि सिद्धान्त र रणनीतिहरु 53
८. सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम व्यवस्थापन 67
८.१ संस्थागत प्रबन्ध .बन्दोबस्त॰ः 67
८.२ कार्यक्रम कार्यकारी बोर्ड .परिषद॰ 68
८.३ कार्यक्रम व्यवस्थापन समिति 69
८.४ वाह्य सहायता 70
९. कार्यक्रम सूचक, अनुगमन तथा मूल्या□ □ □नः 72
९.१. सूचकहरु 72
९.२ अनुगमन तथा मूल्याङ्कन 73
१०. सबैका लागि शिक्षा २००४-२००९ को आर्थिक पक्ष .श्रोत॰ 76
१०.१ सबैका लागि शिक्षा २००४-२००९ का लागि आर्थिक आवश्यकता 76
१०.२ कार्यक्रमलाई खर्च दिने तौरतरिका 80
१०.३ रकम प्रवाह सयन्त्रः 81
११. दीगोपन तथा जोखिम 83
परिशिष्ट १ः 85
समग्र युक्ति संगत खाका 85
२.४ समाहित शिक्षा 95
२.५ विशेष शैक्षिक आवश्यकता भएका विद्यार्थीहरुका लागि शिक्षा 96
२.६ द्वन्द तथा दैवी /प्राकृतिक प्रकोप कोष 97
३. सबैका सिकाइ आवश्यकता परिपूर्ति गर्न 97
४. निरक्षरतामा कमी 98
५. लैङ्गिक भेदभावको निराकरण 100
६. गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधार गर्नेः 101

www.moe.gov.np

# १. कार्यकारी सारांश

१. शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा तयार पारिएको सबैका लागि शिक्षा .२००४-२००९॰ को अवधारणा पत्र सन् २००३ मार्चको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका दातृ समूहको संयुक्त पुनरावलोकन बैठकमा छलफलका निमित्त पेश हुँदा दातृ समुदायले यसलाई सवैका लागि शिक्षाको निमित्त एउटा ठोस प्रारम्भिक दस्तावेजकोरुपमा स्वीकार गरेका थिए। उनीहरुबाट यस अवधारणा पत्रमा उल्लेख गरिएका कतिपय विचारहरुका साथै कार्यक्रम कार्यान्वयनका निमित्त आवश्यक सङ्गठन, अनुगमन संयन्त्र र कार्यान्वयन रणनीतिलाई अझ स्पष्ट पारी सवैका लागि शिक्षाको प्रमुख दस्तावेज (EFA Core Document) का रुपमा विकसित गर्ने सुझाव प्राप्त भयो।

२. श्री ५ को सरकारको "सबैको लागि शिक्षा २००४-२००९" कार्यक्रममा योगदान पुऱ्याउन इच्छुक सबै विकास साझेदारहरुले यस दस्तावेजलाई एक मात्र आधारभूत दस्तावेजको रुपमा स्वीकार गरी कार्यक्रममा प्रवेश गर्न सकुन भन्ने मनसायका साथ यो दस्तावेज तयार पारिएको हो। सवैका लागि शिक्षासम्बन्धी सबै योजना तथा कार्यक्रम कार्यान्वयनका साथै कार्यक्रम कार्यान्वयनको प्रगति लेखाजोखाका निमित्त आवश्यक पर्ने सूचकहरु पनि यसै दस्तावेजमा आधारित हुनेछन्।

३. यो दस्तावेज सबैका लागि शिक्षाको सन् २०१५ सम्मका लागि निर्माण गरिएको राष्ट्रिय कार्ययोजनामा आधारित पञ्चवर्षिय रणनीतिक कार्यक्रम हो। यसका तिनवटा प्रमुख उद्देश्यहरु  रहेका छन् ः

(१॰ प्राथमिक शिक्षामा पहुँच(Access) तथा समन्यायिकता (Equity)सुनिश्चित गर्ने,
(२॰ प्राथमिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता बृद्धि गर्ने, र
(३॰ कार्यदक्षता तथा संस्थागत क्षमताको सुधार गर्ने।

४. आधारभूत प्राथमिक शिक्षा कार्यक्रम-दोस्रो चरणका उपलब्धि र अनुभवलाई सुद्धढिकरण गर्दै निर्माण गरिएको यस कार्यक्रमका नीतिगत खाका दशौं योजना .गरिवी न्यूनीकरण रणनीतिक पत्र .PRSP॰, राष्ट्रिय प्राथमिकतामा आधारित मध्यावधिक व्ययखाका

www.moe.gov.np

(Medium Term Expenditure Framework ), स्थानीय स्वायत्त शासन ऐन, २०५५ र शिक्षा ऐन सातौं संशोधनमा आधारित छ।

५. सबैका लागि शिक्षा २००४-२००९ का ६ ओटा कार्यक्रम अवयवहरु (Program Component) सबैका लागि शिक्षा विषयक डाकार कार्यढाँचा (Dakar Framework for Action) मा निर्धारण भएका ६ ओटा उद्देश्यहरुमा आधारित छन् ः

(१◦ बाल विकास कार्यक्रमको विस्तार तथा सुधार

(२◦ सबै बालबालिकाहरुका लागि प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता

(३◦ पिछडिएका जनजाति तथा अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरू लगायत सबै बालबालिकहरुका सिकाइ आवश्यकता पूर्ति गर्ने

(४◦ प्रौढ निरक्षरतादरमा कमी ल्याउने,

(५◦ लैङ्गिक तथा समाजिक भेदभावलाई हटाउने

(६◦ गुणस्तरीय शिक्षाका सबै पक्षहरुमा सुधार ल्याउने।

६. यो दस्तावेज दशौं योजनाले अवलम्बन गरेका अवधारणा अनुरुप गरिवी न्यूनीकरणमा विशेषरुपले लक्षित भएको हुँदा सोही अनुरुप कार्यक्रमहरु निर्धारण गरिएको छ। उदाहरणस्वरुप बाल विकास कार्यक्रमहरु तुलनात्मकरुपले गरिबी प्रभावित जिल्लाहरुमा केन्द्रित गराइएका छन्। खास गरी बालिकाहरु, सुविधाविमुख समुदायका दलित, अपाङ्ग तथा युद्ध र गरिबीको चपेटामा परी कठिन परिस्थितिमा गुजारा गरिरहेका बालबालिकाहरुलाई प्राथमिक विद्यालय जान प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्था गरिएको छ। यसैगरी निरक्षरता र गरिबीबीचको सम्बन्धलाई दृष्टिगत गरी गरिबीको मारमा परेको क्षेत्रहरुमा आवश्यकतामा आधारित साक्षरता कक्षाका साथै अनौपचारिक शिक्षा कार्यक्रमहरु पनि सञ्चालन गरिनेछन्।

७. शिक्षाको पहूँचमा अभिवृद्धि गर्न, समाहित शिक्षा प्रणालीको अवलम्बनद्वारा सवैका सिकाई आवश्यकता पूरा गर्न र गुणस्तरीय शिक्षाका सबै पक्षहरुमा सुधार ल्याउन विकेन्द्रिकरणलाई प्रमुख रणनीतिकोरुपमा लिइएको छ। विद्यालयको स्वामित्व र व्यवस्थापनका लागि स्थानीय समुदायहरुको क्षमता सुदृढ गरिनेछ। जि. शि. का, जि.वि.स. तथा गा.वि.स.हरुले नियमित तालिम तथा अनुगमन मार्फत विद्यालय तथा सम्वद्ध समुदायलाई संस्थागत सहायता प्रदान गर्नेछन्। विद्यालय सुधार योजना, भौतिक निर्माण तथा मर्मत सम्भारका लागि विद्यालयलाई प्राविधिक सहयोग प्रदान गरिने छ।

www.moe.gov.np

८.	खासगरी योजना निर्माण तथा कार्यक्रम कार्यान्वयमा छात्राहरु तथा महिला वर्गको सहभागितालाई विशेष ध्यानमा राखी विद्‌यमान लैङ्गिक असमानताको निराकरण गर्ने लक्ष्य रहेकोछ।

९.	कार्यक्रमको कुल लागत अमेरिकी डलर ८१४.५ मिलियन पुग्ने अनुमान गरिएको छ। यसमध्ये विकास तथा पूँजिगत खर्च तर्फ ३३५.४ मिलियन डलर रहने छ र तलव सुविधा र केही प्रशासनिक खर्च वापत् श्री ५ को सरकारले बेर्होनु पर्ने साधारण खर्च ४७९.१ मिलियन डलर हुनेछ। कार्यक्रममा स्थानीय निकाय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, गैरसरकारी संघसंस्था र नीजि क्षेत्रहरुसँग साझेदारीको परिकल्पना गरिएको छ र स्थानीय श्रोत परिचालनमा विशेष जोड दिइएको छ।

www.moe.gov.np

# २. परिचय

सन् २००२ मा शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभागले सबैका लागि शिक्षा २००४-२००९ को अवधारणापत्र विकास गरी डिसेम्बर २००२ मा सम्पन्न आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम .दोस्रो चरण॰ को सरकार-दातृसमूहको संयुक्त पुनरावलोकन बैठकमा प्रस्तुत गर्‍यो। सो बैठकमा दातृ समूहका सदस्यहरुले गरेका टिप्पणी तथा सुझावहरुलाई समावेश गरी परिमार्जितरुपमा तयार पारिएको अवधारणा पत्रलाई २००३ को जनवरी-फेब्रुवरी महिनामा केन्द्रीय तहका निकायहरुः क्षेत्रिय शिक्षा निर्देशनालयहरु, जिल्ला शिक्षा कार्यालयहरु, श्रोतकेन्द्रहरु, जिल्ला विकास समितिहरु, र गाउँ विकास समितिहरुसँग व्यापक छलफल गराइयो। सबै तहबाट सुझाव र पृष्ठपोषण सङ्कलन गर्न नागरिक समाज र सरोकारवालाहरुबीच केन्द्रीय, क्षेत्रीय, जिल्ला र श्रोत केन्द्र तहमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो। मस्यौदाको तैयारी र त्यसलाई अन्तिम रुप दिने क्रममा अवलम्बन गरिएको यो सहभागितामूलक प्रक्रियाको परिणामस्वरुप सबैका लागि शिक्षाका दृष्टिकोण र उद्देश्य अनुरुप आधारभूत तथा प्राथमिक शिक्षाको अर्को चरणका लागि एउटा परिमार्जित अवधारणा पत्र विकसित भएको हो।

संशोधित अवधारणा पत्र मार्च २००३ मा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रा चरणका सबै दातृ समूह तथा सम्भाव्य विकास साझेदारहरुसमक्ष प्रस्तुत गरिएको थियो। दातृ समुदायले यस अवधारणा पत्रलाई कार्यक्रम निर्माणका लागि एउटा दरिलो प्रारम्भिक दस्तावेजकारुपमा स्वीकारे र कार्यक्रम कार्यान्वयनका लागि रणनीति, श्रृङ्खलावद्धता, प्राथमिकता तथा बजेट आवश्यकताका साथै अनुगमन सूचक र स्तर निर्धारणको मापदण्डजस्ता पक्षहरुलाई समेट्दै सबैका लागि शिक्षा २००४-२००९ का लागि एउटा मुख्य दस्तावेज तयार गर्ने बारे पनि सुझाव दिएका थिए। यी पक्षहरुमा उपयुक्त सुझावका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले विज्ञहरुको विषयगत समूहहरु गठन गरी छलफल गराई आवश्यक परिमार्जन गराएको थियो।

यो दस्तावेज श्री ५ को सरकारको सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रमलाई योगदान पुर्‍याउन इच्छुक सबै विकास साझेदारहरु सहमत हुन सकून् भन्ने उद्देश्यले तैयार पारिएको आधारभूत कार्यक्रम सम्बन्धि दस्तावेज हो। कार्यक्रम कार्यान्वयनका सबै योजनाहरु यसै मुख्य दस्तावेजमा आधारित हुनेछन्। नेपालमा आधारभूत तथा प्राथमिक शिक्षा .१-५ तह॰ का लागि आर्थिक तथा प्राविधिक सहायता प्रदान गर्ने निकायहरुका लागि आवश्यक पर्ने छुट्टै कागजपत्रहरु पनि यसै मुख्य दस्तावेजमा आधारित हुनेछन्। यसबाहेक यस

www.moe.gov.np

दस्तावेजले सबैका लागि शिक्षा २००४-२००९ को प्रगति लेखाजोखा गर्न सूचकहरु प्रदान गर्नुका साथै वार्षिक रणनीति कार्यान्वयन योजना(ASIP) र स्थिति प्रतिवेदन (Status Report)ले समेत आगामी समयमा कार्यक्रमको संयुक्त पुनरावलोकनका लागि मार्ग प्रसस्त गर्नेछ।

## *२.१. कार्यक्रमको पृष्ठभूमि*

सबैका लागि शिक्षा २००४-२००९ श्री ५ को सरकारले प्रतिबद्धता जाहेर गरिसकेको सबैका लागि शिक्षा विषयक १५ वर्षे राष्ट्रिय कार्ययोजना(National Plan of Action for EFA 2004-2015) मा आधारित पञ्च वर्षीय रणनीतिक कार्यक्रम हो। यसका कार्यक्रम अवयवहरु (Program Component) डकार कार्य ढाँचा(Dakar Framework of Action for EFA)ले तय गरेका ६ वटा उद्देश्यमा आधारि रहेकाछन्।

- बाल विकासको विस्तार तथा सुधार
- सबै बालबालिकाहरुका लागि शिक्षाको सुनिश्चितता
- आदिवासी, अल्पसंख्यक भाषिक समुदाय लगायतका बालबालिकाहरुका सिकाइ आवश्यकताहरुको परिपूर्ति
- प्रौढ निरक्षरतामा कमी
- गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधार।

आधारभूत प्राथमिक शिक्षाका लागि आधारभूत प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण र विगतका परियोजनाहरुले आधारशीला प्रदान गरिसकेका हुनाले सबैका लागि शिक्षा २००४-२००९का भावी कार्यक्रम यसै आधारशीला र विगतमा प्राप्त गरेका ज्ञान र अनुभवमा आधारित हुनेछन्। आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणबाट सिक्नुपर्ने महत्वपूर्ण कुराहरुमध्ये उप-क्षेत्रको भावी सहयोग र कार्यक्रम लचिलो र समय अनुकुल हुनुपर्ने पनि एउटा हो। साथै विद्यालय, शिक्षक र स्थानीय संस्थाहरुका लागि निश्चित दृष्टिकोण हुनुपर्ने कुरालाई पनि आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले प्रष्ट पारेको छ। यसबाहेक जिल्लाहरुलाई छुट्ट्याइएको बजेटको आकारको परिवर्तन .१९९९-२००० मा ४४%बाट २००२-२००३ मा ८७%) बाट विकेन्द्रीकरणको क्षेत्रमा महत्वपूर्ण परिवर्तन भएको सङ्केत मिल्दछ। कार्यक्रम सूचकहरुले इङ्गित गरेको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको योगदान तथा कमी कमजोरीका साथै उक्त कार्यक्रमको दोस्रो चरणका अवधिमा निर्मित केन्द्रीय तथा जिल्ला तहका संस्थाहरुको क्षमतालाई पनि सबैका लागि शिक्षा २००४-२००९ को योजना तर्जुमा गर्ने क्रममा विचार पुऱ्याइएको छ। साथै सबैका

www.moe.gov.np

लागि शिक्षा २००४-२००९ लाई मध्यम आवधिक व्यय खाका, दशौं योजना वा गरिबी न्यूनीकरण रणनीति पत्र र सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २०१५ ले मार्ग निर्देशन गर्दछन्।

## २.२ कार्यक्रमको औचित्य

विगत दशकमा आधारभूत तथा प्राथमिक शिक्षा उप-क्षेत्रले श्री ५ को सरकार र दातृ समुदायबाट यथेष्ट मात्रामा ध्यान तथा सहयोग प्राप्त गरेको हो। १९९८ को ६९% र २००१ को ८१%बीचको खूद भर्ना दरलाई तुलनात्मक रुपले हेर्ने हो भने प्राथमिक शिक्षाको पहुँचमा महत्वपूर्ण प्रगति भएको प्रष्ट सङ्केत मिल्दछ। यसरी नै चक्र समापन दरमा पनि १९९८ को ४२% बाट २००१ मा ६०% पुगी सुधार आएको देखिन्छ भने कक्षा १ मा छोड्ने दरमा पनि १९९८मा १९.२% बाट २००१ मा १३.९% भै कमी आएको देखिन्छ। यतिका उपलब्धि हुँदाहुदै पनि सुधार गर्नु पर्ने ठाउँ अझै पनि बाँकी छन् र आधारभूत तथा प्राथमिक शिक्षा अन्तर्गत यस्ता थुप्रै पक्षहरु छन् जसका लागि तिनीहरुमै केन्द्रित, लक्षित कार्यक्रम र नीतिहरुसहितको बढी संगठित र सबल प्रयासको खाँचो छ। उदाहरणका लागि अझै पनि विद्यालय जाने उमेरका बालबालिकहरुमध्ये १९% प्राथमिक विद्यालय नजाने छन् भने प्राथमिक तहमा ८५% शिक्षकले पूरा तालिम लिन बाँकी नै छ। कक्षा १ मा पढाइ दोहोऱ्याउनेको दर अझै ३८.७% र कक्षा ५ मा कायम रहने दर केवल ६५.८% मात्र छ भने ३४.६% (२००१ को तथ्याङ्क अनुसार) को महिलासहितको प्रौढ साक्षरता दर केवल ४८% मात्र छ र बाल विकासको कुल वास्तविक भर्ना दर १२.८% मात्र देखिन्छ।

प्राथमिक शिक्षा सबै बालबालिकाहरुका लागि पहुँचयोग्य बनाउन र शिक्षाको गुणस्तरमा सुधार ल्याउन अझै थुपै गर्न बाँकी रहेको कुरा यहाँ दोहोऱ्याईराख्न आवश्यक छैन। अझ भन्ने हो भने नेपालले प्रत्येक बालकलाई शिक्षा प्राप्त गर्ने अधिकार हुन्छ भन्ने राष्ट्र संघको बाल अधिकारसम्बन्धि सम्झौता १९८९ लाई अनुमोदन गरी यसमा हस्ताक्षर समेत गरेको छ। यसबाहेक नेपालले आगामी २०१५ सम्ममा सबैका लागि शिक्षाका लक्ष्यपरिपूर्तिका लागि प्रतिवद्धता पनि जाहेर गरेको सन्दर्भमा यी प्रतिवद्धताहरुलाई मूर्तरुप दिन श्री ५ को सरकारका लागि आधारभूत तथा प्राथमिक शिक्षाका कार्यक्रमहरुले निर्णायक रणनीतिको भूमिका निर्वाह गर्न सक्दछन्। उक्त सरकारी प्रतिवद्धतालाई मूर्तरुप दिन आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले निर्णायक रर्णनीतिको भूमिका निर्वाह गर्नसक्छन्।

www.moe.gov.np

## *२.३ लक्षित नतिजा*

२.३.१ २०१५ मा एउटा बालक

२०१५ सम्ममा एउटा बालक सिक्नका लागि जिज्ञासु हुनका साथै विश्वव्यापी सन्दर्भमा अन्य बालकहरु सरहको ज्ञानले सुसज्जित हुनेछ।

कानूनमा व्यवस्था भएअनुसार हरेक बालकलाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ। नेपालमा ६-१० वर्ष समूहका हरेक बालकका लागि लिङ्ग, जातजाति, धर्म, अपाङ्गता र भौगोलिक स्थितिलाई आधार नमानी निःशुल्क तथा अनिवार्य गुणस्तरीय आधारभूत तथा प्राथमिक शिक्षामा पहुँच तथा सो पूरा गर्न पाउने व्यावस्था छ।

कक्षा १ मा भर्ना हुने धेरैजसो बालबालिकहरु बाल बिकासका अनुभव लिएर आएका हुन्छन्। कक्षा १ मा भर्ना भएका २/३ बालबालिकहरुले प्राथमिक तह ५ वर्षमा पूरा गर्छन्।

सबै बालबालिकहरु सम्बन्धित पाठ्यक्रमले निर्दिष्ट गरेका व्यक्ति तथा राष्ट्रको आवश्यकता परिपूर्ति गर्ने जीवन यापनका सीपसहितका विषय वस्तुहरुको माध्यमबाट प्रजातान्त्रिक नागरिक बन्ने कुरा सिक्छन्। बालबालिकहरुको प्रगतिको स्तर तथा दर .अर्थात् गुणात्मक तथा संख्यात्मक प्रगति को मुख्य आधार नै विद्यालयमा आधारित सूचना तथा तथ्याङ्क हुने गर्दछन्। कक्षा १ र २ का सबै विद्यार्थिहरु कक्षा चढ्ने हुँदा कुनै पनि बालकले ती कक्षा दोहोर्‍याउने कुनै साथी पाउँदैन।

www.moe.gov.np

## *२.३.२. २०१५ मा एउटा विद्यालय*

सुचारुरुपमा सञ्चालन भएका विद्यालयहरुले बालबालिकाहरुको सिकाइ र विकासका लागि सुरक्षित, प्रेरणादायी र चुनौतिपूर्ण वातावरण प्रदान गर्दछन्। विद्यालयहरु बालिका, अपाङग बालबालिका र सुविधाविमुख समूहका बालबालिका सबैका लागि उत्तिकै सुरक्षित र सहयोगी हुन्छन्। ती सबै आफ्ना बालबालिकाहरुमा आपसी, समझदारी, सहयोग र अरुको भावना र मूल्यप्रति आदरभाव विकास गर्न तल्लीन हुन्छन्।

सिकाइका सामग्री, प्रयोगशाला, पुस्तकालय र कम्प्युटरका सुविधाले विद्यार्थीहरुका नवीनताको खोजी गर्ने सिर्जनात्मक तथा जिज्ञासु मास्तिष्कहरुलाई प्रोत्साहित गरिरहेका हुन्छन्। खुला र फराकिलो खेलकूद मैदानका साथै पर्याप्त खेलकूद सामग्रीहरुले बालबालिका तथा आमाबाबुहरुलाई आकर्षित गरिरहेका हुन्छन्। विद्यालयको बाल-मैत्री

वातावरणले सधैं बालबालिका र शिक्षकहरुलाई पूर्ण सहभागिता र नियमितताका लागि प्रेरकको रुपमा काम गरिरहेका हुन्छन्। शिक्षक र विद्यार्थी विरलै मात्र अनुपस्थिति रहने गर्छन्।

सार्वजनिक तथा निजी दुवै विद्यालयहरुले दक्ष तथा गुणस्तरीय शिक्षा प्रदान गर्दछन्। एक अर्काको परिपूरकको रुपमा काम गर्ने यी दुई थरीका विद्यालयले दिने शिक्षामा कुनै भिन्नता हुँदैन।
विद्यालयहरु समाजमा सँगसँगै बस्ने विभिन्न सांस्कृतिक समूहहरुलाई सहिष्णुता, शान्ति र सह-अस्तित्वको अभिवृद्धि मार्फत् एकीकृत गर्ने केन्द्रहरु हुनेछन्। विद्यालयमा आयोजना हुने सांस्कृतिक गतिविधिहरुले समुदायमा विद्यमान सांस्कृतिक विविधताप्रति पारस्परिक आदरभाव सिर्जना गराउने विभिन्न समूहहरुका सांस्कृतिक मूल्य, मान्यता र चलनलाई प्रतिनिधित्व गर्नेछन्।

कार्यसम्पदानको दृष्टिले विद्यालयहरु स्वायत्त संस्था हुनेछन् र आफ्ना परिकल्पनाहरुलाई साकार रुप दिन उनीहरुलाई आफ्ना आन्तरिक श्रोत साधनको सदुपयोग गर्ने अधिकार हुनेछ। विद्यालयहरु कार्यकुशलताका लागि आफैं उत्तरदायी हुनेछन् र लक्षित परिणाम र त्यसको कमी पनि उनीहरुकै जिम्माको विषय हुनेछ। विद्यालयहरुले शिक्षण-सिकाइ प्रकृयामा सहकार्यलाई सुरक्षित गर्न विद्यालयप्रतिको सामुदायिक स्वामित्व भावलाई सबल गराउन र आमाबाबु तथा सरोकारवालाहरुका आकांक्षा तथा चाहनाहरुलाई विद्यालयहरुले सक्दो मात्रामा पूरा गर्ने कुरा सुनिश्चित गर्न आमाबाबु तथा सामुदायिक सरोकारवालाहरुसँग नियमित रुपमा अन्तरक्रियाको आयोजना गर्नेछन्। सामुदायिक सरोकारवालाहरुका बैठकहरु विद्यालयले सामना गर्ने समस्याको निरुपण गर्नका लागि मात्र बोलाउने छैनन्, बालश्रमिक, सडक बालबालिका, बालिका र कठिन परिस्थितिमा रहेका बालबालिका, अपाङ्ग बालबालिकहरुलाई समेत समेट्ने सबै थरिका बालबालिकाहरुको आवश्यकता अनुकूलको विद्यालयलाई वृहत उत्कृष्ट शिक्षाको थलोको रुपमा विकास गर्ने नयाँ दृष्टिकोण र योजना जन्माउने कुराहरुमा पनि यस्ता बैठकहरु केन्द्रित हुनेछन्। यी बैठकहरुले आफ्नो विद्यालयका लागि समुदायले राखेको दृष्टिकोणलाई छर्लङ्ग्याउने छन्। यस्ता दृष्टिकोणले विद्यालय सुधार कार्यक्रमका लागि बलियो आधार प्रदान गर्दछन्।

### ***२.३.३ २०१५ मा एउटा कक्षाकोठा***

कक्षाकोठा विद्यालयको क्षमताको पूर्ण विकास सुनिश्चित गर्न उनीहरुका सिकाइ आवश्यकताहरुको परिपूर्ति गर्न तैयार पारिएको उत्प्रेरणा जगाउने वातावरण हो। यसले

विद्यार्थीहरु विभिन्न तरिकाले विभिन्न गतिमा सिक्छन् र उनीहरुले गर्ने प्रगतिको स्तर पनि विभिन्न प्रकारको हुन्छ भन्ने कुरालाई मान्यता दिन्छ। यो शिक्षक र विद्यार्थीबीच र विद्यार्थी विद्यार्थीबीच पारस्परिक आदरभाव हुने एउटा मायालु वातावारण हुनेछ। यसले प्रत्येक विद्यार्थीलाई उनीहरुका चाहना अनुरुप खुसी, र सुरक्षाको अनुभूति दिलाउने छ।

कक्षाकोठा फराकिलो .कम्तीमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर॰ सफा, पर्याप्त मात्रामा उज्यालो र हावा छिर्ने, आवश्यक सामग्रीहरुले सुसज्जित हुन्छ। विभिन्न परिस्थितिमा आवश्यकतानुसार उपयोग गर्न सक्ने गरी फर्निचरको व्यवस्था मिलाइएको हुन्छ।
शिक्षण-सिकाइ अङ्गकारुपमा शिक्षक र विद्यार्थी दुवैले प्रयोग गर्ने खालका विभिन्न शैक्षिक सामग्री मिलाएर राखिएका हुन्छन्। कक्षाकोठामा पाठ्य तथा सन्दर्भ सामग्रीहरु हुन्छन् जसलाई शिक्षक तथा विद्यार्थी दुवैले आफ्ना पाठका सन्दर्भमा र अन्य अनौपचारिक वा फुर्सदको समयमा उपयोग गर्छन्। कक्षाकोठाको केही भाग गणितको अभ्यास तथा वाचन जस्ता क्रियाकलापका लागि दिन सकिनेछ। सबै विद्यार्थीहरुका कामको नमुना देखिने गरी प्रर्दशनका लागि राखिनेछन् र समय समयमा यिनीहरुलाई अद्यावधिक गरिनेछ।

पाठ्यक्रम तथा शैक्षिक सामग्रीको निर्माण विभिन्न शिक्षण-सिकाइ विधिहरुद्वारा सकृय र बालकेन्द्रित शिक्षा दिने हिसाबले गरिएको हुन्छ। शिक्षकले हरेक विद्यार्थीको सबल र कमजोड पक्ष पहिचान गरी आफ्नो शिक्षण विधिलाई प्रत्येक विद्यार्थीको आवश्यकता अनुकूल समायोजन गरी प्रत्येक विद्यार्थीको सिकाइको गुणस्तरमा सुधार ल्याउने गरी औपचारिक तथा अनौपचारिक विधी प्रयोग गरी शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्नेछन्। समस्या समाधानको अनुभवका साथसाथै जीवन यापन सीपको विकासलाई एउटा मूल तत्वको रुपमा लिन सकिन्छ। विद्यार्थीहरुको अधिकांश सिकाइ सानो र लचिलो समूहमा व्यक्तिगतरुपमा सम्पन्न हुन्छ।

२.३.४ २०१५ मा एउटा शिक्षक

हरेक शिक्षक शैक्षिकरुपले समर्थ योग्य र सुप्रशिक्षित, पेशामा प्रतिबद्ध र बालबालिकाहरुका लागि प्रेरणादायी र चुनौतीपूर्ण वातावरण सिर्जना गर्न समर्पित हुनेछन्। उनीहरु विद्यार्थीको सिकाइ र पाठ्यक्रमका ज्ञान अभिवृद्धि गर्न नवीन विधिको प्रयोग र खोजी गरिरहन्छन्।

यसैगरी उनीहरु आफूले पढाउने विषयको ज्ञाता हुनेछन। नयाँ सूचना तथा सञ्चारसँग आफूलाई अद्यावधिक गर्दै जान्छन्। उनीहरु आफैं पुनर्विचार, चिन्तन, मनन गर्नसक्ने र

www.moe.gov.np

विद्यार्थीहरुका सिकाइ र अन्य आवश्यकता अनुरुप उपयुक्त व्यवहार गर्नसक्ने हुन्छन्, उनीहरु बालबालिकहरुमा विवेचनात्मक सोचाइको विकास सहज किसिमले गराउन र सोका लागि प्रेरित गर्नका साथै उनीहरुका रुचिका विषयका विभिन्न पक्षहरुलाई बुझाउन मद्दत गर्छन्। यसबाहेक उनीहरु केवल एकल कक्षा र बहुकक्षा दुवैको सञ्चालन र व्यवस्थापनका लागि मात्र सक्षम हुने हैनन् कि संरचित र खुला दुवै थरीका विधिको प्रयोगद्वारा व्यक्तिगत तथा समूह शिक्षण गर्न पनि उत्तिकै दक्ष हुन्छिन्।

शिक्षकलाई समकक्षी तथा शिक्षक संगठन, साथी, वरिष्ठ शिक्षकबाट र आन्तरिक रुपमा परामर्शदाता शिक्षक, व्यवसायी शिक्षक समूह, श्रोत व्यक्ति र विज्ञहरुबाट वाह्य तवरले प्रशस्त सहयोग मिल्छ। आफूसँग नजिकै रहेर विद्यालयमा बालबालिकाहरुको सिकाइमा सुधार ल्याउने काममा सहयोग गर्ने आफू बसेको समुदायले पनि शिक्षकलाई मद्दत गर्दछ।

### *२.३.४. २०१५ मा एउटा समुदाय/जिल्ला*

हरेक जिल्लाले गा.वि.स.हरुले तयार पारेको गाउँ शिक्षा योजनाहरुको आधारमा जिल्ला शिक्षा योजना तयार पार्दछ। यसैगरी गा.वि.स. योजनाहरु गा.वि.स. मातहतका प्रत्येक विद्यालयको विद्यालय सुधार कार्यक्रममा आधारित हुन्छन्। हरेक समुदाय स्थानीय तहबाट श्रेणिबद्ध रुपमा तर्जुमा गरिने योजनाहरुको सहभागितालाई संस्थागत रुप दिन विद्यालय सुधार कार्यक्रम, गाउँ शिक्षा योजना र जिल्ला शिक्षा योजनाहरुको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने कार्यमा सक्रिय रुपमा संलग्न हुनेछन्। जिल्ला शिक्षा समिति, गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिले विद्यालय सञ्चालन, विद्यालयको बजेट निर्माण र लेखापरीक्षण शिक्षकहरुको नियुक्ति, सरुवा, दरबन्दी मिलान, विद्यालयको लागि उपयुक्त वातावरणको सिर्जना, शैक्षिक समग्रीको आपूर्ति तथा पाठ्यक्रमको प्रयोगजस्ता कुरा सुनिश्चित गर्नेछन्। जिल्ला शिक्षा अधिकारीले श्रोत व्यक्ति, माध्यमिक शिक्षा विकास इकाइ र प्राथमिक शिक्षा प्रशिक्षण केन्द्रसँग मिलेर राष्ट्रिय नीतिको खाकाको परिधिभित्र रही समुदायका विशुद्ध प्रयाशहरुका लागि प्राविधिक सहायता उपलब्ध गराउने छन्।

विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति र जिल्ला शिक्षा समितिहरु गाउँ विकास समिति/नगरपालिक र जिल्ला विकास सामितिहरुसँग सौहार्द्रपूर्णतवरले काम गर्नेछन् र हालसम्म पनि विद्यालय नजाने बालबालिकाहरुका लागि विद्यालयको पहुँच, विद्यालय मै पढ्दै गर्नेहरुको गुणस्तरको सुनिश्चितताका लागि उत्तरदायी हुनेछन्।

www.moe.gov.np

जिल्ला/समुदायहरुद्वारा गरिने सबै प्रयाशहरु बालबालिकाहरुको सिकाइलाई मद्दत गर्ने शैक्षिक आधारशिला खडा गर्न निर्देशित हुनेछन्।

सामुदायिक सरोकारवालाहरु शिक्षामा आवद्ध विद्यालय व्यवस्थापन समिति, अभिभावक-शिक्षक संघ, समुदायमा आधारित संघसंस्थाहरु तथा गैरसरकारी संघसंस्थाहरुको माध्यमबाट कार्यक्रमलाई प्रेरणा र गति दिने शक्ति हुनेछन्।

## *२.४ सबैका लागि शिक्षा २००४-२००९ का मुख्य उद्देश्यहरु*

सबैका लागि शिक्षा २००४-२००९ को मुख्य उद्देश्य २०१५को परिकल्पनालाई साकार पार्ने काममा प्रगति गर्न र सबैका लागि शिक्षामा निर्दिष्ट गरिएका लक्ष्यप्राप्त गर्नु हो। उदाहरणका लागि सबैका लागि शिक्षाको २०१५ सम्ममा सतप्रतिशत वास्तविक भर्ना दरको लक्ष्यपूरा गर्ने क्रममा यस कार्यक्रकले २००९ सम्ममा ९६% वास्तविक भर्ना दर गर्ने लक्ष्यराखेको छ।

२०१५ को लक्ष्यर २००९ को अन्तरिम लक्ष्यको पूरै सूची तालिका १ मा प्रस्तुत गरिएको छ।

www.moe.gov.np

तालिका १: कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

| क्र.स. | सूचक | २००१ | २००८/०९ | २०१५ |
|---|---|---|---|---|
| १. | बाल विकास/पूर्व विद्यालय | १३ | ५१ | ८० |
| २. | बाल विकास सहित कक्षा १ मा भर्ना हुनेहरुको प्रतिशत | ०८ | ६० | ८० |
| ३. | कक्षा १ मा कुल आगमन दर | १४१ | ११० | १०२ |
| ४. | कक्षा १ मा खूद आगम दर | ५३.७क | ९५ | ९८ |
| ५. | कूल भर्ना दर | १२३ | १०४ | १०५ |
| ६. | खूद भर्ना दर | ८१ | ९६ | १०० |
| ७. | प्राथमिक शिक्षाका लागि निर्देशित कुल राष्ट्रिय उत्पादनको प्रतिशत | १.७ख | २.३ | २.५ |

यी लक्षहरु सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००३) बाट लिइएका हुन्।सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सम्पन्न भइसके पछि छुट्टै शुरु गरिएको विश्लेषणात्मक कार्यको परिणामस्वरुप २००९ र २०१५का लक्ष्यहरुमा सानातिना कुराहरुमा एकरुपता नदेखिएको हो।

| क्र.स. | सूचक | २००१ | २००८/०९ | २०१५ |
|---|---|---|---|---|
| ८. | प्राथमिक शिक्षाका लागि निर्देशित कुल शिक्षाको बजेटको प्रतिशत | ५५.६ख | ६० | ६५ |
| ९. | आवश्यक योग्यता र तालिम प्राप्त शिक्षकको प्रतिशत | १५ | ९९ | १०० |
| १०. | आवश्यक प्रमाणपत्र सहितका शिक्षकहरुको प्रतिशत | | ९९ | १०० |
| ११. | विद्यार्थी शिक्षक अनुपात | ३९ | ३७ | ३० |
| १२. | दोहोर्‍याउने दरः | | | |
| १२.१ | कक्षा १ | ३९ | १० | १० |
| १२.२ | कक्षा ५ | ९ | ३ | ८ |
| १३. | कक्षा १ देखि ५ सम्म पुग्नेहरुको दर | ६६ | ८५ | ९० |
| १४. | कार्यदक्षताको गुणा | ६० | ८३ | ८० |
| १५. | कक्षा ५ सिकाइ उपलब्धिको प्रतिशत | ४० | ६० | ८० |
| १६. | साक्षरता दर | | | |
| १६.१ | उमेर समूह १५-२४ | ७०ग | ८२ | ९५ |
| १६.२ | उमेर समूह ६+वर्ष | ५४ग | ७६ | ९० |
| १७. | प्रौढ साक्षरता .१५+वर्ष॰ | ४८ग | ६६ | ७५ |
| १८. | साक्षरता लैङ्गिक समानता सूचक .१५+ वर्ष॰ | ०.६ | ०.९ | १.० |

कः १९९७, खः १९९९, गः २००१ को जनगणनाबाट

उपरोक्त लक्ष्यहरु पूरा गर्ने सबैका लागि शिक्षा २००४-२००९का तीनवटा उद्देश्य यसप्रकारका छन् ः

१॰ प्राथमिक शिक्षामा पहुँच र समन्याय सुनिश्चित गर्ने

२॰ प्राथमिक शिक्षाको गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्ने

३॰ सबै तहमा विद्यालय र संस्थाहरुको कार्यदक्षता र संस्थागत क्षमताको विकास गर्ने।

शिक्षा प्रत्येक बालकको अधिकार भएको सन्दर्भमा सबैका लागि शिक्षा २००४-२००९ले वास्तविक भर्ना दर ८१%लाई वृद्धि गरेर ९०% पुर्‍याउने उद्देश्य लिएको छ। अर्को शब्दमा कार्यक्रम हाल विद्यालयमा भर्ना नभएका विद्यालय उमेर समूहका बालबालिकलाई

www.moe.gov.np

विद्यालयको पहुँच र विद्यालयमा नियमितरुपमा अध्ययनरत बालबालिकहरुलाई थमौती सुनिश्चित गर्नप्रति लक्षित रहने छ। त्यसैले अपाङ्गता, धर्म, गरिवी, जातजातियता, क्षेत्रीय तथा भाषिक पृष्ठभूमिका आधारमा भेदभाव नगरी सबै बालबालिकाहरुलाई प्राथमिक शिक्षा पहुँचयोग्य बनाउन विभिन्न उपायहरुमा जोड दिइनेछ।

सबैका लागि शिक्षा २००४-२००९ को दोस्रो उद्देश्य बालबालिका र समुदायको आवश्यकता अनुकुल र सान्दर्भिक बनाउने हिसावले प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु रहेको छ। त्यसैले गुणस्तरीय शिक्षा तथा बाल विकास कार्यक्रम, शिक्षक, तालिम, प्रेरणादायी सिक्ने वातावरण, उत्प्रेरित गर्ने शैक्षिक सामग्री, विद्यालय सञ्चालन हुने वास्तविक दिन र समय .घण्टा॰मा वृद्धि, स्थानीय आवश्यकता र परिस्थिति अनुकुलको पठ्यक्रम निर्माण गर्ने न्यूनतम राष्ट्रिय मापदण्ड र आर्थिक सीमाको निर्धारण गर्न जोड दिइनेछ।

सबैका लागि शिक्षा २००४-२००९ को तेस्रो उद्देश्य कार्यदक्षता तथा संस्थागत क्षमताको सुधार गर्नु हो। यो उद्देश्य प्राप्तिका लागि गरिने प्रयाशहरुमा शिक्षक तथा शिक्षा सेवामा संलग्न कर्मचारीहरुको कार्य क्षमता विकास गर्न मानव संसाधन विकास योजना लागू र कार्यान्वयन गर्ने, सबै तहका शिक्षा सुधारका योजना तथा कार्यान्वयनका गतिविधिहरुमा सरोकारवाला तथा नागरिक समाजको बढी सहभागिता जुटाउने तथा पारदर्शिता, जिम्मेवारी तथा समन्यायमा जोड दिंदै प्रशासनमा सुधार ल्याउनेजस्ता कुराहरु पर्दछन्।

www.moe.gov.np

# ३. सन्दर्भ

### *३.१. समाजिक-आर्थिक सन्दर्भ*

कुल गार्हस्थ उत्पादनको ४०% को स्रोत र झण्डै ८०% जनसंख्याको जीवन यापनको आधार कृषि नै भएको नेपाल एक कृषि प्रधान देश हो। नेपालको प्रतिव्यक्ति आय प्रतिवर्ष २४० अमेरिकी डलर छ र कुल जनसंख्याको ४२% भाग गरिबीमा गुजारा गरिरहेको अनुमान गरिएको छ। मानव सूचकले देखाएअनुसार जनसंख्याको अधिकांश भाग गाउँमा बस्ने भएकाले नेपालको सम्पूर्ण ग्रामिण समुदाय विशेष गरी मध्य-पश्चिम र सुदुर-पश्चिम क्षेत्रहरुमा गरिबी एउटा सामान्य करा जस्तो भएको छ।

अन्य क्षेत्रहरुको तुलानामा उच्च जनसंख्या वृद्धि दर, मन्द गतिको आर्थिक वृद्धि, अपर्याप्त सामाजिक तथा आर्थिक पूर्वाधार नै यहाँको गरिबीका कारक तत्व हुन्। अर्को प्रमुख तत्वमा लैङ्गिक भेदभाव पर्दछ। यसबाहेक तल्लो जात जाति र जनजातीय समूहहरुले अन्य बाँकी रहेका जनसंख्याको तुलनामा आय-गरिबीको अत्याधिक अनुभव गरिरहेका छन् भने मानवीय विकासको सूचकमा पनि तल रहेका छन्।

अन्तर्राष्ट्रिय स्तरमा प्रतिदिन १ डलर भन्दा कममा जीवन धान्ने जस्तो उपभोग र खर्चको मापदण्डका आधारमा "आय गरिबी" को मापन हुन्छ। नेपालमा गरिबीको विविधता, जटिलता र गरिबी न्यूनीकरणमा आमूल सुधारको आवश्यकतालाई दृष्टिगत गर्दा आय गरिबीभन्दा एउटा व्यापक खालको गरिबीको परिभाषा प्रयोगमा आउन जरुरी देखिन्छ। आर्थिक सहयोग तथा विकास संगठन विकास सहायता समितिमा मार्ग निर्देशकले गरिबी न्यूनीकरण दीगो र प्रभावकारी ढंगले हासिल गर्नका लागि ध्यान दिनुपर्ने निम्न ५ वटा क्षमतालाई पहिचान गरेको छ।

- मानवीय क्षमता .शिक्षा, स्वास्थ तथा पोषण।
- आर्थिक क्षमता .उपभोग, आय, जेथा।
- राजनीतिक क्षमता .अधिकार, प्रभाव, स्वतन्त्रता।
- समाजिक-सांस्कृतिक क्षमता .स्थिति, मान, प्रतिष्ठा।
- सुरक्षात्मक क्षमता .सुरुक्षा, वातावरण।

हाल नेपालमा कुलजनसंख्यामध्ये ४०% भन्दा बढीमा यी पाँचैवटा क्षमताको अभाव छ। जनसंख्याको एउटा सानो हिस्सामा मात्र यी सबै खाले क्षमताहरु पाइन्छन्। निकट भविष्यमै यो स्थितिमा सुधार आइहाल्ने हाल कुनै संङ्केत देखा परेका छैनन्।

www.moe.gov.np

### ३.२ राजनीतिक सन्दर्भ

१९९०को प्रजातन्त्रको पुनर्स्थापनाले नेपालमा थुपै परिवर्तनहरु ल्यायो। जनताले पञ्चायती शासनकालमा नपाएको स्वतन्त्रताको अनुभव गर्न पाए। प्रजातन्त्र र यसको उपजको रुपमा सिर्जना भएको राजनीतिक वातावरणको परिणामस्वरुप जनचेतना तथा जनभावना अभिव्यक्तिको स्तरमा उल्लेखनीय वृद्धि भयो। जनताले असमानता र अन्यायविरुद्ध आवाज निकाल्न शुरु गरे। जिम्मेवारी र पारदर्शीता सम्बन्धी सवालहरु आम सञ्चारका साधनहरुका लागि समान्य कुराहरु बने, यसको उल्लेखनीय विस्तारको फलस्वरुप सर्वसाधारणलाई सबै विषयहरु-राष्ट्रिय राजनीति, विकासका कार्यक्रमहरुदेखि लिएर सांस्कृतिक प्रचलनसम्मका विषयमा सुसूचित हुने अवसर मिल्यो।

१९९० देखि राज्यले पूरा गर्नुपर्ने दायित्वको रुपमा रहेको मौलिक मानव आधिकारको रुपमा रहेको आधारभूत शिक्षाको अवधारणाले गति लियो। फलस्वरुप, सरकारका आठौं, नवौं र दशौं योजनाहरुले आधारभूत तथा प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउन उच्च प्राथमिकता दिए।

प्रजातन्त्रको प्रादुर्भावकै कारणले गर्दा नेपाललाई विश्वसमुदायसँग विकास, शिक्षा र समन्याय जस्ता विषयहरुमा सँगसँगै मिलेर काम गर्न सम्भव भएको हो। उदाहरणका लागि नेपालले १९९० मा जोमटियनमा सम्पन्न सबैका लागि शिक्षा विश्व सम्मेलन, १९९५ मा बेइजिङमा सम्मपन्न चौथो विश्व महिला सम्मेलन र २००० मा डकारमा सम्पन्न विश्व शिक्षा सभामा सक्रियताकासाथ भाग लियो। नेपालले यी र अन्य यस्तै अन्तर्राष्ट्रिय सभा सम्मेलनमा व्यक्त गरेका प्रतिवद्धताहरुले साकार रुप लिन बाँकि नै भए तापनि शिक्षा क्षेत्रमा गरिने राष्ट्रिय विकासका प्रयाशहरुका लागि अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राविधिक तथा आर्थिक सहयोग जुटाउन नेपाल सफल भएको मान्नु पर्दछ। यसैको परिणामस्वरुप शैक्षिक सूचकहरुले देखाए अनुसार विगत एक दशकको अवधिमा थुपै सुधारहरु भएका देखिन्छन्।

तर विकासको गतिले जनताका आकांक्षाहरुलाई पूरा गर्न सकेको छैन। प्रशासनिक निकायहरुको क्षमता विकास गर्ने कार्य ज्यादै मन्द गतिको छ। गरिबमुखी कार्यक्रमहरुका लागि सरकारबाट चालिने कदम र गरिने विभिन्न प्रयाशहरुलाई गति दिन मुख्य माध्यमको रुपमा काम गर्ने प्रजातान्त्रिक संध/संस्थाहरु कमजोड भएकाले अपेक्षित उपलब्धि हाँसिल गर्न विकासका प्रयाशहरुले संघर्ष गरेका छन्। तैपनि असमता र गरिबी जस्ता समस्याहरुप्रति लक्षित भूमि सुधार जस्तो कार्यक्रमले देशको सामाजिक-आर्थिक विकासमा दुरगामी प्रभाव पार्ने आशा गरिएको छ यसैगरी हालै निजामती सेवा

नियमावलीमा गरिएका सुधारले प्रशासनका सबै तहहरुमा कार्यकुशलता, पारदर्शिता र सुशासन अभिवृद्धि हुनसक्ने देखिन्छ। स्थानीय स्वयत्त शासन ऐन २०५५ र शिक्षा ऐन सातौं संशोधन २०५७ ले विद्यालय शिक्षा जस्ता जनसरोकारका सवालमा सरोकारवालाहरुलाई सक्रियरुपमा सहभागी हुनका लागि बाटाहरु खोलिदिएका छन्।

१९९६ देखि देशमा भड्केको हिंसा र त्यसले ल्याएको राजनीतिक संघर्षका कारण प्रजातान्त्रिक संस्थाहरुको क्षमता वृद्धि गर्ने प्रयाशहरु गम्भिररुपमा प्रभावित भएका छन्। लगातारको शान्ति सुरक्षाको विग्रंदो स्थितिको प्रत्यक्ष प्रभाव देश विकासका प्रयाशहरुमा परेको तथ्य १९९५।९६ को ६% को कुल गार्हस्थ उत्पादन सिधै झरेको २००१।०२को नकारात्मक वृद्धिले प्रष्ट पार्दछ। शान्ति सुरक्षाको स्थिति समाधान गर्ने प्रक्रिया अगाडि बढाउने क्रममा दीगो शान्ति तथा सुव्यवस्था भने शिक्षा लगायतका प्रमुख सेवाहरुको व्यवस्थामा भरपर्छ भन्ने कुरा विर्सन हुँदैन। यस प्रक्रियामा शिक्षाको निर्णायक भूमिका रहन्छ। सुसञ्चालित विद्यालयहरुले स्थानीय सरोकारप्रति चासो देखाउने मात्र होइनन् कि समुदाय तहमा मिलेर रहने प्रवृत्तिको विकास गर्न पनि यिनीहरुले मद्दत गर्छन। कतिपय ठाउँहरुमा द्वन्दपीडितहरुको विशेष आवश्यकताहरु परिपूर्ति गर्ने हिसावले शिक्षालाई तदनुकुल व्यवस्थित गर्नु पर्ने पनि हुन्छ।

### ३.३ जनसंख्या तथा अध्ययनः

२००१ को जनगणना अनुसार प्रतिवर्ष २.२४%का दरले वृद्धि हुने नेपालको जनसंख्या २ करोड ३१ लाख पुगेको छ। यसमध्ये २६% (६० लाख॰ औपचारिकरुपमा विद्यालय जाने उमेर समूह .६-१५ वर्ष॰ का र करिब ४३% १५ वर्ष मुनिका बालबालिकहरु पर्दछन्।

पहिचान गर्न नसकी बारम्बार छुटमा परेको समेत गरी जम्मा १०१ विभिन्न जातजाति र समूहहरु भएको तथ्याङ्कले देखाएको छ। कुल विभिन्न ९२ भाषा र अनेकौं भाषिकाहरु मातृभाषाका रुपमा दर्ता गरिएका छन्। नेपालको राष्ट्रभाषा नेपाली ४९% जनसंख्याका लागि मातृभाषा हुनुका साथै धेरै जसोका लागि दोस्रो भाषा पनि हो। यसरी जातिय तथा सांस्कृतिक विविधता नेपालको प्रमुख विशेषताको रुपमा देखिन्छ जसले विद्यालय शिक्षा र यसको सुधारमा चुनौतिपूर्ण समस्याहरु सिर्जना गर्दछ।

२००१ को तथ्याङ्कले ८६% जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने र त्यसमध्ये दुर्गम क्षेत्रमा बस्ने १४% भएको देखाउँछ। पुग्नलाई गाह्रो पर्ने कठीन भू-भाग, सडक तथा यातायात लगायतका संचार सुविधाहरुको कमीका आधारमा दुर्गम क्षेत्रको परिभाषा गरिएको छ।

आन्तरिक तथा वाहय बसाईं-सराई नेपालको इतिहाँसमा सामान्य घटना जस्तै भएको छ। हिमाली तथा पहाडी क्षेत्रबाट तराईमा, पश्चिमबाट पूर्वमा र ग्रामीण क्षेत्रबाट शहरि क्षेत्रमा

www.moe.gov.np

सर्नु आन्तरिक बसाइँ-सराइमा पर्दछन्। अझ, नेपालका ग्रामीण क्षेत्रबाट छिमेकी देश भारतमा मौसमी श्रमिक बसाइँ-सराई बारम्बार हुने गर्दछ। हालसालै रोजगारका लागि पूर्वी एशिया तथा मध्यपूर्वी देशहरुमा जाने क्रम बढ्दो मात्रा छ र त्यहाँबाट पठाइने पैसाले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण प्रभाव पार्ने देखिन्छ।

### ३.४ आधारभूत तथा प्राथमिक शिक्षा

विगत ५० वर्षको अवधिमा नेपालले शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगती गरेको छ। केवल समाजका विशेष सुविधा सम्पन्न वर्गमा मात्र सिमित रही शुरु भएको शिक्षा व्यवस्था हाल आएर सर्वसाधारणका लागि सुलभ भएको छ। विद्यालय पहुँचलाई सहज र सरल बनाउने क्रममा देशभरि नै प्राथमिक तथा माध्यमिक शिक्षाको संजालमा उल्लेखनीय वृद्धि भएको छ। हाल नेपालमा भएका २५,००० विद्यालयहरुमध्ये धेरै जसोले प्राथमिक तह .कक्षा १ देखि ५॰, सात हजारले निम्नमाध्यमिक तह .कक्षा ६ देखि ८॰ र चार हजारले माध्यमिक तह .कक्षा ९-१०॰को शिक्षा प्रदान गर्दछन्।

विद्यालय जाने उमेरका .६-१५ वर्ष॰ ६० लाख बालबालिकाहरुमध्ये ५३% प्राथमिक, २९% निम्नमाध्यमिक र केवल १८%मात्र माध्यमिक विद्यालयमा अध्ययन गर्न जाने पर्दछन्। २००१ को शैक्षिक तथ्याङ्क अनुसार प्राथमिक विद्यालय जाने उमेरका करीब १९% बालबालिकाहरु अहिले पनि विद्यालय गैरहेका छैनन्। क्षेत्रिय भिन्नताका आधारमा वास्तविक भर्ना दरको स्थितिलाई हेर्ने हो भने सबैभन्दा नराम्रो स्थिति तराईमा .केवल ७२% ) त्यसपछि पहाडमा .७७%) र हिमाली क्षेत्रमा .९०%) भएको पाइयो। यसबाट तराईक्षेत्रमा संलग्नताका कार्यक्रमहरु बढी आवश्यक भएको कुरा प्रष्ट हुन्छ। यसैगरी पाँच विकास क्षेत्रमध्ये सबभन्दा कम वास्तविक भर्ना दर हुनेमा मध्य पश्चिम .४८%) पर्दछ। लैङ्गिक भिन्नताको स्थितिलाई हेर्ने हो भने बालबालिकाहरुको वास्तविक भर्ना दर केवल ७५% छ भने सुविधाविमुखहरुको यो दर ५०% भन्दा कम छ। यी आँकडाहरुले के कुराको संकेत गर्दछ भने प्राथमिक शिक्षा सबै बालबालिकाहरुका लागि पँहुच योग्य बनाउन यी समूहहरुप्रति लक्षित विशेष कार्यक्रमहरु संचालन गर्न अति आवश्यक छ।

विद्यालय तथा विद्यार्थीहरुको क्षेत्रगत वितरणलाई हेर्दा तराई तथा मध्य-पश्चिम क्षेत्र अझै पनि पहुँचका हिसाबले बालबालिकहरुका लागि समस्याका रुपमा देखिएका क्षेत्र हुन्। पहाडी क्षेत्रले देशका आधाभन्दा बढी विद्यालय र आधाभन्दा थोरै मात्र कम विद्यार्थीहरु ओगटेको छ भने तराईमा यो स्थिति क्रमशः २८% र ४०% रहेको पाइन्छ। विद्यार्थीभन्दा विद्यालय बढी हुने यी क्षेत्रहरुको स्थितिलाई हेर्दा तराइमा भन्दा पहाडी तथा हिमाली क्षेत्रका विद्यालयहरुमा विद्यार्थीको चाप कम हुने कुरा प्रष्ट हुन्छ। विद्यालयको यस्तो

www.moe.gov.np

असमान किसिमको वितरणले पहाडी तथा हिमाली क्षेत्रका विद्यालयहरुमा साधन-श्रोतहरु कम मात्रामा उपयोग हुने स्थिति देखिन्छ भने गुणस्तरको दृष्टिले तराईका विद्यालयहरुको स्थिति संतोषजनक देखिदैन।

शिक्षाको गुणस्तर कम हुनुमा श्रोत तथा साधनहरुको न्यायोचित वितरणको अभाव, तालिम प्राप्त तथा उत्प्रेरित पर्याप्त शिक्षकहरुको कमीका साथै निम्नकोटीको सिक्ने वातावरणजस्ता कारणहरुको हात हुन्छ। शिक्षकहरुको तालिमका लागि थुप्रै प्रयाशहरु भए तापनि ९७ हजारमध्ये करीव १५% मात्र पूर्ण रुपमा तालिम प्राप्त छन् र यीमध्ये धेरैले आफूले तालिमबाट प्राप्त गरेको ज्ञान तथा सीपलाई कक्षाकोठाको प्रयोगमा ल्याइरहेका छैनन्। पुस्तकहरु निःशुल्क रुपमा वितरण गर्ने सरकारी नीति हुँदाहुँदै पनि बालबालिकाहरुलाई समयमै पुस्तक उपलब्ध हुन सकिरहेको छैन्। धेरै विद्यालयहरुमा खेलकूद मैदान, पुस्तकालय, पिउने पानी, शौचालय, कक्षाकोठा र फर्निचरजस्ता आधारभूत सुविधाहरुको अभावले गर्दा सार्वजानिक विद्यालयहरुको सिकाइको वातावरण प्रेराणदायी र बाल-मैत्री हुने कुराहरुबाट ज्यादै टाढा रहेका छन्। साथै विद्यालय र शिक्षकहरुको यो विषम खालको वितरणलाई हेर्ने हो भने धेरै विद्यालयहरुमा कक्षा कोठामा विद्यार्थीको बढी चाप र शिक्षकको अभाव स्थिति छ।

सामान्यता सार्वजनिक विद्यालयकहरुको स्थिति ज्यादै न्यून हुने भएकोले यीनीहरुको कार्यदक्षता पनि उच्च हुँदैन। अधिकांश नेपालीहरुले तिर्न नसक्ने चर्को शुःल्क लिई गुणस्तरयि शिक्षा दिने निजी विद्यालयहरु भने शहरी क्षेत्रमा सञ्चालित छन्। तर यथार्थमा भने निजी विद्यालयको यो उच्चस्तरको कार्यदक्षता र शिक्षाको समग्र गुणस्तरले देशमा सामाजिक वर्गहरुबीच फराकिलो खाडल सिर्जना गर्ने दुई भिन्नभिन्नै शैक्षिक धारहरु पैदा गरेको छ।

www.moe.gov.np

# ४. समस्या र चुनौतीहरु

नेपालमा आधारभूत शिक्षा निर्माणका लागि विशेष ध्यान दिनु पर्ने समस्या र चुनौतीहरु थुप्रै छन्। यी मध्ये प्रमुख समस्या र चुनौतीहरुको सार तल दिइएको छ : -

### *४.१ सशस्त्र जनयुद्ध तथा यसको प्रभावः*

देशमा व्याप्त आतङ्ककारी गतिविधिले शिक्षा क्षेत्र विभिन्न तवरले प्रभावित भएको छ। संघर्षका कारण विद्यालय सञ्चालनमा वाधा पुगेको छ , धेरै विद्यार्थी तथा शिक्षकहरु मारिएका छन्, अपहरण गरिएका छन् वा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै तवरले यातनाको शिकार बनाइएका छन्। यसैले यातना पीडितहरुको आवश्यकता पहिचान गरी उचित सहयोग मार्फत् बालबालिकहरुको शिक्षामा कुनै प्रकारको व्यवधान नहुने कुरा सुनिश्चित गर्न प्राथमिकता निर्धारण गर्न जरुरी छ। अझ महत्वपूर्ण कुरा त के हो भने विद्यालयकहरुलाई सुचारुरुपले सञ्चालन गर्नु, राजनीति र हिंसाबाट तिनीहरुलाई टाढा राख्नु र बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा दिनु हालका प्रमुख चुनौती हुन्।

### *४.२ केन्द्रीकृत शैक्षिक व्यवस्थापनः*

विकेन्द्रीकरण तर्फ लैजाने प्रयाशहरु भए तापनि अति केन्द्रिकृत शैक्षिक व्यवस्था कायमै छ। विकेन्द्रीकरणलाई सबैका लागि शिक्षा २००४-२००९ का लागि शैक्षिक योजना, व्यवस्थापन र कार्यान्वयन सबैलाई समेट्ने महत्वपूर्ण रणनीतिको रुपमा पहिचान गरिएको छ। तथापि विकेन्द्रीकरणको वैचारिक पक्षमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र सातौं शिक्षा संशोधन ऐन बीच केही असंगतिहरु भने पाइन्छन्। यसका साथै कार्यक्रम कार्यान्वयनलाई सहज बनाउन आवश्यक मार्ग निर्देशन निर्माण गर्न र विकेन्द्रीकरण बारे वैचारिक स्पष्टताका लागि अन्य प्रयाशहरुको खाँचो छ।

### *४.३ शैक्षिक सुविधाको वितरणः*

औसतरुपमा नेपाली घरपरिवार र विद्यालयहरुबीचको दुरी केवल ३० मिनेटको मात्र हुने अनुमान गरिएको भए तापनि देशको भू-धरातलीय विविधताले शिक्षाको पहुँच अलग्गिएर रहेको वस्ती र गाउँहरुमा पुऱ्याउन समस्या सिर्जना गरेको छ।

www.moe.gov.np

यसैले जुनसुकै स्थानमा जहाँका भए पनि शिक्षालाई सर्वसुलभ बनाउनका लागि आधारभूत शिक्षाको खाकाले भौगोलिक विविधतालाई निश्चितरुपले विचार पुऱ्याएको हुनुपर्छ।

### ४.४ मूलप्रवाहीकरण तथा सहभागिता

सबैको लागि शिक्षा २००४-२००९को दोहोरो उद्देश्य हाल विद्यालय जाने उमेरका विद्यालय नजाने बालबालिकाहरुको भर्ना र तह पुरा गर्नका लागि पहिले भर्ना भैसकेकाहरुलाई थमौती गर्नसँग सम्बन्धित छ। यसको अर्थ हाल विद्यालयको शिक्षा प्रणाली अन्तर्गत नभएकाहरुका लागि विद्यालय शिक्षामा उनीहरुको सहभागिता वृद्धि गर्न र सिकाइ वातावरणको सुधारका लागि उनीहरुलाई अभिप्रेरित तथा सहयोग गर्ने एउटा अन्तर्निर्मित संयन्त्र कार्यक्रमको अभिन्न अङ्गको रुपमा हुनपर्छ भन्ने हो। भर्ना नहुनेहरुमा अधिकांश बालिका दलित तथा अन्य सुविधाविमुख बालबालिकहरु नै हुने भएकाले तिनीहरुलाई विद्यालय पठाउने खालको रणनीतिले प्राथमिकता पाउन जरुरी छ।

www.moe.gov.np

### ४.५ लैङ्गिक समन्याय तथा समानता

२००५ सम्ममा प्राथमिक तथा माध्यमिक विद्यालय शिक्षामा लैङ्गिक भेदभाव निराकरण र २०१५ सम्ममा लैङ्गिक समानता सुनिश्चित गर्न सबैका लागि शिक्षाको लक्ष्यप्राप्तिका लागि सबै प्रकारका स्रोत र साधनको तीब्र परिचालन हुन जरुरी छ। यो उद्देश्य प्राप्तिका लागि सुरक्षित तथा बालिका-मैत्री वातावरण अपरिहार्य कुरा हो जसका लागि बालबालिकाहरुको सहभागितालाई प्रोत्साहित गर्न सबै विद्यालयका राम्ररी तालिम प्राप्त शिक्षकहरुको व्यवस्था, लैङ्गिक दृष्टिकोणले संवेदनशील पाठ्यक्रम, शैक्षिक सामग्री तथा अनुकुल भौतिक सुविधाहरुको आवश्यकता पर्दछ। यस्तो सिकाइ वातावरण सुनिश्चित गर्ने रणनीति शैक्षिक खाकाभित्रै निर्मित भएको हुनुपर्दछ।

### ४.६ विविध ग्राहक (लक्षित) समूहहरुको आवश्यकता अनुकुल हुने

आ-आफ्ना भाषा संस्कृतिक मूल्य र मान्यता अवलम्वन गर्दै सँगसँगै मिलेर बस्ने विविध साँस्कृतिक समूहहरुको सम्मिश्रण नेपालको जनसंख्याको विशेषता हो। यसै सम्मिश्रणले राष्ट्रको समृद्ध सांस्कृतिक सम्पदा निर्माणमा निरन्तर योगदान पुऱ्याइरहेको छ। त्यसैले नेपालको शिक्षा व्यवस्था जनजाति, आदिवासी, सुविधाविमुख तथा उपेक्षित, आदि सबै

समूहसँग सान्दर्भिक भै देशका विविध ग्राहक वर्गहरुको आवश्यकता र चाहनालाई समेट्ने खालका हुनुपर्दछ।

## ४.७ शिक्षाको गुणस्तर

गुणस्तर के हो भन्नेबारे स्पष्ट धारणाको अभाव छ। यसको परिभाषाका लागि हाल कुनै निश्चित मापदण्ड र आधारहरु छैनन्। गुणस्तर सुधारका लागि हालसम्म भएका प्रयाशहरु लगानीबाट प्रेरित भएकाले शिक्षाको गुणस्तरीय उत्पादन तथा उपलब्धिप्रति पर्याप्त ध्यान पुग्न सकिरहेको छैन। त्यसैले हालको चुनौती भनेको शिक्षाको गुणस्तरीयताको अवधारणात्मक स्पष्टता, सेवा प्रदान गर्ने सबै तहमा दरिला अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था र गुणस्तरीय शिक्षालाई परिभाषित गर्ने पूर्वावश्यकताका लागि आधार तथा मापदण्ड निर्धारण गर्नु हो।

www.moe.gov.np

## ४.८ दीगोपन सम्बन्धी सवाल

सबेका लागि शिक्षा २००४-२००९ मा हुने जे जति सुधार र भविष्यका कार्यक्रमहरु छन अन्ततः श्री ५ को सरकारले कुनै पनि बाहिरी सहयोग विना आफ्नै एउटा शैक्षिक व्यवस्था सिर्जना गर्न सकोस् भन्ने कुराबाट प्रेरित भएका छन्। तर विद्यालयमा सबै बालबालिकहरुको उपस्थिति नियमित गरेर, योग्य शिक्षकहरुको एउटा जमात .काडर॰ सिर्जना गरेर, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गरेर र स्थानीयतहमा एउटा जोशिलो, जाँगरिलो, संयमित र विवेकी व्यवस्थापनको स्थापना गरेपछि मात्र श्री ५ को सरकारले आफ्नो बजेटले यसलाई संचालन गर्न र धान्न सक्ने देखिन्छ। सबैका लागि शिक्षा २००४-२००९ले यी सबै मापदण्ड पूरा गर्ने दिशमा उल्लेखनीय प्रगति हासिल गर्ने अपेक्षा गरिएको छ तर आउँदा केही वर्ष सम्मका लागि भने शिक्षा क्षेत्रका लागि बाहिरी सहायताको जरुरत परिरहने छ।

## ४.९ सबै तहमा व्यवस्थापन तथा व्यावसायिक क्षमताको सुधारको आवश्यकता

हरेक तहमा विकेन्द्रिकृत संगठन र सरोकारवालाहरुको व्यवस्थापन क्षमताले शिक्षाका कार्यक्रमहरुको सफलतालाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ। शिक्षाको वर्तमान खाकाले कार्यक्रमहरुबाट इच्छाइएका प्रतिफल प्राप्त गर्नका लागि सबै तहमा योजना कार्यान्वयन, अनुगमन र आवश्यक समायोजनको उपायका लागि क्षमता विकासका संरचनाहरु दरिलो तवरले समावेश गरेको हुनुपर्छ हाल विद्यमान शैक्षिक व्यवस्थापनको संरचनामा सुधार

तथा काम गर्ने ठाउँको संस्कृतिमा परिवर्तन ल्याउनका लागि शिक्षा क्षेत्रका जुनसुकै कार्यक्रमले ध्यान दिनु पर्ने कुरा के हो भने यसलाई बढी दक्ष, कार्य सम्पादोन्मुख र उत्तरदायी बनाउनु एउटा प्रमुख चुनौती हो।

### *४.१० सम्बन्धित सबै निकाय/अङ्ग र क्षेत्रहरुबीच समन्वय*

कामको अनावश्यक दोहोराव र अस्वस्थ्य प्रतिस्पर्धाको स्थितिबाट टाढा रहन आधारभूत तथा प्राथमिक शिक्षाका लागि विभिन्न साझेदारहरु तथा निकाय/अङ्गहरुद्वारा भएका प्रयाशहरुको समन्वय हुन नितान्त जरुरी छ। बरु एक अर्कामा परिपूरक हुने कार्यक्रमहरुमा विशेष जोड दिनु आवश्यक छ। समन्वयको सिलसिला, श्रृखला कसरी निरुपण गर्ने भन्ने शिक्षाको वर्तमान खाका निर्माण गर्नेहरुका लागि एउटा मुख्य चुनोती हो।

www.moe.gov.np

# ५. शिक्षाका वर्तमान नीतिहरु

शिक्षाका लागि आफ्ना नीतिगत उद्देश्यहरुमा दशौं योजनाले राष्ट्रिय अर्थतन्त्रलाई टेवा दिने सामाजिक विकासको उत्थान र गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउनका लागि उच्चस्तरीय शिक्षाको विस्तार विकास र अन्तर्राष्ट्रिय स्तरमै प्रतिस्पर्धात्मक मानवीय श्रोत-साधन उत्पादन गर्न जोड दिएको छ। यसले सुविधाविमुख समुदाय र महिलाहरुको जीवनस्तर उकास्न मद्दत गर्ने ध्येयले साक्षरता, साक्षरोत्तर, आय-आर्जन तथा अनौपचारिक शिक्षा जस्ता कार्यक्रमहरुको कार्यान्वयनमा पनि जोड दिएकोछ। आधारभूत तथा प्राथमिक शिक्षासँग प्रत्यक्षरुपले सम्बन्धित दशौं शिक्षा योजनाले निर्दिष्ट गरेको नीति तथा नीतिगत उद्देश्यहरु निम्न अनुसार छन्ः

- विकेन्द्रीकरण सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐनको भावना अनुरुप शैक्षिक योजना र व्यवस्थापनको जिम्मेवारी स्थानीय निकाय र समुदायहरुलाई दिइनेछ।
- विद्यालय व्यवस्थापन समितिहरु विद्यालयको योजना र व्यवस्थापनका लागि जिम्मेवार हुनेछन्।
- शैक्षिक योजना र व्यवस्थापनमा आवश्यक नेतृत्व लिन स्थानीय अङ्ग/निकाय समुदाय र विद्यालय व्यवस्थापन समुदायको क्षमता अभिवृद्धि गरिने छ।
- सुव्यवस्थित विद्यालय नक्शाङ्कनका आधारमा मात्र नयाँ विद्यालयहरुलाई स्वीकृति प्रदान गरिनेछ।
- निः शुल्क प्राथमिक शिक्षालाई क्रमिकरुपमा अनिवार्य बनाउँदै लगिने छ र दलित, सुविधाविमुख, जनजातिय समूह, बालिका, अपाङ्ग बालबालिका, आर्थिकरुपले विपन्न बालबालिकाहरुका लागि छात्रवृतिको व्यवस्था गरिनेछ।
- पाठ्यक्रम लैङ्गिक संवेदनशीलतालाई दृष्टि पुऱ्याउने हुने छन र यिनमा प्राथमिक तहदेखि नै जीवन यापन सीप एकीकृत गरिनुका सार्थ नागरिक शिक्षामा विशेष जोड दिइनेछ।
- विद्यालय शिक्षा कक्षा १-१२ सम्मको हुनेछ र पाठ्यक्रम, परीक्षा र वित्तीय व्यवस्थापनमा सोहीअनुसार सुधार गरिनेछ।
- परीक्षण प्रयोगको नतिजाको आधारमा निरन्तर मूल्याङ्कन प्रणालीलाई ५ कक्षासम्म बढाएर लगिनेछ।
- अनौपचारिक शिक्षा केन्द्रबाट नीतिहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका साथै प्राविधिक सहयोग प्राप्त गर्ने साक्षरता कार्यक्रमहरुको कार्यान्वयनको जिम्मेवारी गैर-सरकारी संघसंस्था र स्थानीय निकायहरुलाई सुम्पिइनेछ।

www.moe.gov.np

- स्थानीय निकायहरु निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रको स्थापनाका लागि जिम्मेवार हुनेछन्।
- सबै तहको गुणस्तरीय शिक्षाका लागि मापदण्ड निर्धारण गरिनेछन र अनुगमन तथा मूल्याङ्कनका प्रभावकारी संयन्त्रहरु लागू गरिनेछन्।
- सबै तहमा शिक्षक अनुमतिपत्रका लागि प्रकृया निर्धारण गर्ने र सबै शिक्षकहरुसँग उक्त अनुमतिपत्र र आवश्यक न्यूनतम तालिम हुनुपर्ने कुरा सुनिश्चित गर्नका लागि कार्यान्वयन गर्ने।
- प्राथमिक तहदेखि कक्षा १२ .वा प्रवीणता प्रमाण पत्र तह॰ सम्मका शिक्षकहरुका लागि तालिमसहित आवश्यक न्यूनतम योग्यता बढाउनका लागि आवश्यक पूर्वाधारहरुको विकास गर्ने
- बालिका, दलित तथा सुविधाविमुख समुहहरुको गुणस्तरीय शिक्षामा पहुँच बढाउन विशेष कार्यक्रमहरुको तर्जुमा गर्ने।
- विभिन्न भाषिक सामुदायका बालबालिकाहरुको पहुँचमा वृद्धि ल्याउन मातृभाषामा शिक्षा दिने कार्यक्रमलाई प्रोत्साहित गर्ने।
- अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्था, सरकारी संगठन, नीजि क्षेत्रका उत्साही व्यक्ति र संघसंस्थाहरुको साझेदारीमा बाल विकास केन्द्र र पूर्व-प्राथमिक कक्षाहरु स्थापना गरिनेछन। यसका लागि स्थानीय समुदायलाई प्रोत्साहित गरिनेछ।
- विद्यालय तहमा सूचना तथा संचार प्रविधिको समावेश तथा प्रयोगमार्फत् शिक्षामा कम्प्यूटर साक्षरता र सुचना प्रविधिको प्रवर्द्धन गरिनेछ।
- अतिरिक्त श्रोत-साधन तथा विशेष ज्ञान, सीप जुटाउनका लागि नागरिक समाज तथा नीजि क्षेत्रसँगको बढ्दो साझेदारी आवश्यक हुनेछ।
- संस्थागत तथा शैक्षिक व्यवस्थापन सरल तथा सुदृढ बनाउनु पर्छ। यसमा नीजि संस्थाहरुलाई सञ्चालन गर्ने कुरा समावेश हुनुपर्छ।

www.moe.gov.np

दशौं योजनाले शिक्षामा जोड दिने कुरा भनेको दक्ष मानवीय श्रोत-साधनको उत्पादन मार्फत् आफू र गरिबी न्यूनीकरणबीचको सम्पर्क स्थापना हो। योजनाले स्थानीय स्वायत्त शासन ऐन अनुरुपको विकेन्द्रकरण शैक्षिक योजना र व्यवस्थापनको रणनीति हुनुपर्ने कुरा स्पष्टरुपमा उल्लेख गरेको छ। योजनाले शिक्षा ऐन सातौं संशोधन अनुसार विद्यालय व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुने भन्ने कुरा पनि स्पष्टरुपमा व्याख्या गरेकोछ।

स्थानीय स्वयत्तता ऐन शिक्षा ऐन दुवैले स्वमित्व, श्रोत-साधनको प्रभावकारी उपयोगमा स्थानीय नियन्त्रण र स्थानीय श्रोत परिचालनमाथि जोड दिंदै शिक्षामा समुदायको

संलग्नताको आवश्यकतालाई औंल्याएका छन। नेपालको गरिबी न्यूनीकरण रणनीति पत्र पनि मानिने दशौं योजनाले शिक्षाका नीतिहरुलाई अघि सार्नुका साथै विकेन्द्रीकरणलाई शिक्षाका कार्यक्रमहरुका लागि कार्यान्वयन रणनीतिको रुपमा औंल्याएको छ।

www.moe.gov.np

## ६. सबैका लागि शिक्षा २००४-२००९ को कार्यक्रम अवयव (अङ्ग) विवरण

यो कार्यक्रमका अवयव देहायका सबैका लागि शिक्षाका लक्ष्यहरुबाट लिइएका हुन् ः

- बाल विकास विस्तार
- सबै बालबालिकाहरुका लागि पहुँचको सुनिश्चितता
- आदिवासी र अल्पसंख्यक भाषिक समुदायहरु लगायतका सबै बालबालिकहरुको आवश्यकता परिपूर्ति
- प्रौढ निरक्षरतामा कमी
- लैङ्गिक भेदभाव निराकरण
- गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधार

यो अवयव .अङ्ग) विवरणले प्रत्येक अवयव अन्तर्गत विशिष्ट लघु-गतिविधिहरुमाभन्दा मुख्य गतिविधि र कार्यक्रमहरुमा जोड दिई कार्यक्रमको एउटा समग्र खाका प्रदान गर्न खोजेको छ। दाता निकायहरुलाई यस कार्यक्रमका लागि आर्थिक सहयोग जुटाउन छुट्टै सहयोग सम्बन्धी कागजातहरुको आवश्यकता परेका बखत सहयोग सम्बन्धी ती कागजातहरु यो मुख्य दस्तावेजको कार्यक्रम ढाँचा .खाका॰मा आधारित हुने ठानिएको छ।

### *६.१. बाल विकासको विस्तार :*

सबैका लागि शिक्षा २०१५का लागि डकार कार्यसम्पादन खाकामा उल्लेख भएको छ "विशेष गरी अति संवेदनशील तथा सुविधाविमुख बालबालिकाहरुको लागि वृहत् बाल विकास तथा शिक्षा विस्तार तथा सुधार एउटा नीतिगत उद्देश्य हुनुपर्छ।" शिक्षा तथा खेलकूद मन्त्रालयको सबैका लागि शिक्षा २००४-२००९ अन्तर्गत बाल विकास कार्यक्रमहरु विस्तार गर्ने यही सिद्धान्त अनुरुपको प्रयाश हो।

**वर्तमान परिस्थिति तथा सवालहरु**

हाल दुई भिन्नाभिन्नै बाल विकास कार्यक्रमअरु सञ्चालन भैरहेकाछन्। ती समुदायमा आधारित बाल विकास कार्यक्रम र विद्यालयमा आधारित पूर्व-प्राथमिक कक्षाहरु हुन्। दुवै कार्यक्रमहरु आधारभूत तथा प्राथमिक शिक्षाको आन्तरिक कार्यक्षमताको गतिलाई तीव्रता दिने साधनको रुपमा देखा पर्छन्। तिनीहरु बालबालिकाहरुको संवेगात्मक, बौद्धिक र शारीरिक विकास सन्तुलित ढंगले गर्नका लागि बडो सहयोगी ठानिन्छ। हाल धेरैजसो पूर्व प्राथमिक कक्षाहरु निम्न आय भएका परिवारहरुको पहुँचभन्दा बाहिरका नीजि

www.moe.gov.np

विद्यालयहरुबाट सञ्चालित छन्। शिक्षा विभाग/जिल्ला शिक्षा कार्यालयको प्राविधिक सहयोगमा सञ्चालित समुदायमा आधारित बाल विकास केन्द्रहरुको संख्या ५,७०० छ। यिनीहरुले ३-५ उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई समेट्न सक्ने ठान्न सकिदैन। सिराहा जिल्लामा बाल विकास कार्यक्रमहरुको प्रभाव सम्बन्धी हालसालै गरिएको अध्ययनले कक्षा चढ्ने, दोहोर्‍याउने र बीचैमा पढाइ छोड्ने कक्षा १मा भर्ना भएका बालबालिकाहरुको दर बाल विकास कार्यक्रमको अनुभवसहितकाको क्रमशः ८३.५, ५.५ र ११ र सो अनुभवविनाको ४१.७, ३६.७ र २१.६ भएको देखाएको छ।

यो नतिजाले बाल विकास कार्यक्रमहरु प्राथमिक शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि सहायकसिद्ध हुने देखिएकोले यस्ता कार्यक्रमहरुको विस्तार हुन आवश्यक छ। साथै आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरणले प्राथमिक शिक्षा परियोजना अन्तर्गतको बाल विकास कार्यक्रमहरुबारेका अध्ययनले गरिबीको चपेटामा परेका क्षेत्रहरुमा बाल विकास कार्यक्रमहरु लागू गर्न र विस्तार गर्न बढी उपयुक्त र आवश्यक भएको पनि देखाएको छ .गौतम २००२॰। यसैले मुख्य सवाल भनेको नै सबैभन्दा संवेदनशील र सुविधाविमुख उपेक्षित बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न बाल विकास केन्द्रहरुलाई विस्तार र सुदृढ गर्नु हो। गौतमको अध्ययनले सहजकर्ताहरुलाई पारिश्रमिक वापत छुट्ट्याइएको मासिक रु ५०० विशेष गरी यसको जोडा रकम चुक्ता नगर्ने समुदायहरुमा अपुग र अपर्याप्त भएको देखाउँछ। त्यसैले सामुदायिक परिचालन तथा अभिभावक शिक्षा बाल विकास कार्यक्रमका लागि अत्यावश्यक अंग हुनुपर्ने सुझाव दिइएको छ।

www.moe.gov.np

## सिद्धान्त तथा रणनीतिहरु

विद्यालयमा आधारित र समुदायमा आधारित- यी दुई प्रकारका बाल विकास कार्यक्रमहरुको शुरुवात र विस्तार सबैका लागि शिक्षा २००४-२००९ को अवधिमा हुनेछ। बाल विकास केन्द्रहरुको व्यवस्था र संचालन गर्ने जिम्मेवारी स्थानीय निकायहरुको हुनेछ भने पूर्व-प्राथमिक कक्षाहरुको जिम्मेवारी समुदायको व्यापक सहयोग र सहभागितामा विद्यालयहरुले बहन गर्नेछन्।
यद्यपि बाल विकास केन्द्रहरु समुदायमा र पूर्व-प्राथमिक विद्यालयहरु विद्यालयमा आधारित हुन्छन्, यी दुवै बालबालिकाहरुको पूर्ण विकास गर्ने साझा उद्देश्यबाट निर्देशित छन्। यिनीहरुको लक्ष्य बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गर्न मद्दत पुर्‍याउनु हुनेछ।

[2] बाल बचाऊ यूएसए र बाल बचाऊ नर्वे,२००३ पृष्ठ ३९

यी दुवै कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयन मूल्य भागेदारीको सिद्धान्तका आधारमा हुनेछ। विद्यालयहरुले सरोकारवालाहरुले पूर्व-विद्यालय कक्षाहरुको स्थानीय माग भएको महसुस गरेमा मूल्य भागीदारीका उपायहरु पहिचान गर्नुपर्नेछ। विद्यालय र समुदायमा आधारित संगठन/गैरसरकारी संघसंस्थाहरुबीचको साझेदारीलाई प्रोत्साहित गरिने छ। समुदायमा आधारित केन्द्रहरुको व्यवस्थापन संचालन खर्चका लागि श्रोत उपलब्ध गराउने अधिकार सहित स्थानीय सरोकारवालाहरुलाई सशक्तिकृत गराइनेछ।

माथि उल्लेखित सिद्धान्त र रणनीतिहरुबाट निर्देशित यस कार्यक्रमले निम्न गतिविधिहरुमा जोड दिनेछ।

- कार्यक्रमले बाल विकास र पूर्व-प्राथमिक कक्षाहरुका भर्ना प्राथमिक शिक्षा थमौति तथा सिकाइ उपलब्धिजस्ता गतिविधिहरुमा परेका प्रभावलाई सहयोग तथा मूल्याङ्कन गर्नेछ।
- बाल विकास केन्द्रहरु कार्यक्रम सहायता सहित सबभन्दा संवेदनशील र सुविधाहरु भएका क्षेत्रहरुमा स्थापित हुनेछन्। यसैले सबैका लागि शिक्षा २००४-२००९ ले राष्ट्रिय योजना आयोगद्वारा पहिचान गरिएका "घ" र "ग" वर्गका जिल्ला र सुविधावाञ्चित भनी पहिचान गरिएका क्षेत्रहरुमा बाल विकास कार्यक्रमहरुका लागि सहयोग गर्नेछ।
- कार्यक्रमले पूर्व-प्राथमिक कक्षाहरुको स्थापना, सहयोग र सञ्चालनका लागि गैरसरकारी संघसंस्था, सरकारी संघसंस्था तथा उत्साही नीजि उद्यम, व्यक्तिसँगको साझेदारीलाई प्रोत्साहित र सहज गराउने छ। संज्ञानात्मक विकास, पोषण, स्वास्थ तथा अभिभावक-शिक्षाका क्षेत्रमा बाल विकास र उस्तै अन्य सरकारी निकायहरुबीच पनि प्रतिनिधिमूलक सम्पर्क स्थापना गरिनेछ। यसले उस्तै खालको विभिन्न निकायहरुको विभिन्न प्रयाशहरुको सुदृढीकरण तथा समन्वयका साथै कार्यक्रम कार्यान्वयनमा सकरात्मक प्रभाव पार्न मद्दत गर्नेछ।
- सामुदायिक तहमा बाल विकास र पूर्व-प्राथमिक सहजकर्ताहरुका लागि क्षमता विकास गराइने छ। सहजकर्ताहरुका लागि आयोजित तालिमहरुमा विशेष आवश्यकता भएकाहरुका लागि समाहित शिक्षाका अवधारणा र सोका उपागमहरु समावेश हुनेछन्।
- बाल विकासका कार्यक्रमहरु समाहित शिक्षा अनुरुप विकसित गरिनेछन्।
- बालबालिकाहरुको विकास, पोषण, सरसफाइ, उनीहरुको सिकाइमा अभिभावकहरुको संलग्नताको महत्व र उनीहरुको समग्र विकासमा बाल विकास कार्यक्रमले पार्न सक्ने प्रभावबारे अभिभावकहरुको चेतना अभिवृद्धि गर्ने खालका बाल विकास कार्यक्रमहरु शुरुहुनुभन्दा अधि नै आवश्यक प्रमाणित भैसकेका अभिभावक शिक्षा

www.moe.gov.np

सम्बन्धि कार्यक्रमहरु शुरु गरिनेछन्। सामुदायिक परिचालनबाहेक अभिभावकहरुमा चेतना जागरण गर्न र प्राथमिक विद्यालय प्रवेश गर्नु अघि बालबालिकाहरुमा अन्तर्निहित क्षमताको विकासलाई सहज बनाउने महत्वबारेको शिक्षाका लागि आमसंचारका माध्यम व्यापकरुपमा उपयोग हुनेछ।

- बाल विकासका लागि वृहत् सूचना शिक्षा तथा सञ्चार कार्यक्रमहरु निर्माण गरिनेछन् र यिनीहरुलाई ग्रामीण तथा दुर्गम क्षेत्रका आमाबाबु/अभिभावकहरु समक्ष आमसंचारका माध्यमहरुद्वारा पु¥ायाइनेछन्।
- दीगोपनलाई दृष्टिगत गर्दै स्थानीय उपलब्ध सामग्रीहरुको उपयोग गरी टिकाउ खालका शैक्षिक सामग्री निर्माण गर्न प्राथमिकता दिइनेछ। स्थानीय समुदायहरुबाट सम्भव भएसम्म विशेष गरी सुविधावन्चित समूहका महिलाहरुलाई बाल विकास र पूर्व प्राथमिक सहजकर्ताहरुको रुपमा भर्ना गरिनेछ।

बाल विकास कार्यक्रमले आमाबाबुलाई आय-आर्जन गर्ने गतिविधिमा संलग्न हुने अवसर प्रदान गर्नुका साथै विद्यालयमा उमेर नपुगेका बालबालिकाहरुको भर्नालाई रोक्न मद्दत गरी गरीबमुखी प्रभाव देखाउने अपेक्षा गरिएको छ। बाल विकास कार्यक्रमहरुले गरिबहरुका लागि सकारात्मक प्रभाव पार्ने ठानिएको छ। बालबालिकहरुलाई उनीहरुका सहोदर भाइबहिनीहरु हेर्ने विशेष जिम्मेवारी दिइने सन्दर्भमा प्राथमिक शिक्षामा उनीहरुको उपस्थिति र थमौतीमा यस कार्यक्रमको प्रभाव सकारात्मक रहनेछ।

www.moe.gov.np

## ६.२ सबै बालबालिकाहरुका लागि शिक्षाको पहुँचको सुनिश्चितता

शिक्षाको पहुँच सम्बन्धमा सबैका लागि शिक्षा २०१५का लागि डकार कार्ययोजनाको खाकामा यस्तो उल्लेख भएको छ ः "२०१५ सम्ममा सबै बालबालिकाहरु विशेष गरेर बालिका, कठिन परिस्थितिमा गुजारा गरिरहेका र अल्पसंख्यक जनजाति समूहका बालबालिकाहरुका लागि गुणस्तरीय निःशुल्क प्राथमिक शिक्षामा पहुँच हुनका साथै सो पूरा गर्ने अवसर प्राप्त हुनेछ।"

दशौं योजनामा सबै बालबालिकाहरुका लागि आधारभूत तथा प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गराउनु सरकारको प्राथमिकता भएको उल्लेख छ। शिक्षा तथा खेलकुद मन्त्रालय आफैले २०१५ सम्ममा सबै बालबालिकाहरुका लागि प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने चुनौतिपूर्ण लक्ष्यप्राप्तिका सन्दर्भमा २००९ मा ठोस प्रगति देखाउने प्रतिबद्धता व्यक्त गरेको छ।

## वर्तमान स्थिति र सवालहरु

अझै पनि विद्यालयको शिक्षा प्रणाली बाहिरै रहेका प्राथमिक विद्यालय जाने उमेर-समूहको एउटा ठोस अनुपातमा तराइबाट आउने विशेष गरी सुविधाविमुख जस्तैः दलित, बालिकहरु, अपाङ्ग बालबालिका र अन्य उपेक्षित समूहहरु पर्दछन् ।

अझ, संघर्षका कारण विस्थापित परिवार पीडित बालबालिकहरुको संख्यामा वृद्धि भै विद्यालय र विद्यालय जाने बालबालिकहरु प्रत्यक्षरुपले प्रभावित भएका छन् जसले गर्दा शिक्षाको पहुँचमा बाधा पुगेको छ। देशमा सबै बालबालिकहरुका लागि शिक्षाको पहुँच दिलाउनको लागि अपरिहार्य कुरा भनेको शसस्त्र संघर्ष, हिंसा र प्राकृतिक प्रकोपबाट पीडित क्षेत्रमा बसोबास गरिरहेको बालबालिकहरुका आवश्यकताहरुलाई ध्यानमा राख्ने रणनीतिक योजना र लक्षित संलग्नताका कार्यक्रमहरुको निर्माण गर्नु हो ।

नेपालले गरिबी, द्वन्द, कठीन भूभाग आदिका कारणले भोगिरहेको परिस्थितिलाई दृष्टिगत गरी शैक्षिक समस्याहरुको डटेर मुकाविला गर्न उपयुक्त योजनाका साधन तथा प्रदायका संयन्त्रहरु विकसित गरिनेछन्।

श्री ५ को सरकारको शिक्षामा पहुँच वृद्धि गर्ने प्राथमिक रणनीतिहरुमध्ये निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था पनि एक हो। तर विद्यालय जाने उमेर समूहका १९% बालबालिकाहरु विद्यालयमा अझै भर्ना भएका छैनन् र बीचैमा पढाइ छाड्नेको दरलाई हेर्ने हो भने विद्यालय व्यवस्थामा भन्दा बाहिर हुनेहरुको संख्या निकै बढी देखिन्छ। निःशुल्क शिक्षा भन्नाले शुल्क नतिर्नु वा मिनाह गर्नुलाई मात्र लिइनु हुँदैन, हाल शिक्षाको प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च दुवैले विद्यालय पहुँचमा अवरोध खडा गरिरहेको छ । खरिद गरिएका

---

[3] यो कार्यक्रमको प्रयोजनका लागि सेवाविमुख, उपेक्षित समूह दलित(केन्द्रीयस्तरबाट २३ वटा सुविधावञ्चित समूह पहिचान गरिएका)बालिका, अल्पसंख्यक भाषिक समुदाय राष्ट्रिय आदिवासी जनजाती विकास प्रतिष्ठान ऐन २०५८ अनुसारका आदिवासी समूहका बालबालिकाहरु, सडक बालबालिकाहरु, युद्ध/द्वन्द प्रभावित बालबालिकाहरु, दुर्गम क्षेत्रका बालबालिकाहरु, गरिव बालबालिकाहरु, कारागारमा जीवन बिताइरहेका बालबालिकाहरु,वेचविखनबाट उद्धार गरिएका बालबालिकाहरु र आप्रवासी बाबुआमाका बालबालिकाहरुलाई जनाउँछ। यसबाहेक सुविधाविहिन समूहहरुको स्थान विशेष परिभाषाहरु पनि प्रयोग हुनेछन्।

[4] डकार कार्ययोजना खाकामा यस्तो उल्लेख भएको छः "शिक्षामा ठूलो क्षति पुऱ्याउने संघर्ष अस्थिरता तथा प्राकृतिक प्रकोपले सबैका लागि शिक्षाको लक्ष्य प्राप्तिका लागि ठूलो बाधक हुन्।सिकाइका अवसरहरुलाई सुरक्षित र मैत्रीवातावरणमा पुनसंचालन, पुनर्स्थापन गर्न र तहसनहस भएको शिक्षा व्यवस्थाको संरचना गर्न र संकट र संघर्ष पश्चात स्थितिका सन्दर्भमा बालबालिका तथा प्रौढहरुका लागि शैक्षिक आवश्यकताहरुको लेखाजोखा गर्न सरकार तथा नागरिक समाजको क्षमता वृद्धि गरिनु पर्छ।

[5] श्रोत/साधन तथा वातावरण अध्ययन,२००२

www.moe.gov.np

पाठ्यपुस्तकहरुको सोधभर्नां परिवारलाई समयमा नहुनु भैहाले पनि समयमै पुस्तकहरु वितरण नहुनुले आधारभूत तथा प्राथमिक शिक्षा दोस्रा. चरण अन्तर्गत निःशुल्क पाठ्यपुस्तकहरुको व्यवस्था वास्तविकतामा परिणत हुन सकेको देखिंदैन्। गरिबीको रेखामुनिका ४२% जनताको यथार्थतालाई हेर्ने हो भने शिक्षामा गरिने कुनै पनि खर्चलाई एउटा समस्या वा चुनौतिको रुपमा लिइनु जरुरी छ। यसबाहेक आधारभूत तथा प्राथमिक शिक्षा दोस्रा. चरणमा सुविधाविमुख बालबालिकाहरुको पहुँच र थमौती गर्न भनिएका केही आर्थिक सहायता तथा छात्रवृत्ति जस्ता कार्यक्रमहरुको योजना तथा व्यवस्थापन केन्द्रबाटै हुने र यस्ता प्रकृयामा जिल्ला तथा विद्यालयको कमै वा हुँदै नहुने परीपाटी छ। यसबाहेक आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो चरणमा सुविधाविमुख बालबालिकाहरुको पहुँच र थमौती गर्न भनिएका केहि आर्थिक सहायता तथा छात्रवृत्तिजस्ता कार्यक्रमहरुको योजना तथा व्यवस्थापन केन्द्रबाटै हुने र यस्ता प्रक्रियामा जिल्ला तथा विद्यालयको सहभागिता कमै वा हुँदै नहुने परिपाटि छ। आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणले सिकाएको पाठ के हो भने वर्तमान केन्द्रीकृत योजना परिपाटिलाई छाडी जिल्ला गाउँ र विद्यालय तहमा सान्दर्भिक योजना तर्फ लाग्नु आजको आवश्यकता हो। यस आवश्यकतासँग जिल्ला, उप-जिल्ला तहका शिक्षाका कर्मचारी तथा विकेन्द्रीकृत शैक्षिक योजना तथा व्यवस्थपनका संस्थाहरुको आवश्यकता गाँसिएको हुन्छ।

**सिद्धान्त तथा रणनीतिहरु**

आधारभूत तथा प्राथमिक शिक्षालाई निःशुल्क र पहुँचयोग्य बनाउने क्रममा शिक्षामा लाग्ने प्रत्यक्ष र अप्रत्यक्ष खर्चमा कमी ल्याई सुविधाविमुख बालबालिकाहरुका आमाबाबुहरुलाई सहयोग गरिने छ। यसैले शैक्षिक अवसरका खर्चहरु सुविधाविमुख समुदायहरुप्रति लक्षित हुनेछन्।

योजना अवधिमा उपेक्षित/सुविधाविमुख समूहहरुको पहुँच वृद्धि गर्न समाहित शिक्षालाई अझ विकसित गरी बढाएर राष्ट्रिय तहसम्म पुऱ्याइनेछ।

शैक्षिक योजना तथा कार्यान्वयनमा विकेन्द्रीकरणलाई प्राथमिक रणनीतिकारुपमा लागु गरिनेछ। जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना र विद्यालय सुधार योजनाहरु यस्ता माध्यम हुनेछन् जस मार्फत् बालबालिकाहरुको विद्यालय पहुँचसम्बन्धि स्थानीय विशेष खालका आवश्यकताहरुलाई प्रभावकारीरुपमा समेट्न्का लागि शैक्षिक योजना निर्माण र कार्यक्रम कार्यान्वयन गरिनेछन्।

---

[६] संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम २००२

www.moe.gov.np

हाल निर्माण योजना तथा सामान प्राप्ति केन्द्रीयस्तरबाटै हुने गरेको छ। अब उप्रान्त, भूकम्प प्रतिरोधक भवन निर्माणका लागि उपयुक्त स्थानीय मूल्य-प्रभावकारी निर्माण सामग्रीहरुको डिजाइन र प्राप्तिको लागि वैकल्पिक नमूनाहरु निर्माण गरी सोको प्रयोग तथा परीक्षण गरिनेछ।

आपसी तालमेलको अभाव भएका सवालहरु लगायत देशका अति नै प्रभावित क्षेत्रहरुमा सेवा प्रदान गर्ने सन्दर्भमा मन्त्रालयहरुबीच समन्वय र सहयोगको खोजी गरिनेछ। आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकहरुको समन्यायिक पहुँच सुनिश्चित गर्न अन्तर मन्त्रालय र अन्तर संस्थान समन्वयका लागि शिक्षा तथा खेलकूद मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा समाज कल्याण परिषदसँग मिलेर काम गर्नेछ।

प्राथमिक शिक्षामा पहुँच तथा समन्याय सुनिश्चित गर्न माथि उल्लेखित सिद्घान्त रणनीतिहरुबाट निर्देशित देहाय बमोजिमका उपागम तथा गतिविधिहरु योजनामा समावेश गरिनेछन:

- सबै ठाउँमा पहुँच सुनिश्चित गर्ने उद्देश्यले सुविधाहरुको आवश्यकता पहिचान गर्नका लागि शिक्षा सुविधाहरुको आवश्यकता पहिचान गर्नका लागि विद्यालय नक्शांकनको अभ्यास गरिनेछ।
- विद्यालयमा खासगरी बालिका तथा सुविधाविमुख समूहका बालबालिकाहरुका लागि नयाँ तथा सुधारिएको छात्रवृत्ति तथा आर्थिक सहयोगका कार्यक्रमहरु हाल विद्यमान छात्रवृत्ति योजनाको प्रभाव मूल्याङ्कन अध्ययनको सिफारिशका आधारमा लागू गरिनेछन् र सोही अनुरुप बढाएर माथिल्लो तहसम्म पुऱ्याउने छन्।
- पहुँचसँग सम्बन्धित सवाल जस्तै विद्यालयमा छात्रवृत्ति कार्यक्रम, आर्थिक सहयता कार्यक्रम, पौष्टिक आहार कार्यक्रम तथा शिक्षाका लागि खाद्य कार्यक्रममा संलग्न अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थासँग समन्वय र सम्बन्ध विकसित गरिनेछ।
- शिक्षा तथा खेलकुद मन्त्रालयले सुविधाविमुख, उपेक्षित समूहहरुलाई लक्षित गरी सामाजिक परिचालनका कार्यक्रमहरु लागु गर्नेछ। यी कार्यक्रमहरुको उद्देश्य मानिसहरुलाई आफ्ना माग प्रष्ट रुपमा अघि सार्नका लागि चेतना जागरणका साथै सशक्तिकृत गराउनु हो। यो कार्यक्रम बाल विकास, औपचारिक शिक्षा, लैङ्गिक, आदिवासी समूह तथा अल्पसंख्यक भाषिक समुदायका सवाल सम्बन्धि कार्यक्रमहरुसंग एकीकृत रुपमा संचालित हुनेछ।

www.moe.gov.np

- सशस्त्र संघर्ष, हिंसा तथा दैवी/प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिकहरुको स्थिति पत्ता लगाउन र उनीहरुलाई निरन्तररुपमा सहयोग पुऱ्याउन सूचना प्रणालीको विकास गरिनेछ। यसका लागि सरकारी तथा गैर सरकारी निकाय, संघसंस्थाहरुसँग बलियो समन्वय र सहयोग हुन आवश्यक छ। यसैले सशस्त्र संघर्ष र प्राकृतिक प्रकोषबाट विस्थापित तथा पीडित बालबालिकाहरुको आवश्यकता परिपूर्तिमा सहयोग पुऱ्याउन एउटा विशेष कोष खडा गरिने छ।
- सिकाइ वातावरणले विभिन्न लक्षित समूहहरुको पहुँचमा महत्वपूर्ण प्रभाव पार्दछ। यसैले निर्माण तथा भौतिक मर्मत सम्भारका कार्यहरुको थालनी गर्दा अपाङ्ग बालबालिकाहरुको आवश्यकताहरुलाई विचार पुऱ्याइने छ। विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि श्रोत कक्षा तथा मूल्याङ्कन केन्द्रहरु सर्वेक्षण तथा नक्शाका आधारमा स्थापना/सुदृढ गरिनेछन्।
- विद्यालय सुधार योजना र गाउँ विकास योजनालाई सबै विद्यालय र गा.वि.स./नगरपालिकामा बढाउँदै लागिने छ र जिल्ला शिक्षा योजनाहरुलाई प्रशासन योजना र व्यवस्थापनका लागि एउटा मुख्य साधनका रुपमा विकासित गरिने छ। पहुँचसँग सम्बन्धित सवाल र चुनौतिहरुको सामनाका लागि आवश्यक स्पष्ट दृष्टिकोण र रणनीतिमा जोड दिइने छ।
- शैक्षिक योजनाहरु जनताका चाहना पूरा गर्ने खालका हुन आवश्यक भएकाले सम्बन्धित सरोकारवालाहरुले यिनका विकास गर्ने मात्र नभै स्वामित्व पनि ग्रहण गर्न सकून् भन्नका लागि सहभागितात्मक योजना प्रकृयाहरु थालिनेछन् आधारभूत तथा प्राथमिक शिक्षाका हरेक योजना प्रत्येक बालकलाई शिक्षा तथा एउटा सुरक्षित, स्वस्थ, समाहित, समन्यायिक तथा साधन सम्पन्न सिकाइ वातावरण लागि अधिकार हुनेछ भन्ने मूल सिद्धान्तमा आधरित हुनेछ।
- सुविधाविमुख/किनारा लागेका बालबालिकाहरुका आवश्यकतालाई समेट्नका लागि वैकल्पिक तथा लचिलो शिक्षामा जोड दिइने छ।

### ***६.३. आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायहरु लगायतका सबै बालबालिकाहरुका सिकाइ आवश्यकताहरुको परिपूर्ति***

सम्पूर्ण युवा तथा प्रौढहरुको सिकाइ आवश्यकता परिपूर्तिका सन्दर्भमा डकार कार्ययोजना खाकामा यस्तो उललेख भएको छ। "उपयुक्त सिकाइ तथा जीवन याप सीपका कार्यक्रमहरुमा न्यायोचित पहुँच मार्फत् सम्पूर्ण युवा तथा प्रौढहरुका सिकाइ आवश्यकताहरुको परिपूर्ति हुने।"

www.moe.gov.np

नेपाल अधिराज्यको सम्विधान २०४७ ले देशको सांस्कृतिक प्रथा भाषिक विविधतालाई मान्यता दिएको छ र प्राथमिक शिक्षा आफ्नो मातृभाषा हासिल गर्ने बाटो खुला गरिदिएको छ। राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८ .२००२॰ ले आफ्नो भाषाको माध्यममा शिक्षा दिनुपर्ने अल्पसंख्यक बालबालिकाहरुको आवश्यकतालाई पहिचान गरी मान्यता दिएको छ। शिक्षा ऐन, सातौं संशोधनले प्राथमिक स्तरका कक्षाहरु मातृभाषा प्रयोग गरी सञ्चालन गर्ने गरेको व्यवस्था देशभरका आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरुको शैक्षिक आवश्यकता परिपूर्तिका लागि चालिएको एउटा महत्वपूर्ण पाइला हो।

शिक्षा तथा खेलकुद मन्त्रालयले प्राथमिक विद्यालयहरुमा मातृभाषामा शिक्षा दिनुपर्ने कुरामा जोड दिएको छ र सामग्री सहायता तथा शिक्षक तालिमको व्यवस्था मार्फत् पाठ्यक्रम सम्बन्धि आवश्यकता परिपूर्तिका लागि नीतिगत उद्देश्यहरु पनि निर्धारण गरेको छ। राष्ट्रिय कार्य योजना .२००३॰ ले सबै बालबालिकाहरुका लागि आधारभूत तथा प्राथमिक शिक्षाको अधिकार र उनीहरुलाई शिक्षाका औपचारिक तथा अनौपचारिक माध्यम मार्फत् विद्यालयको गुणस्तरीय शिक्षामा समन्यायिक पहुँच हुने परिकल्पना गरेको छ। आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायहरुलाई सशक्तिकृत गराउन शिक्षा तथा खेलकूद मन्त्रालयले प्राथमिक शिक्षा अल्पसंख्यक बालबालिकाहरुसँग सान्दर्भिक हुनुपर्ने कुरामा जोड दिएको छ। सरकारले बालबालिकाहरुको बचाउमा जोड दिएको छ र उनीहरुका दैनिक आवश्यकतालाई विशेष ध्यान दिएको छ। विद्यालय पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई बालबालिकाहरुको दैनिक जीवनसँग बढी सान्दर्भिक गराउन सरकारले पाठ्यक्रममा राखिने विषयवस्तुहरुमध्ये २०% स्थानीय परिस्थिति र वातावरणमा आधारित हुनपर्ने नीति अपनाएको छ।

www.moe.gov.np

## वर्तमान नीति तथा सवालहरु

कुल जनसंख्याको झण्डै ५०% भाग नेपालीबाहेक अन्य भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्दछन्। विगतमा भए गरेको प्रयाशका बाबजुद सबैका सिकाइ आवश्यकता परिपूर्ति गर्न अझै थुपै बाधाहरु छन्। संभव देखिएका रणनीतिक योजनाहरुले कक्षाकोठाको उपयोगमा अझै ठाउँ पाउन सकिरहेका छैनन्।

एउटा उत्साहजनक कुरा के छ भने नेपालमा नीतिगत वातावरण पहिलेको "एकै देश, एकै संस्कृति र एकै भाषा" भन्ने पञ्चायतकालीन सिद्धान्तभन्दा धेरै अगाडि बढी राष्ट्रको बहु-सांस्कृतिक तथा बहु-भाषिक संरचनालाई मान्यता दिने तर्फ उन्मुख भएको छ।

बालबालिकाहरुको स्थान विशेषको सिकाइ आवश्यकतालाई विचार पुऱ्याउनका लागि विद्यालय आधारित व्यवस्थापन तर्फको गतिले अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरुका लागि प्रेरणादायी वातावरण सिर्जना गर्नमा योगदान पुऱ्याउने छ। आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणबाट प्राप्त शिक्षाले के सङ्केत गर्दछ भने विद्यालयमा शैक्षिक सामग्री निर्माण गर्न र द्वैभाषिक कार्यक्रमहरुको कार्यान्वयनमा सरोकारवाला र अल्पसंख्यक भाषिक समुदायहरुको भूमिका निर्णायक हुन्छ।

तर सम्विधानको परिकल्पनालाई प्राथमिक शिक्षाको व्यवहारमा परिणत गर्न सरकार र जनजाति तथा अल्पसंख्यक भाषिक समुदायहरुबीच अझ बढी सहयोगको आवश्यकता छ। अझ महत्वपूर्ण के हो भने स्थानीय तहमा बालबालिकाहरुका कक्षाकोठाका आवश्यकताहरुलाई ध्यान दिनका लागि विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिहरुको संलग्नता र सशक्तिकरण ज्यादै महत्वपूर्ण हुन्छ।

अल्पसंख्यक भाषाभाषी समुदायहरुबाट पाठ्यक्रमका विषयवस्तुहरु स्थानीय भाषामा निर्माण गरी विद्यालयमा पठन पाठनको व्यवस्था मिलाउने सम्बन्धमा प्राप्त प्रतिक्रिया उत्साहजनक रहेको छ।

स्थानीय समुदाय र अल्पसंख्यक जनजाति समुहहरुको सहयोगबाट पाठयक्रम विकास केन्द्रले ११ वटा अल्पसंख्यक भाषाहरुको पाठ्यक्रम तथा पाठ्यपुस्तक सामग्री निर्माण गर्न सफल भएको छ। द्वैभाषिक/बहुभाषिक बालबालिकाहरुका आवश्यकतालाई ध्यान दिने क्रममा जनजाति तथा अल्पसंख्यक भाषाभाषी समूहहरु आफैं अघि सरी प्राथमिक विद्यालयको पाठयक्रम तथा तालिम सामग्रीमा परिवर्तन ल्याउनका लागि सहयोग प्रदान गरिरहेका छन्।

आधारभूत तथा प्राथमिक शिक्षा योजना दोस्रो चरण अन्तर्गतको समाहित शिक्षा परीक्षण योजनाको सुधारात्मक अनुसन्धानले शिक्षकहरु समाहित शिक्षा नीति र अभ्यास .सुधारात्मक अनुसन्धान परियोजना २००३० को परिकल्पना अनुसार आफ्ना शिक्षण सिकाइ विधि र सामग्रीहरुमा सुधार ल्याउन उत्साहित रहेका देखाएको छ। शिक्षकहरुले समाहित कक्षाकोठा व्यवस्थापन अभ्यास, सिकाइ क्षमताहरुको आधारमा विद्यार्थीहरुको समूह निर्माण, शिक्षण सामग्रीहरुको उत्पादन तथा प्रयोग र कक्षा तथा समकक्षी शिक्षण जस्ता कृयाकलापहरुमार्फत् नयाँ शिक्षण विधि अपनाउन थालेको पाइन्छ। यसरी शिक्षक-केन्द्रीत विधि क्रमशः बालकेन्द्रीत विधि तर्फ उन्मुख भै अघि बढिरहेको पाइन्छ। समाहित शिक्षा परीक्षण क्षेत्रमा विद्यालय समुदायको सम्पर्क पनि आमा समूहहरुको बैठक, घर-दैलो भ्रमण तथा शिक्षकहरुको सहभागिता हुने जनसभाहरुजस्ता गतिविधिहरु मार्फत् बढी सुदृढ भएको पाइन्छ। समाहित शिक्षा उपागमको प्रत्यक्ष प्रभाव सबै खालका आवश्यकता भएका बालबालिकाहरुको बढ्दो भर्नादरलाई हेर्दा छर्लङ्ग हुन्छ।

www.moe.gov.np

## सिद्धान्त तथा रणनीतिहरु

प्राथमिक शिक्षा योजनाको नीतिको खाकाभित्र आदिवासी तथा अल्पसंख्यक भाषाभाषी समुदायका बालबालिकाहरुलाई सहायक हुने वातावरण विकास गर्ने कुरा समावेश छ। यसका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले स्थानीय तहका बालबालिकाहरुको आवश्यकतालाई विचार पुऱ्याउने आधारका लागि विद्यालयमा आधारित व्यवस्थापन नीति लागु गरेको छ। विद्यालय व्यवस्थापन समितिहरुले कक्षाकोठाका समस्या साधानका लागि उपाय खोज्न र आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरुमा आत्म-सम्मानको भाव विकास गर्न र उनीहरुको अन्तर्निहित सांस्कृतिक तथा भाषिक क्षमताहरुलाई विद्यालयको साधन/श्रोतको रुपमा प्रयोग गर्न स्थानीय रणनीतिहरुको विकास गर्न सक्छन्। सरकारले शिक्षा नीतिको प्रभावकारी कार्यान्वयन र स्थानीय व्यवस्थापन मार्फत् सुचारुरुपले विद्यालय सञ्चालनका लागि विद्यालय व्यवस्थापन समितिका सदस्य तथा सरोकारवालाहरुको क्षमता विकासमा जोड दिने छ।

विकेन्द्रीकृत खाकाभित्र रहेको विद्यालयमा आधारित व्यवस्थापनको सार-तत्व भनेको नै स्थानीय तहमा उपलब्ध मानवीय तथा भौतिक श्रोत साधनहरुको अधिकतम सदुपयोग गरी आमाबाबु तथा समुदायहरुलाई संलग्न र सशक्तिकृत गराई विद्यालय सञ्चालन गर्नु हो। विद्यालयको व्यवस्थापन र सञ्चालनमा विद्यालय व्यवस्थापन समितिको ठूलो भूमिका हुने भए तापनि सरकारले उनीहरुको क्षमता विकास र गुणस्तरीय शिक्षामा बालबालिकाहरुको समन्यायिक पहुँचका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगलाई निरन्तरता दिनेछ।

माथि उल्लेखित सिद्धान्त र रणनीतिहरुबाट निर्देशित देहायका गतिविधिहरु आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरुको सिकाइ आवश्यकता परिपूर्तिका लागि सञ्चालन गरिने छन् ः

- बालबालिका, युवा तथा प्रौढका लागि व्याहारिक र सान्दर्भिक पाठ्यक्रमका विकास गर्ने।
- पाठ्यक्रममा नागरिक शिक्षा मार्फत् अधिकारमा आधारित शिक्षाका उपागममा जोड दिने।
- सिकाइका अवसर विस्तार गर्नका साथै सिकाइका उपायहरुको विविधताका लागि सूचना तथा संचार प्रविधिहरुको विकास गर्ने।
- सबै बालबालिका, युवा तथा पौढहरुलाई बढी सुरक्षित, स्वस्थ तथा आर्थिक तथा सामाजिक दृष्टिले सक्रिय र उत्पादनशील जीवन यापन गर्न सक्षम बनाउन।

www.moe.gov.np

- सूचना सङ्कलन, समस्या समाधान, गहनचिन्तन, समूह कार्य, सम्झौता, अन्तरव्यैक्तिगत सीपहरु, आत्म-चेतनता, दृढता, संवेग नियन्त्रण, द्वन्द समाधान, छिमेकीहरुसँगको मेलमिलाप तथा शान्तिपूर्ण बसाइजस्ता सामान्य सीपहरु सिक्ने।
- एच् आई भी/एड्सबारे चेतना वृद्धि गर्न यस विषयका सूचना तथा जानकारी पाठ्यक्रममा एकीकृत गर्ने र अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने।
- वैकल्पिक तथा लचिलो शिक्षा प्रदान गर्ने।
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापकरुपमा, स्थानीय निकाय, समुदायमा आधारित संध-संस्था गैर सरकारी संघसंस्था, अन्तरराष्ट्रिय स्तरमा व्यापकरुपमा स्थानीय निकाय, समुदायमा आधारित संघ-संस्था, गैरसरकारी संघसंस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था र अन्य नीजि निकाय/अंगहरुसँगको साझेदारी विकास आदिवासी समुदाय र अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरुप्रति लक्षित कार्यक्रमहरुका कार्यान्वयनका लागि अतिरिक्त श्रोत, क्षमता, ज्ञान, दक्षता तथा सीप जुटाउने एउटा प्रमुख रणनीति हनेछ।

६.४ प्रौढ निरक्षरतामा कमी

शिक्षासम्बन्धि अधिकार साक्षरतासँगै शुरु हुन्छ। डकार कार्य योजनाको खाकामा प्रौढ निरक्षरता बारे यस्तो उल्लेख छ "२०१५ सम्ममा प्रौढ साक्षरताको स्तरमा ५०% सुधार"विशेष गरी महिलाहरुका लागि तथा सबै प्रौढहरुका लागि आधारभूत तथा प्राथमिक शिक्षामा समन्यायिक पहुँच हासिल गर्ने।

अनौपचारिक शिक्षाको प्राथमिक शिक्षा, समग्र साक्षरता दर, शिक्षाको महत्व बारे आमचेतनालाई दृष्टिगत गरी शिक्षा तथा खेलकुद मन्त्रालयलले डकार कार्य योजना खाकाले निर्दिष्ट गरेका लक्ष्यहरुलाई पूरा गर्न आवश्यक प्रयाश गर्नेछ।

## वर्तमान स्थिति तथा सवालहरु

२००१ को तथ्याङ्क अनुसार ६ वर्ष माथिकाको साक्षरता दर केवल ५४% (पुरुष ६५% र महिला ४३% ) देखिन्छ। यसबाट देशमा करीब आधाभन्दा बढी जनसंख्या निरक्षर रहेको संकेत मिल्दछ। दुश्चक्र निर्माण गर्ने गरिबी र निरक्षरता प्रायः सधैं अन्तरसम्बन्धित हुन्छन् यो दुश्चक्र हटाउनका लागि गरिबी हटाउने साक्षरता कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ। ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा छरिएर रहेका निरक्षरताका

www.moe.gov.np

विभिन्न समूहहरुले राष्ट्रिय साक्षरताको स्तर उकास्ने कार्यमा कडा चुनौती सिर्जना गरिदिएका छन्।

साक्षरता र अनौपचरिक शिक्षा क्षेत्रमा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण अन्तर्गत भएका प्रयाशहरुले हामीलाई केही पाठहरु सिकाएका छन्।

उदाहरणका लागि अनौपचारिक शिक्षा हासिल गर्नेहरुका लागि कार्याक्रमको अवधिमा र समाप्तिपछि विभिन्न भाषाका विभिन्न खालका शिक्षण सामग्रीहरुको जरुरत पर्दछ। यो पनि थाहा हुन आएको छ कि कुनै एक खालको औपचारिक शिक्षाको कार्यक्रमले सिकाईसम्बन्धि आवश्यक मापदण्ड सहितका संलग्नताका कार्यक्रमहरुको आवश्यकता पर्ने लक्षित समूहको सिकाइ आवश्यकताहरु पूरा गर्न सक्तैन। अझ, आधारभूत तथा प्राथमिक शिक्षा कर्याक्रम दोस्रो चरणले के पनि देखाएको छ भने सुविधाविमुख समुहहरु प्रति लक्षित अनौपचारिक शिक्षासँग एकीकृत आय-आर्जन गर्ने गतिविधि *नेपालमा साक्षरताको स्थिति एक सान्दर्भिक प्रस्तुती ,२००२* ले प्रमुखता दिएका निम्न साक्षरता र गरिबीको चपेटामा परेका क्षेत्रहरु अनौपचारिक शिक्षाका अन्य गतिविधिहरुको थालनी गर्ने एउटा टड्कारो प्रवेश विन्दु हो।

अनौपचारिक शिक्षाको अझ व्यापक अर्थ र क्षेत्रबारे वकालत गर्ने एउटा नीति हाल निर्माण प्रकृयामा छ। यसै व्यापक दायरालाई समेट्न गा.वि.स./नगरपालिका गैरसरकारी संघसंस्था, समुदायमा आधारित संघसंस्था र सामुदायिक सिकाइ केन्द्रहरुलाई अनौपचारिक शिक्षाका लागि पूरक वा वैकल्पिक माध्यमका रुपमा परिचालन गरिने एउटा विकेन्द्रीकृत कार्यान्वयन उपागम लागू गरिने छ। विकेन्द्रीकरणको सिद्धान्तअनुरुप हालको कोटामा आधारित औपचारिक शिक्षा एकीकृत तथा आवश्यकतामा आधारित औपचारिक शिक्षातर्फ उन्मुख हुनेछ। मागमा निर्भर हुने अनौपचारिक शिक्षाका लागि आवश्यक खर्च समुदायको अधिकतम सहभागितामा तयार पारिएको गाउँ शिक्षा योजनाका आधारमा छुट्ट्याइने छ। तर गाउँ शिक्षा योजना उपलब्ध नहुने ठाउँमा यो रकम समुदायका आवश्यकताको आधारमा मुख्यता गा.वि.स. मार्फत् छुट्ट्याइने छ।

www.moe.gov.np

सिद्धान्त तथा रणनीति

साक्षरताको स्थिति सुधार्नमा प्राथिमिक शिक्षाको ठूलो योगदान रहन्छ। यसैले स्थितिमा सुधार ल्याउनका लागि साक्षरता, अनौपचारिक शिक्षा र प्राथमिक शिक्षा कार्यक्रमहरुलाई एक अर्काको परिपूरक बनाइनेछ। अनौपचारिक शिक्षाका कार्यक्रमहरु मध्य तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका हिमाली, पहाडी तथा मध्य तराईका साक्षरतादर ज्यादै न्यून भएका स्थानहरुमा केन्द्रित हुनेछन्। यी कार्यक्रमहरु विशेषतः महिला, बालिका, अपाङ्ग

बालबालिका र सुविधाविमुख समूह र गरिबीको मारमा परेका क्षेत्रहरुका लागि लक्षित हनेछन्।

साक्षरता कार्यक्रम पढाइ, लेखाइ र गणित .अंग्रजीमा तिनवटा "R"॰मा मात्र जोड दिने नभै रोजगारी र आय-आर्जनका गतिविधिहरुका लागि निरन्तर रुपमा सक्षम बनाउने युवा, प्रौढ र महिलाहरुको सीप विकास सुधार गर्ने अविच्छिन्न शिक्षासँग गाँसिएको हुनपर्छ। त्यसैले साक्षरता कार्यक्रममा प्रमुख ती तत्व रहेनछन्ः अधारभूत साक्षरता, अद्यावधिक सीप र निरन्तर शिक्षा।

अनौपचारिक शिक्षा कार्यक्रमहरु बाल विकास केन्द्र, छात्रवृत्ति तथा आय-आर्जनजस्ता कार्यक्रम आवद्ध गरिनेछन्। यसै अनुसार गतिविधिहरुको कार्यान्वयनमा सहयोग पुर्‍याउने एकीकृत तथा आवश्यकतामा आधारित नीति लागू गरिनेछ।

साक्षरता कार्यक्रमहरुमा सामुदायिक सहयोग र सकृय सहभागिता बढाउन साक्षरता व्यवस्थापनको विकेन्द्रीकरण सञ्चालन गरिनेछ। आफ्ना इलाका वरपरका आवश्यकता अनुरुप प्रत्येक गा.वि.स./गा.शि.स.का गाउँ विकास योजना अन्तर्गत साक्षरताका स्पष्ट लक्ष्यहरु हुनेछन्। केन्द्रीय, जिल्ला र उप-जिल्ला तहका संस्थाहरुले सिकाइ-सामग्री, तालिम तथा पर्याप्त आर्थिक सहायतासहित प्राविधिक सहयोग प्रदान गर्नेछन्। शिक्षाको राष्ट्रिय बजेटको अनुपातसँगै आर्थिक सहयोगमा पनि वृद्धि गरिनेछ। हाल अतिरिक्त श्रोत, साधन, ज्ञान र सीप जुटाउन समुदायमा आधारित तथा गैरसरकारी संघसंस्थाहरुसँगको साझेदारी विकास गर्ने अधिकार गा.वि.स. हरुमै निहित छ। तर हालसम्म यो अधिकारको उपयोग हुनसकेको छैन। त्यसैले यो पछिका लागि स्थानीय तहको सशक्तिकरण प्रक्रियाको एउटा अंग हो। उपर्युक्त सिद्धान्त र रणनीतिहरुबाट निर्देशित यस कार्यक्रमले लक्षित गरेका गतिविधिहरु यस प्रकार छन्ः

- सामुदायिक सिकाइ केन्द्रहरुको विस्तार हुनेछ र सम्भव भए सम्म शिक्षाको निरन्तरतामा जोड दिने दृष्टिकोणले सामुदायिक सिकाइ केन्द्र र श्रोत केन्द्रहरुबीच समन्वय विकसित गरिनेछ।
- साक्षरता कार्यक्रमको कार्यान्वयनका लागि आफ्ना भगिनी संस्थाहरु लगायात राजनीतिक, व्यावसायिक र सामूहिक समूहहरु परिचालन हुन आवश्यक छ। निरक्षरतामा कमी ल्याउने अभियानमा लागेका सबै निकाय .सरकारी तथा गैरसरकारी दुवै॰ बीच समन्वय स्थापनाका लागि संयुक्त प्रयाशहरु हुनेछन्।
- निरन्तर शिक्षा प्रदान गर्ने एउटा प्रभावकारी माध्यमको रुपमा समुदायका नव-साक्षर तथा युवाहरुलाई अवसर प्रदान गर्नका लागि २०५ वटै चुनाव क्षेत्रमा सामुदायिक सिकाइ केन्द्रहरु स्थापित गरिने छ।

www.moe.gov.np

- निम्न सारक्षता दर भएका २३ वटा जिल्लामा अनौपचरिक शिक्षा सँगसँगै दलित, महिला, अल्पसंख्यक जनजतिय समूह लगायत अन्य उपेक्षित/सुविधाविञ्चत समूहहरुमा लक्षित आय आर्जनका कार्यक्रमहरु लागू गरिनेछन्।
- २३ वटा जिल्लामा महिला, दलित तथा आदिवासिहरुको आवश्यकता पूर्तिका लागि प्रारम्भिक बाल विकास, आर्थिक सहायता कार्यक्रम तथा आय आर्जन कार्यक्रमसँग एकीकृत गरी आवश्यकतामा आधारित साक्षरता कार्यक्रम कार्यान्वयन गरिनेछन्।
- मातृभाषा साक्षारताका कार्यक्रमहरु संचालन गरिनेछन्।
- अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन अगडि साक्षरताको प्रारम्भिक सर्वेक्षण गरिनेछ। प्रारम्भिक अध्ययन/अनुसन्धान तथा स्थानीय तहमा तथ्याङ्क संकलन/संग्रह केन्द्रको स्थापना शिक्षा व्यवस्थापन सूचना प्रणालीको सन्दर्भमा प्रभावकारी अनुगमन तथा व्यवस्थापनको पूर्व शर्त हो।
- मानव संसाधन विकास योजनावाटै मानव विकासका लागि एउटा खास योजना छान्ने र यसको शुरुवात मानव विकास योजनावाटै गरी कार्यान्वयन गर्ने।
- ग्रामीण तथा दुर्गम क्षेत्र लगायत सुविधाविमुख/उपेक्षित समूहहरुबीच साक्षरताको स्थिति सुधार्नका लागि संयुक्त नीति तथा समन्वयात्मक कार्यको आवश्यकता पर्दछ।

निरक्षरता उन्मूलन गर्नु एउटा चुनौतीपूर्ण कार्य हो जसका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहका नीजि, सार्वजनिक, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबीच सहयोग र साझेदारीको आवश्यकता पर्दछ।

६.५ लैङ्गिक भेदभावको निराकरण

लैङ्गिक आधारमा शिक्षामा गरिने भेदभाव सबैलाई विदितै भएको तथ्य हो र नेपाल पनि यसको अपवाद रहन सकेको छैन। यसबारे डकार कार्य योजना खाकामा यस्तो उल्लेख गरिएको छ। "राम्रो गुणस्तरको आधारभूत शिक्षा विशेष गरी बालिकाहरुको पहुँच तथा प्रगति सुनिश्चित गर्न जोड दिंदै २००५ सम्मका प्राथमिक तथा माध्यमिक शिक्षामा लैङ्गिक भेदभाव हटाउने र २०१५ सम्ममा लैङ्गिक समानताको स्थिति हासिल गर्ने"।

सबैका लागि शिक्षा २००४-२००९ को उद्देश्य जातजाति, धर्म, वर्ण, सामाजिक, आर्थिक तथा भौगोलिक स्थितिका आधारमा भेदभाव नगरी सबै बालबालिकहरुलाई प्राथमिक शिक्षा दिनु रहेकाले शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभाव हटाउन जोड दिइनेछ।

यो प्राथमिकता दशौं योजनाले मूलप्रवाहीकरण र सामाजिक समाहितीकरणलाई दिएको प्राथमिकतासँग मेल खाने खालको छ। .पृष्ठ ५६॰ यो अंग .अवयव॰ माथि उल्लेखित आदिवासी, अल्पसंख्यक भाषाभाषी लगायतका सबै बालबालिकाहरुका सिकाइ आवश्यकता

www.moe.gov.np

पूरा गर्ने भन्ने अवयव .अङ्ग) सँग अन्तर सम्बन्धित भएकाले प्रस्तावित कुनै कुनै रणनीति र गतिविधि परस्परमा मिसिन वा मिल्न गएका छन्।

**वर्तमान स्थिति तथा सवालहरु**

गहिरो जरो गाडेको जातिय क्रम परम्परा, केही जातीय विशेषको अन्य जाति विशेष माथिको प्रभाव तथा थिचो मिचो, अपाङ्गतासम्वन्धि पूर्वाग्रह तथा अन्धविश्वास, पितृप्रधान मूल्य, मान्यताले प्रमुखता पाएको व्यवस्था नै नेपालको सामाजिक तथा लैङ्गिक भेदभावका प्रमुख कारक तत्व हुन्। यी भेदभावहरुको निराकरण नगरुन्जेल शिक्षामा समानता, समन्याय, निस्पक्षता हुन सम्भव छैन। अर्को कुरा, जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरुको मानवीय क्षमता अभिवृद्धि गरेर र सबै सुविधा विमुख/उपेक्षित समूहहरुलाई गरिबी न्यूनीकरण कार्यक्रमहरुको मियोमा ल्याएर मात्र गरिबी न्यूनीकरण उद्देश्य पूरा गर्न सकिन्छ।

लैङ्गिक भेदभाव विद्यालयको कक्षाकोठादेखि शिक्षाको केन्द्रीय व्यवस्थापन अर्थात् मन्त्रालयसम्मै व्याप्त छ। केटा .८७%), केटी ७५% खुद भर्ना दरमा देखिएको १२ % को फरक वर्तमान परिस्थितिमा व्याप्त भएको लैङ्गिक दूरीको ज्वलन्त प्रमाण हो। यसैगरी पुरुषहरुको साक्षरता दर .६५%) छ भने महिलाहरुको सो दर ४३%मात्र रहेको छ।

शिक्षकहरुबीच पनि लैङ्गिक भेदभावको स्थिति व्याप्त छ। राष्ट्रिय नीतिअनुरुप प्रत्येक प्राथमिक विद्यालयमा एक महिला रहने व्यवस्था भए पनि करीब ११,००० प्राथमिक विद्यालयहरु पूर्णरुपमा शिक्षिकाबिहिन छन्। कुल ९६, ००० प्राथमिक शिक्षकहरु मध्ये केवल २५% मात्र महिला शिक्षक छन्। यिनमा करीब ८%मात्र महिला प्रधानाध्यापक छन्। शिक्षा तथा खेलकुद मन्त्रालयको महिला कर्मचारीहरुको अनुपातलाई हेर्ने हो भने राजपत्रांकित द्वित्तिय श्रेणीमा ६.८% र तृतीय श्रेणीमा ६.९% अधिकृत रहेको बताइएको छ। .विष्ट र कार्नी २००१० हालका यी तथ्याङ्क र आँकडाहरुमा केही फरक पाइए तापनि शिक्षा क्षेत्रमा पुरुष समकक्षीसँग महिलाहरुको अनुपात दाँज्ने सवालमा यो तथ्याङ्कले खासै असर पार्दैन। सुविधावञ्चित समुदायका व्यक्तिहरुबाट शिक्षा तथा खेलकूद मन्त्रालयमा भएको प्रतिनिधित्व त्यति नराम्रो नभए तापनि उत्साहजनक भने अवश्य छैन। त्यसैले महिला तथा विपन्न समूहहरुको क्षमता विकासका लागि सामूहिक प्रयाशमा नै कार्यक्रमको ध्यान केन्द्रित हुनेछ।

सिद्धान्त तथा रणनीतिहरु

www.moe.gov.np

२००२ को लैङ्गिक सर्वेक्षण कार्यक्रमका लागि मुख्य पथ प्रदर्शक मानिनेछ। प्रत्येक प्राथमिक विद्यालयमा एक जना महिला शिक्षक राख्ने नीतिको कार्यान्वयनका लागि उपयुक्त सकारात्मक कदमहरु चालिनेछन्।

सबै तहहरुमा शिक्षाको व्यवस्थापनमा महिलाहरुको भूमिकालाई बढावा दिन लैङ्गिक दृष्टिले संवेदनशील नीतिहरुलाई महिला तथा सुविधाविमुख/उपेक्षित समुदायहरुका लागि क्षमता निर्माण गर्ने गतिविधिहरुलाई प्राथमिकता दिइनेछ।

लैङ्गिक सवालहरुलाई शिक्षक तालिमका प्याकेज तथा कार्यक्रमहरुमा एककृत गरिने छन् साथै सुविधाविमुख समूह र लैङ्गिक सवालका विषयवस्तुहरुका लागि पाठ्यक्रमलाई संवेदनशील बनाइने छ।

अवसर लागतलाई सहयोग प्रदान गर्ने पाठ्यक्रम तथा पाठ्य सामग्रीहरुलाई सुविधाविमुख समूहहरुको लैङ्गिक स्थिति, संस्कृतिक मान्यताहरु र जीवनयापन सीपहरुको समाहितीकरण मार्फत् सान्दर्भिक बनाउन शैक्षिक चेतना जागरण र आर्थिक सहयोगको प्याकेजका लागि स्थानीय समुदायहरुमा आधारित संघसंस्था, गैरसरकारी संस्था गैरसरकारी संस्था संलग्न वृहत् सामुदायिक परिचालन अभियानले यी समूहहरुको मूल प्रवाहीकरण सम्बन्धि नीति निर्माण गर्नेछन्।

माथि उल्लेखित सिद्धान्त र रणनीतिबाट निर्देशित यो कार्यक्रमले निम्नलिखित गतिविधिहरु संचालन गर्नेछ।

- महिला शिक्षकहरुसम्बन्धि नीति कार्यान्वयनका लागि लैङ्गिक अध्ययन .२००२ले गरेको सिफारिशबमोजिम खाली भएको शिक्षक दरबन्दीहरुबारे समुदाय तहमा जानकारी संकलन गरिने छ, समुदायहरुमा एस.एल.सी. उत्तीर्ण गर्ने महिलाहरुको संख्या पत्ता लगाउन स्थानीय सर्वेक्षण गरिने छ। साथै कुन विद्यालयमा पद रिक्त भएको सो को स्थानीय तवरमै प्रचार प्रसार गरिने र नियुक्ति प्रक्रियालाई पारदर्शी बनाइने छ। संभाव्य शिक्षकहरुको पूलमा वृद्धि ल्याउन विद्यालय तहमै अभिमान शुरु गरी एस्.एल्.सी.पछि शिक्षा संकायको अध्ययन चयन गर्न प्रोत्साहित गरिने छ।
- प्राथमिक विद्यालयमा महिला शिक्षकहरुको संख्या बढाउन फीडर छात्रवासका एस्.एल्. सी. उत्तिर्णहरुलाई छात्रवृत्तिको व्यवस्थासहित शिक्षक तालिम कार्यक्रममा आवद्द गरिनेछ।
- लैङ्गिक समानताको लक्ष्यप्राप्तिका लागि विद्यालय निर्माण गर्दा बालिका, अपाङ्ग बालबालिकाका साथै महिला शिक्षकहरुका लागि विशेष व्यवस्था गर्न यथेष्ट ध्यान पुऱ्याइने छ। नयाँ कक्षाकोठा थप गर्ने विद्यालयको चयन गर्दा कुल भर्नामा बालिका तथा दलित विद्यार्थीहरुको आवश्यक अनुपातसम्बन्धि निर्धारित

www.moe.gov.np

मापदण्डलाई सबैका लागि शिक्षा २००४-२००९ अन्तर्गत पनि कडाइकासाथ पालना गरिनेछ।

- लैङ्गिक सवालप्रति संवेदनशील हुने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरिनेछन्। शिक्षक तालिमहरुलाई पनि लैङ्गिक दृष्टिले संवेदनशील बनाइनेछन्।
- विद्यालयमा बालिकाहरुको भर्ना तथा थमौतीका लागि आर्थिक सहयोग कार्यक्रममा जोड दिइनेछ।
- व्यवस्थापकीय तहहरुमा महिला सहभागिता वृद्धि गर्न अन्तर क्षेत्रीय समन्वय र सहयोग कायम गरिनेछ।
- लैङ्गिक सवालमा चेतना जागरण गर्न सामाजिक परिचालनको अभियान संचालन गरिनेछ।
- गरिबी न्यूनीकरणका लागि लैङ्गिक भेदभाव घटाउन जरुरी भएकाले लैङ्गिक मूल प्रवाहीकरण तथा समाहितीकरण कार्यक्रमहरुले सबैका लागि शिक्षा लक्ष्यप्राप्तिमा मात्र योगदान पुऱ्याउने नभै दशौं योजना/गरिबी न्यूनीकरण रणनीति पत्रका उद्देश्यहरु पनि पूरा हुने अपेक्षा गरिएको छ।

### ६.६ गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधारः

भर्ना विस्तार लगत्तै गुणस्तरीय शिक्षाको सुधारहरुको थालनी हुनुपर्छ। डकार खाका.कार्य योजना॰ मा यसबारे उल्लेख भएको छ- "गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधार र उत्कृष्टताको सुनिश्चितता गर्ने जसले गर्दा विशेष गरेर साक्षरता, गणितीय साक्षर तथा आवश्यक जीवन यापन सीपहरुमा मान्यता प्राप्त तथा उल्लेखनीय उपलब्धि हासिल गर्न सकियोस्।"

शिक्षाको गुणस्तर बालबालिकाहरुको समग्र व्यक्तित्वको विकास तथा उच्च स्तरको सिकाइ उपलब्धिहरुसँग सम्बन्धित छ जसको चरितार्थका लागि पाँचवटा अपरिहार्य आधारभूत तत्वहरु यस प्रकार छन् ः

**१. शिक्षकः** विद्यार्थीहरुसँग प्रत्यक्ष अन्तरक्रिया गर्ने तालिम प्राप्त र प्रभावशाली शिक्षकहरु विद्यालय व्यवस्थापनमा महत्वपूर्ण अंग मानिन्छन्। बालबालिकाहरुको सर्वाङ्गिण विकास र उच्च तहको सिकाइका लागि उच्च नैतिक प्रतिवद्धता अभिप्रेरणा, आवश्यक तहको शिक्षा तथा तालिम र आफूले पढाउने विषयमा पूर्ण दक्षतासहितका शिक्षकहरु नभै नहुने तत्व हुन्। शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत स्थापित विद्यालय निरीक्षणालयको आवश्यक गुणस्तरीय शिक्षाको मापदण्ड अनुसारको शिक्षक र सिकाइ वातावरण भए नभएको हेर्ने जिम्मेवारी हुनेछ।

www.moe.gov.np

**२. पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरुः** बालबालिकाहरुको ज्ञान तथा सिकाइका लागि पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरु प्रमुख श्रोत हुन। त्यसैले सान्दर्भिक पाठ्यक्रम, सारतत्व समेट्ने विषयवस्तु, सामग्रीहरु र कक्षाकोठामा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन प्रकृया गुणस्तरीय शिक्षाका लागि नभै नहुने कुरा हुन्।

**३. सिकाइ वातावरणः** कक्षाकोठा पाठ्यक्रम कार्यान्वयन हुने शिक्षाको प्रमुख थलो हो। प्रेरणादायी शिक्षण-सिकाइ वातावरणको सिर्जना, स्थानीय परिस्थिती र वातावरण अनुकुल निर्मित पाठ्यक्रमको निर्माण, विभिन्न प्रकारका शिक्षण सामग्रीहरुको व्यवस्था तथा बालकेन्द्रीत शिक्षण सिकाइ विधिहरुका वृद्धि कक्षाकोठा सुधारमा योगदान पुऱ्याउने प्रमुख तत्वहरु हुन्।

**४. विद्यालय सुधारः** सम्पूर्ण शिक्षा व्यवस्थाको केन्द्र मानिने विद्यालयका लागि सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि भौतिक मानवीय तथा शैक्षिक स्रोत साधनहरुजस्ता आधारभूत सुविधाहरुको व्यवस्था हुन जरुरी छ।

**५. व्यवस्थापन तथा क्षमता विकासः** गुणस्तरीय शिक्षा प्राप्तिका लागि साधनहरुको प्रभावकारी उपयोग सुनिश्चित गर्न सबै तहहरुमा निर्णय गर्ने अधिकार व्यवस्थापनमा निहित हुन्छ। सबैका लागि शिक्षा २००४-२००९ का लागि विकेन्द्रीकरण एउटा वृहत् कार्यान्वयन रणनीति भएको सन्दर्भमा क्षमता विकास-विशेष गरी विद्यालय, समुदाय र जिल्ला तहमा नितान्त आवश्यक कुरा हो। मानव श्रोत विकासको सेवा विद्यालयमा आधारित योजना र व्यवस्थापनका लागि क्षमता वृद्धि गर्न पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन तथा शिक्षा सेवाको प्रभावकारी वितरण भए नभएको प्रगति अनुगमन गर्नका लागि शिक्षकहरुलाई उनीहरुको पेशामा मद्दत पुऱ्याउने विद्यालयमा आधारित सुपरीवेक्षक र अनुगमन र जिल्ला र गाउँका योजना तयार गर्न कार्यान्वयनका लागि अति आवश्यक तत्व हुनेछन्। क्षमता निर्माणको उद्देश्य शिक्षक, प्रधानाध्यापक, श्रोत व्यक्तिहरु र विद्यालय निरीक्षकको विद्यालयको समग्र विकासका लागि पेशागत अगुवाइ दिने क्षमता विकस गर्नु हुनुपर्नेछ। प्रधानाध्यापक, श्रोत व्यक्ति विद्यालय व्यवस्थापन समिति तथा अभिभावक-शिक्षक संघ र स्थानीय निकायहरुको क्षमता विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

विद्यालय व्यवस्थाको प्रथम सुविधाभोगी समुदाय पर्दछ। यसैले शिक्षाको रणनीतिक तथा निर्णयसम्बन्धि प्रक्रियामा यसको संलग्नता अपरिहार्य हुन्छ। यो बालबालिकाहरुको बढ्दो शैक्षिक प्रगति र विद्यालयको समग्र विकासमा उनीहरुको निरन्तर सहयोग र योगदान जुटाउन अति नै महत्वपूर्ण हुन्छ। साझा लक्ष्यप्राप्तिका लागि पारस्परिक सहयोग जुटाउन सामुदायिक परिचालनले विद्यालय र समुदायबीचको बढदो अन्तरक्रियालाई संकेत गर्दछ।

www.moe.gov.np

गुणस्तरीय शिक्षाका लागि माथि उल्लेखित पाँचवटा आधारभूत कुराहरुबाहेक बाल विकासको अनुभव भएका बालबालिकाहरु कक्षा एक र त्यसपछिका कक्षाहरुमा बढी राम्रो प्रगति गर्ने अनुसन्धानहरुले देखाएका छन्।

## वर्तमान स्थिति तथा सवालहरु

शिक्षाको गुणस्तरमा सुधार ल्याउने ध्येयले सरकारले शिक्षाका सबै तहमा सहयोग गर्ने परिपाटीको विकास तथा सुदृढीकरण गरेकोछ। राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा केन्द्र तथा प्राथमिक शिक्षा तालिम केन्द्रहरुलाई कक्षाकोठाको अध्यापनलाई सुधार ल्याउने र देशभरका शिक्षकहरुलाई सेवाकालीन तालिम प्रदान गर्ने जिम्मेवारी सुम्पिएको छ। यसै गरी राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्रको शिक्षकहरुको शिक्षा नीति निर्माणको प्रारम्भिक कार्यमा मद्दत पुऱ्याउन र शिक्षकहरुको तालिम कार्यक्रमहरुको सुधार प्रक्रियामा तीव्रता ल्याउन शिक्षक शिक्षा परियोजना संचालन भैरहेको छ। माध्यमिक शिक्षा विकास इकाइ तथा प्रारम्भिक शिक्षा तालिम केन्द्र मार्फत् माध्यमिक शिक्षा विकास केन्द्र अन्तर्गत प्रदान गरिएका सेवाहरुको सुदृढीकरणका लागि एउटा संरचनात्मक पुनर्समायोजन प्रक्रिया अगाडि बढिरहेको छ। विद्यालय झुण्ड .क्लस्टर॰ मा शैक्षिक सेवाहरु प्रदान गर्ने श्रोत केन्द्रहरुले महत्वपूर्ण भूमिका खेलेका छन्।

यसैगरी पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रममा र पाठ्यपुस्तकको गुणस्तरीयताको लागि विशेष भूमिका खेलिरहेको छ। हाल पाठ्यक्रम सुधारको एउटा प्रक्रिया चालु छ।

विद्यमान सहयोग परिपाटीका बावजुद विभिन्न अध्ययनहरुले प्राथमिक विद्यालयमा गणित, सामाजिक शिक्षा र नेपालीजस्ता विषयहरुको उपलब्धि दर सामान्यता निम्न रहेको देखाएका छन् .कक्षा ५ का विद्यार्थीहरुको मूल्याङ्कन, निरीक्षण, १९९९॰ आधारभूत प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण अन्तर्गत सुधारात्मक अनुसन्धानद्वारा गरिएको अध्ययनले के देखाएको छ भने विद्यालयलाई प्रभावकारी बनाउने आधारभूत पूर्वाधार पूरा नभएसम्म विद्यालय तहमा गुणस्तर सुधारको कुरा हावादारी भाषण सिवाय केही हुँदैन .शैक्षिक अन्वेषण तथा विकास अनुसन्धान केन्द्र, २००२॰।

प्राथमिक तहमा योग्य तथा तालिम प्राप्त शिक्षकहरुको अभाव छ। कूल ९७,००० प्राथमिक शिक्षकहरुमा केवल १५%मात्र पूर्णरुपमा तालिम प्राप्त छन्। शिक्षकहरुको वितरण एकनासको छैन, एकदमै असमान किसिमको छ र विशेष गरी हिमाली क्षेत्रका शिक्षकहरु अनुपस्थित रहने प्रचलन व्याप्त छ। यसबाहेक तराईका विद्यालयहरुमा विद्यार्थीको अत्यधिक चाप र भौतिक सुविधा अपर्याप्त देखिन्छ भने हिमाली क्षेत्रका कुनै कुनै प्राथमिक विद्यालयमा विद्यार्थीको संख्या ज्यादै न्यून रहेको पाइन्छ। साथै शिक्षा ऐन र

www.moe.gov.np

नियमावलीहरुले तोकेअनुसार आवश्यक पढाउनु पर्ने दिन र शिक्षण समय .घण्टा॰ को बिरलै पालना गरिन्छ।

विद्यालय तहमा गुणस्तरीय शिक्षाका लागि आवश्यक श्रोत साधन हाल विद्यालयमा पुगिरहेका छैनन्। उदाहरणका लागि विद्यालयमा समयमा पाठ्यपुस्तक पुग्दैनन्, पाठ्यक्रम र सहायक पाठ्य सामग्रीहरु उपलब्ध छैनन्, भए पनि पर्याप्त मात्रामा उपलब्ध छैनन्। अझ प्रशासनिक कार्यको बोझले गर्दा श्रोत केन्द्रबाट शिक्षकलाई प्राप्त हुने भनेका पेशागत सहयोग न त पर्याप्त छन् न राम्रो गुणस्तरका नै।

माथि उल्लेखित प्राथमिक विद्यालयका गुणस्तरीय शिक्षा सम्बन्धि अनेकन समस्याहरुलाई हेर्दा यस क्षेत्रमा गरिने महत्वपूर्ण सुधारका प्रयासहरु विद्यालय, लगानी गरिने साधन श्रोत र सेवा प्रदाय संयन्त्रप्रति निर्देशित हुनु अति जरुरी छ।

त्यसैले सबैका लागि शिक्षा २००४-२००९ ले कक्षाकोठाको सिकाइ वातावरण, शिक्षकहरुको कार्यकुशलता, पाठ्यक्रम तथा शिक्षण सामग्रीहरु, विद्यालयहरुको समुदायप्रतिको जिम्मेवारीमा जोड दिएको छ।

सिद्धान्त तथा रणनीतिहरु

प्राथमिक शिक्षाको गुणस्तरसम्बन्धि समस्याहरुको समाधानका लागि गरिने प्रयासहरु शिक्षक/कक्षाकोठा, पाठ्यपुस्तक, सुपरीवेक्षण, अनुगमन र विद्यालय व्यवस्थापनप्रति निर्देशित हुनुपर्दछ। त्यसैले सबैका लागि शिक्षा २००४-२००९ ले शिक्षकको क्षमता/योग्यता बढाउने, कक्षाकोठाको सिकाइ वातावरणमा सुधार ल्याउने र समयमै तिनको वितरण सुनिश्चित गर्ने विद्यालयमा आधारित स्वायत्त सुपरिवेक्षण तथा अनुगमन र विद्यालयहरुको विकेन्द्रीकृत व्यवस्थापनको सुनिश्चितताका लागि जोड दिएको छ।

स्वीकार्य गुणस्तरविनाको प्राथमिक स्तरको पहुँचको खासै अर्थ हुदैन। हाम्रा भावी सन्ततिलाई अन्तर्राष्ट्रिय मापदण्डको ज्ञान र सीप प्रदान गर्नका लागि प्रविधिमा विकास र शिक्षाको गुणस्तरमा वृद्धि हुनु अत्यावश्यक कुरा हो। यसका लागि प्राथमिक शिक्षाका लागि मापदण्ड, सीमा र व्यवस्थापनका उपयुक्त उपायहरुको कार्यान्वयन हुन जरुरी छ।

शिक्षकहरुलाई उचित तवरले तालिम प्रदान गर्न र समाहित शिक्षाका तत्वहरु, कक्षाकोठामा विविध व्यवस्थापन र शिक्षण विधि तथा कृयाकलापमा आधारित बाल-केन्द्रित शिक्षण सिकाइ विधिहरु शिक्षक तालिम कार्यक्रममा समावेश गर्नका लागि शिक्षक तालिम कार्यक्रलाई विस्तार र सुधार गरिनेछ। चालू शिक्षण अनुमती प्रक्रियालाई विस्तार र सुदृढ गरिनेछ। शिक्षा ऐन तथा नियामवली अनुसार शिक्षकहरुलाई विभिन्न क्षेत्रहरुमा आवर्त्तक तालिम प्रदान गरिनेछ। दशौं योजना पछि शिक्षकहरुलाई स्थानीय तहबाटै नियुक्त गरिने

www.moe.gov.np

छ। तर हालको शिक्षकहरुको असमान वितरणलाई ध्यानमा राखी हाल कार्यरत शिक्षकहरुका लगि पुनः दरबन्दी मिलान गरिने कुरामा जोड दिइने छ।

बालबालिकाहरुको जीवनसँग सान्दर्भिक बनाउन प्राथमिक तहको पाठ्यक्रममा सुधार ल्याइने छ र शिक्षक निर्देशन पुस्तिका, पाठ्यक्रम तथा अन्य शिक्षण सामग्री र सहायक पाठ्य सामग्रीहरु सबै विद्यालयहरुमा उपलब्ध गराइनेछन्। दशौं योजनापछि पाठ्यपुस्तकहरुलाई समयमै उपलब्ध गराउन पाठ्यपुस्तकको उत्पादन र वितरणका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, शिक्षण सामग्री तथा सहायक पाठ्य सामग्रीहरुको उत्पादन तथा वितरणका लागि पनि नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ। विविध पाठ्यपुस्तकहरु मध्ये उपयुक्त पाठ्यपुस्तक चयन गर्न विद्यालयलाई अवसर दिइने छ। तर पाठ्यक्रम विकास केन्द्र पाठ्यक्रमको खाका तयार गर्न प्राथमिक शिक्षाका लागि पाठ्यक्रम तयार गर्न र केन्द्रद्वारा उत्पादन तथा प्रकाशन गरिएका पुस्तकहरु प्रत्येक कक्षाको गुणस्तर, आवश्यकता र मापदण्ड अनुकुलका बनाउन जिम्मेवार हुनेछ।

माथि उल्लेखित सद्धान्त तथा रणनीतिहरुबाट निर्देशित यो कार्यक्रमले देहायका गतिविधिहरुमा दृष्टि पुऱ्याउनेछ-

- निम्न लिखित ५ वटा आधारभूत कुराहरु मार्फत् शिक्षाका मूल्य तथा मापदण्ड निर्धारण गर्नेः

(१॰ शिक्षक .२॰ पाठ्यपुस्तक/शिक्षण सामग्री .३॰ सिकाइ वातावरण .४॰ विद्यालय सुधार .५॰ व्यवस्थापन तथा विकास

- शिक्षकहरुका लागि आवर्त्तक तालिम
- शिक्षकहरुका लागि पुनर्दरबन्दी मिलान
- योजना तथा व्यवस्थापनसम्बन्धि तालिम
- विद्यालयमा आधारित सुपरीवेक्षण तथा अनुगमन तालिम
- अनुसन्धान, अन्वेषण तथा विकास
- विद्यालयमा पुस्तकालय तथा कम्पयुटर
- विद्यालय सुधार योजनामा आधारित गुणस्तर सुधारसम्बन्धि गतिविधिहरुका लागि विद्यालय अनुदान
- विद्यालय समुदाय व्यवस्थापनमा हस्थान्तरण गुणस्तरमाथि दिइएको जोडले थमौतीलाई बढाउने र शिक्षा व्यवस्थाको प्रभावकारितामा वृद्धि हुने आशा गरिएको छ।

www.moe.gov.np

## *७. कार्यक्रम कार्यन्वयनका लागि सिद्धान्त र रणनीतिहरु*

### ७.१ मार्ग निर्देशक सिद्धान्त

नेपालले २०१५ सम्ममा सबैका लागि शिक्षाका लक्ष्यपूरा गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। त्यसैले श्री ५ को सरकारका लागि गरिबी न्यूनीकरणको लक्ष्यप्राप्तिमा आफ्ना प्रतिवद्धतालाई साकार रुप दिन आधारभूत तथा प्राथमिक शिक्षा उप-क्षेत्रका लागि प्राप्त हुने सहयोग एउटा महत्वपूर्ण रणनीति हो। राष्ट्रिय योजना तथा नीतिहरुले सबैका लागि शिक्षा २००४-२००९ को निर्माणका लागि महत्वपूर्ण आधार प्रदान गर्दछ। दशौं योजना-जुन गरिबी न्यूनीकरण रणनीति पत्र पनि हो। यसमा उल्लेखित गरिबी न्यूनीकरण लक्ष्यका लागि शिक्षालाई एउटा महत्वपूर्ण खम्बाको रुपमा पहिचान गराउँछ।

सबैका लागि शिक्षा अभियानद्वारा निर्देशित गरिबी न्यूनीकरण रणनीति पत्रले .१॰ विकेन्द्रीकरण तथा सामाजिक परिचालन .२॰ पहुँचका लागि सामाजिक तथा सांस्कृतिक व्यवधानहरुमा कमी .३॰ विद्यालयको अनुगमन तथा सुपरिवेक्षण व्यवस्था सबलीकरण मार्फत् प्राथमिक शिक्षाको पहुँच तथा गुणस्तर सुधार गर्ने लक्ष्यलिएको छ। मध्यम आवधिक व्यय खाका लगायत सबैका लागि शिक्षाका लागि विकेन्द्रीकरण सुधार राष्ट्रिय कार्य योजना लगायत राष्ट्रसंघीय सहस्राब्दी विकास लक्ष्यलगायतको शिक्षा क्षेत्रमा प्रभाव पार्ने सुधारमा प्रयाशहरु सबै दशौं योजनमा स्वीकृत गरिएका छन्।

दशौं योजनाबाट लिइएका नीति तथा निर्देशनहरुबाट निर्देशित सबैका लागि शिक्षा २००४-२००९ ले गरिबमुखी गतिविधि तथा उपागमहरुमाथि जोड दिएको छ। गरिबमुखी गतिविधिहरुलाई निर्देशित गर्ने सिद्धान्तहरुले सुविधाविमुख क्षेत्रहरुमा विद्यालय संचालन गर्ने आवश्यक पूर्वाश्यकताहरु पूरा गर्ने र बालबालिकाहरुको शिक्षाका लागि अवसर लागत को माध्यमका रुपमा उनीहरुलाई आर्थिक सहायता मार्फत् र सुविधाविमुख परिवारहरुलाई आय-आर्जन गर्ने कार्यक्रमहरु सुनिश्चित गर्नेछन्। गरिब तथा सुविधाविमुख बालबालिकहरुका लागि आधारभूत तथा प्राथमिक शिक्षा पहुँचयोग्य बनाउने उद्देश्यले उनीहरुप्रति लक्षित हुने खालका विशेष कार्यक्रमहरुको निर्माण र कार्यान्वयन हुनेछ। यस्ता कार्यक्रमहरु गरिब तथा सुविधाविमुख/विपन्न समूहहरु बसोबास गरेका क्षेत्रहरुप्रति लक्षित हुनेछन्।

गरिबमुखी गतिविधि तथा उपागम सिद्धान्तबाहेक सबैका लागि शिक्षा २००४ ले शैक्षिक गतिविधिहरुको योजना र कार्यान्वयनमा सुविधाविमुख समूह र महिलाहरुलाई पनि विशेष जोड दिने छ। लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समाहितीकरण नै पाठ्यक्रम तथा शिक्षण सामग्रीहरुको परिमार्जन, शिक्षक तालिम कार्यक्रमहरु तथा सामान्यतया सामाजिक तथा लैङ्गिक समानतामा सुधार ल्याउने प्रयोजनका लागि प्रारम्भिक उपायहरु हनेछन्।

www.moe.gov.np

बालिका तथा सुविधाविमुख समूहहरुप्रति लक्षित आर्थिक सहायता, छात्रवृत्ति र अन्य शैक्षिक सहयोगजस्ता कार्यक्रमहरु शिक्षामा समाहितीकरण गर्ने व्यापक रणनीतिको अंगका रुपमा हुनेछन्।

सबैका लागि शिक्षा २००४-२००९को यस पछिको अर्को सिद्वान्त हो शुसासन। सुशासनका अपरिहार्य तत्वहरुमा स्वामित्व, समन्याय, पारदर्शिता, जिम्मेवारी, सहभागिता तथा कार्यकुशलता पर्दछन्। श्रोत साधनहरु स्पष्ट प्रक्रिया अन्तर्गत सही कामका लागि सदुपयोग गर्न र अपेक्षित उपलब्धि हासिल गर्न पारदर्शिता र जिम्मेवारीका संयन्त्रहरु कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेश गरिनेछन।

सुविधाभोगीहरुमा स्वामित्वको भाव विकासित होस् भन्ने हेतुले व्यवस्थापन सूचना प्रणालीमा तथ्याङ्क सर्वसाधारणको पहुँच तथा कार्यक्रमका गतिविधिहरुको योजना, निर्माण, कार्यान्वयन र अनुगमनमा सरोकारवाला, नागरिक समाज तथा जनप्रतिनिधिहरुलाई संलग्न गराउने प्रक्रियाबारे सर्वसाधारणलाई जानकारी दिने उद्देश्यका लागि छुट्टै व्यवस्था गरिनेछ। यस दस्तावेजमा अगाडि उल्लेख भएको नीति सम्बन्धि खाका तथा माथि उल्लेखित सिद्वान्त अन्तर्गत सबैका लागि शिक्षा २००४-२००९ ले विकेन्द्रीकरणलाई कार्यान्वयनको वृहत् रणनीतिको रुपमा अंगाल्ने छ। यसबाट यो आशा गरिएको छ कि स्थानीय श्रोत साधन उपयोगका लागि समुदायको सक्रिय सहभागिता तथा अधिकारसहितको स्थानीय तहको योजना तथा व्यवस्थाले सरोकारवालाहरुबीच स्वामित्वको भाव विकसित गराउने मात्र हैन बरु यसले उत्तरदायित्व, पारदर्शीता, समन्याय तथा दीगोपनमा पनि सुधार ल्याउने छ।

www.moe.gov.np

### ७.२ विकेन्द्रीकरण

दोश्रो आधारभूत तथा प्राथमिक शिक्षा योजना अन्तर्गत, ५ वटा जिल्लामा विद्यालय सुधार योजना मार्फत् विकेन्द्रीकृत शैक्षिक योजना परीक्षणको रुपमा लागू गरिएको छ। स्थानीय तहबाट क्रमशः केन्द्रतर्फ उन्मुख हुने यो उपागम दोस्रो आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमका विगतको कार्यक्रम वर्षमा बाँकी रहेका ६३ जिल्लाहरुमध्ये फाल्तु ७ वटा जिल्ला र एउटा श्रोत केन्द्रमा पनि लागू गरिएको छ। साथै शिक्षाको पहुँचमा सुधारका लागि गा.वि.स./नगरपालिक/जिल्ला विकास समितिहरुसँगको सहयोग आधारभूत तथा प्राथमिक शिक्षा योजना अन्तर्गत भएको अर्को प्रयास हो। प्राथमिक शिक्षाका लागि आवश्यक साधारण बजेट जिल्ला विकास समिति मार्फत प्रवाहित हुन्छन्।

अझ, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय प्रशासनको विकेन्द्रीकरणमा एउटा उपागमको रुपमा करार संझौता मार्फत् विद्यालयको व्यवस्थापन स्थानीय समुदायमा हस्तान्तरण गर्ने कार्य संचालनका लागि एउटा खाका तयार भएको छ

र सरकारद्वारा स्वीकृत हुने प्रक्रियामा छ। २००३-२००६ बीचको ३ वर्षको अवधिमा १५०० विद्यालय समुदायलाई हस्तान्तरण गर्न सहयोग गर्ने क्रममा सामुदायिक विद्यालय सहयोग परियोजनाका लागि श्री ५ को सरकार तथा विश्व बैंकबीच संझौतामा हस्ताक्षर भैसकेको छ। आशा छ विद्यालयको सामुदायिक व्यवस्थापन विद्यार्थीको कार्य सम्पादनसँग यसको सम्बन्ध, शिक्षाको गुणस्तर, अनुगमन तथा शैक्षिक योजना सम्बन्धमा सामुदायिक विद्यालय सहयोग परियोजनाको कार्यन्वयनको पहिलो वर्षबाट महत्वपूर्ण पाठहरु सिक्न सकिने छ।

विकेन्द्रीकरणको मुख्य उद्देश्य शिक्षण प्रक्रियालाई बढी अर्थपूर्ण बनाउनका लागि यसमा स्थानीय व्यक्तिहरुलाई सहभागी गराउन र निर्णय दिने कुरामा सक्षम बनाउने वातावरण सिर्जना गर्नु हो। यो आमाबाबुहरु गुणस्तरीय शिक्षा सेवाको मार्ग सिर्जना गर्न सक्षम बनाउने प्रक्रिया विकासको आवश्यकतासँग सम्बन्धित छ। सरकार सरोकारवालाहरुको परामर्शमा तैयार भएका गाउँ शिक्षा योजना, नगरपालिका शिक्षा योजना र जिल्ला शिक्षा योजना मार्फत् स्थानीय व्यक्तिहरुको आवश्यकताहरुप्रति सकारात्मक सहयोग भावका लागि प्रतिवद्ध रहेको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार सबैका लागि शिक्षा २००४-२००९ का लागि विकेन्द्रीकरण नै कार्यान्वयनको प्रमुख रणनीति हुनेछ। यसका लागि केन्द्रीकृत तथा कर्मचारीतन्त्र नियन्त्रित व्यवस्थाबाट विभिन्न स्थानीय निकाय, गैर सरकारी संघसंस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, समुदायमा आधारित संघसंस्था लगायतका नीजि संगठनको सहयोगमा समुदायद्वारा नियन्त्रित तथा विद्यालयमा आधारित योजना र व्यवस्थापन तर्फ उन्मुख रणनीतिक परिवर्तनको खाँचो छ।

स्थानीय स्तरबाट क्रमशः केन्द्रतर्फ उन्मुख हुने योजना नीति नै विकेन्द्रीकरणको मुख्य उपागम हुनेछ। विद्यालय सुधार योजना, विद्यालय शिक्षा योजना र जिल्ला शिक्षा योजना विकेन्द्रीकृत योजना तथा कार्यक्रम कार्यान्वित गर्ने माध्यम हुनेछन्।

विद्यालय सुधार योजना विद्यालय तथा समुदाय तहमा पहुँच, शैक्षिक प्रक्रियाको गुणस्तर तथा व्यवस्थापनमा सुधार ल्याउने एउटा साधन हो। साथै यो सम्भव भए सम्मको अधिकतम उपलब्धि प्राप्तका लागि विद्यालयको मानवीय, भौतिक तथा वित्तीय साधन-श्रोतहरुलाई प्राथमिकता निर्धारण गर्ने योजना संयन्त्र पनि हो। यसले विद्यालयमा बालबालिकाहरुको बचावट .थमौती॰, निर्धारित समयमा आशातीत उपलब्धिसहित शैक्षिक चक्र सम्पन्न गर्ने लगायतका गुणस्तरीय शिक्षा सुनिश्चित गर्न जोड दिनेछ। सान्दर्भिक आवश्यकता अनुकुल पाठ्यक्रमको निर्माण तथा समायोजनमा चालिने आवश्यक पाइलासहितको खाका निर्माण र आमाबाबु तथा सरोकारवालाहरुलाई योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा संलग्न गराउनु विद्यालय सुधार योजनाका सार तत्व हुन्।

www.moe.gov.np

यसरी यो साधन श्रोतमाथि स्थानीय संस्थाहरुको नियन्त्रणको सुनिश्चितताका लागि प्रयोग हुने संयन्त्र हो। यसका साथै यसले यस क्षेत्र कार्यरत गैरसरकारी संघसंस्था, सामुदायिक संघसंस्था तथा निजीक्षेत्रहरुसँग पनि सम्बन्ध राख्न चाहन्छ।

यसैगरी गाउँ शिक्षा योजना तथा नगर शिक्षा योजनाले विशेष गरी सबैका लागि शिक्षामा पहुँच सुनिश्चित गर्ने कुरामा जोडा दिंदै एउटा व्यापक योजना निर्माण गर्नेछन्। यी योजनाहरुमा समाजका सुविधाविमुख/उपेक्षित समूहहरुका शैक्षिक आवश्यकतालाई ध्यान दिने संयन्त्रहरु समावेश हुनेछन्। चेतना निर्माण, साक्षरता कार्यक्रम, शिक्षाका वैकल्पिक उपागमहरु विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, बाल विकास/पूर्व-प्राथमिक शिक्षा, ग्रामीण शिक्षा योजना तथा नगरपालिक शिक्षा योजनाका अभिन्न अंग हुन्। यो दुवै पक्षबाट शिक्षामा स्वस्थ र सन्तुलित श्रोतहरुको बाँडफाँड गरी केन्द्रीय प्रशासन र स्थानीय प्रशासनिक इकाइहरुबीच साझेदारी विकसित गर्ने अवधारणाको उपज हो।

जिल्ला शिक्षा योजना सबै गाउँ शिक्षा योजना, नगरपालिका योजनाहरु मिलाएर बनाइएको हुन्छ र यसले सरकारबाट उपलब्ध भएको जिल्ला तहमा परिचालित श्रोतहरुबाट कार्यान्वयन हुने शैक्षिक गतिविधिहरुलाई प्राथमिकता दिन्छ। शिक्षाको गुणस्तर र सोका लागि वातावरणमा सुधारका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाबीच साझेदारीको विकास गर्न जिल्ला शिक्षा कार्यालयले साझेदारी संगठनहरुबीच साझेदारी पत्रमा हस्ताक्षर गर्नेछ र सामूहिक रुपमा संचालन गरिने गतिविधिहरुलाई जिल्ला शिक्षा योजना समावेश गर्नेछ।

विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना, नगरपालिका शिक्षा योजना तथा जिल्ला शिक्षा योजनाले तल्लो तहका शैक्षिक गतिविधिहरुका लागि आर्थिक श्रोत तथा अनुगमनका लागि आधार प्रदान गर्नेछ। न्यूनतम पाँच वर्ष अवधिका यी योजनाहरुलाई कार्यन्वयन प्रक्रियामा प्राप्त शिक्षालाई समावेश गर्न र समय-समयमा देखापर्ने आवश्यकताहरुमा दृष्टि पुर्‍याउन सकिने गरी लचिलो पार्न निरन्तररुपमा परिमार्जित तथा अद्यावधिक गरिनेछन्।

विद्यालय सुधार योजना, नगरपालिका सुधार योजना तथा जिल्ला सुधार योजनालाई विकेन्द्रीकृत शैक्षिक योजना र व्यवस्थाका साधनकारुपमा उपयोग गर्नु भनेको सबै तहमा क्षमता विकास अति जरुरी छ भन्ने हो। शिक्षा तथा खेलकूद मन्त्रालयले विद्यालय व्यवस्थापन समिति, गा.वि.स./गा.शि.स., नगरपालिका, जि.वि.स./जि.शि.स.का सदस्य तथा सम्बन्धित विद्यालय, समुदाय र जिल्ला तहका सरोकारवालाहरुलाई विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना, नगर शिक्षा योजना र जिल्ला शिक्षा योजनाको कार्यान्वयन र अनुगमनका लागि एउटा वृहत् मानव संसाधन विकास योजनाको निर्माण गरिसकेको छ। मानव संसाधन विकास योजनाका सम्बन्धित आवश्यक कुराहरुलाई सबैका लागि शिक्षा

www.moe.gov.np

२००४-२००९ का कार्यक्रम अवयवमा पहिले नै समावेश गरिसकिएको छ। सबैका लागि शिक्षा २००४-२००९ मा उल्लेख नभएका क्षमता विकास गतिविधिहरुका लागि अतिरिक्त प्राविधिक सहायता उपयोग गरिने छ।

अझ, समुदायलाई प्राविधिक सहयोग प्रदान गर्न र प्रक्रियाका दरिलो र कमजोड पक्षहरुको निरुपण गर्न विकेन्द्रीकरणको प्रक्रियालाई सुधारात्मक अनुसन्धान कार्यक्रम तथा सहायता समूहहरुसँग आवद्ध गराइने छ। पारदर्शी मापदण्ड तथा योजनाहरुको मूल्याङ्कनमा आधारित एकमुस्ट अनुदान सहयोग प्रणालीको प्रयोगद्वारा विद्यालय तथा समुदायहरुको पहिचान गरिएका गतिविधिहरुमा रकम खर्च गरिनेछ। शिक्षा तथा खेलकूद मन्त्रालयले पूरक सिद्वान्तको प्रयोग कार्यक्रमको सामान्य अंग भएको कुरा लिखित रुपमा प्रमाणित गर्नेछ।

## ७.३ पहुँच तथा समन्याय सुधारका रणनीति

विकेन्द्रीकरणको वृहत् रणनीति अन्तर्गत कार्यक्रमले प्राथमिक शिक्षामा पहुँच तथा समन्याय सुनिश्चित गर्न विभिन्न रणनीतिहरु अवलम्वन गर्ने छ। विद्यार्थी तथा विद्यालय दुवैलाई आर्थिक सहायता दिनु पहिलो रणनीति हुनेछ। यस्ता सहायताहरु .उदारणको लागि छात्रवृत्ति, शिक्षाका लागि खाना, पोशाक आदि॰ को उद्देश्य बालिका, दलित परिवारका बालबालिका, गरिब तथा आदिवासी बालबालिकाहरु, अपाङ्ग बालबालिकाहरु, एच.आई.भी/एड्स् संक्रमित बालबालिकाहरु, द्वन्द पीडित बालबालिकाहरु तथा अन्य सुविधाविमुख बालबालिकाहरुले भोग्नु परेका विभिन्न सामाजिक तथा आर्थिक समस्याहरु समाधान गर्न मद्दत गर्नु हो।

हाल विद्यमान सहायता कार्यक्रमको लेखाजोखा गरी सहयोगको प्रकार, छनौटको मापदण्ड तथा संयन्त्र निश्चित गरिने छ। बालिका, अपाङ्ग बालबालिका, दलित तथा अन्य सुविधाविमुख समूहका बालबालिकाहरुको भर्ना वृद्धि गर्ने विद्यालयहरुलाई एकमुष्ट विद्यालय सुधार अनुमोदनका अनुदानका अतिरिक्त थप श्रोतहरु प्रदान गरिनेछन्।विद्यालयका लागि यस्तो कार्य सम्पादनमा आधारित आर्थिक सहायता योजनाका लागि मापदण्ड तथा प्रकृया कार्यक्रम कार्यान्वयन गर्नु अघि नै विकसित गरिनेछन्।

यद्यपि यी साधनहरुको लक्ष्य र प्रशासनमा सुधार ल्याउन आवश्यक ठानिए तापनि अनुसन्धानले हालका सन्दर्भमा छात्रवृत्तिजस्ता कार्यक्रमले विद्यालय भर्नामा उल्लेखनीय वृद्धि ल्याउने कुरा देखिएको छ। तर यस्ता आर्थिक सहायता पहुँचसम्बन्धि तत्कालका समस्या समाधान गर्ने लक्षित मध्यम आवधिक रणनीति मात्र हुन्। विद्यालय उपस्थीति

www.moe.gov.np

देशभर नै नियमित भैसकेपछि विद्यार्थीप्रति लक्षित आर्थिक सहयोग कार्यक्रम क्रमशः हटाउँदै लगिने छ।

पहुँच तथा समन्याय सुधारको दोस्रो रणनीतिमा विद्यालयको भौतिक वातावरणको सुधार पर्दछ। भर्ना तथा थमौतिका लागि विद्यालयमा बाल मैत्री .खास गरी बालिका-मैत्री॰ वातावरण सिर्जना हुन आवश्यक छ। यसका लागि कार्यक्रमले सहायता पुऱ्याउने गतिविधिहरुमा कक्षाकोठा निर्माण, कक्षाकोठा पुनर्स्थापना, विद्यालयहरुको भौतिक वातावरणको सुधार तथा नियमित मर्मत सम्भार पर्दछन्।

**शिक्षकहरुको नियुक्ति तथा दरबन्दी मिलानः**

प्राथमिक विद्यालयमा पहुँच तथा समन्याय सुनिश्चित गर्ने तेस्रो रणनीति हुनेछ। महिला शिक्षक, दलित, आदिवासी तथा सुविधाविमुख समुदायका शिक्षकहरुलाई नियुक्तिका लागि विशेष प्राथमिक दिइनेछ। यी शिक्षकहरु सुविधाविमुख बालबालिकाहरुका लागि रोल मोडेल हुनेछन् र विद्यालयमा बालिका-मैत्री वातावरण सिर्जना गर्न योगदान पुऱ्याउने छन्।

बाल विकास तथा पूर्व-प्राथमिक शिक्षा विस्तार-पहुँच विस्तार कार्यक्रमको एउटा अङ्ग कार्यकुशलता अभिवृद्धि गर्ने चौथो रणनीति पनि हो। बाल विकासले सिकाइ उपलब्धि तथा थमौती दुवैमा-खास गरी कक्षा १ मा उल्लेखनीय सुधार देखाएको छ।

विकेन्द्रीकरणको वृहत् रणनीतिलाई दृष्टिगत गर्दा स्थानीय तहमा रकम उपलब्ध गराई बाल विकास र पूर्व-प्राथमिक शिक्षालाई आगडि बढाइने छ। कार्यक्रमले पूर्व-प्राथमिक कक्षा संचालन गर्ने विद्यालयहरुलाई र बाल विकास केन्द्रहरुलाई प्रर्याप्त जोडा रकम उपलब्ध गराउने छ। सबैका लागि शिक्षा २००४-२००९ ले घ र ग जिल्लाहरुमा मात्र बाल विकास कार्यक्रमहरु केन्द्रीत गर्नेछ र हाल संचालित अरु कार्यक्रमहरुका सहकर्ताहरुको पारिश्रमिक श्री ५ को सरकारले बेर्होने छ।

पहुँच तथा समन्याय सुधारको पाँचौ रणनीतिका रुपमा व्यापक अवधारणाका रुपमा लिइएको समाहित शिक्षा पर्दछ। सामाजिक रुपमा उपेक्षित समूहका बालबालिका, अपाङ्ग बालबालिका, आदिवासी बालबालिका, विशेष शैक्षिक आवश्यकता सहितका तथा कठीन परिस्थितिमा रहेका बालबालिकाहरुका आवश्यकताहरुलाई समेट्ने उपायहरु कार्यक्रममा समावेश गरिएका छन्। कामदार बालबालिका, कुनाकाप्चा र अलग्गिएका क्षेत्रका बालबालिकाहरु, औपचारिक शिक्षाका लागि र अन्य नियमित विद्यालय हाजिर हुन नसक्ने बालबालिकाहरुका लागि वैकल्पिक तथा लचिला खालका विद्यालयहरुको व्यवस्था गरिने छ।

www.moe.gov.np

प्रौढ निरक्षरतामा कमी ल्याउने कार्यक्रमको एउटा अवयवका साथसाथै शिक्षाको पहुँचमा वृद्धि ल्याउने छैटौं रणनीति पनि हो। आमाबाबुका लागि आय आर्जन गर्ने गतिविधि सहितका आवश्यकतामा आधारित शैक्षिक कार्यक्रमहरुले आमाबाबुहरुमा शैक्षिक जागरण अभिवृद्धि गर्न मद्दत मिल्ने आशा गरिएको छ। साक्षर आमाबाबुहरु विद्यालय व्यवस्थापन समिति, अभिभावक-शिक्षक संघ वा अन्य कुनै तवरले बढी आफ्ना बालबालिकहरुलाई विद्यालय पठाउने र विद्यालयका गतिविधिहरुमा सहभागि हुने देखिन्छन्।

**७.४ गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिका लागि रणनीतिः**

सबैका लागि शिक्षा २००४-२००९ ले गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिका लागि केही रणनीतिहरुको अवलम्वन गर्ने छ। यीमध्ये सबैभन्दा पहिले शिक्षण सिकाइमा सुधार हो। एक तहमा स्रोत व्यक्तिहरुद्वारा प्रदान गरिएको सहयोग लगायत प्रमाण पत्र तथा अवर्तक शिक्षक तालिम दुवै पर्दछन् भने अर्को तहमा शिक्षकको दरबन्दी मिलान, शिक्षक उत्प्रेरणा र हरेक विद्यालयलाई एक भन्दा बढी महिला शिक्षक उपलब्ध गराउने जस्ता सवालहरु समाधान गर्ने रणनीति पर्दछन्।

गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिका लागि सम्बन्धित दोश्रो रणनीति शिक्षण-सिकाइ सामग्री सुधार गर्नु हो। कार्यक्रमले भर्ना भएका बालबालिकाहरुलाई पाठ्यपुस्तक तथा शिक्षकहरुलाई सहायता सामग्रीहरु प्रदान गर्ने छ। विद्यालयहरुलाई विभिन्न प्रकारका सहायक पाठ्यसामग्री तथा अन्य सन्दर्भ सामग्रीहरु प्रदान गरिनेछन्। पाठ्यपुस्तकहरु छनौट गर्ने अवसर दिइने छ। दशौं योजना अनुरुप पाठ्यपुस्तक उत्पादन तथा वितरणका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गरिने छ।

गुणस्तर तथा सान्दर्भिताको वृद्धि गर्न तेस्रो रणनीतिमा पाठ्यक्रममा विकास एक निरन्तर प्रक्रियामा पर्दछ। स्थानीय दृष्टिले सान्दर्भिक बनाउने जोडका साथ पाठ्यक्रममा विषय-वस्तुहरुको पुनरावलोकन, परिमार्जन र संसोधन गरिने छ। पाठ्यक्रमका २०% विशेष विषयहरु स्थानीय परिस्थितिमा आधारित हुनेछन् र यस्ता विषयबस्तुहरुको अध्यापनका लागि शिक्षकहरुलाई उचित सहयोग प्रदान गरिनेछ। कार्यक्रम अवधिभर पाठयपुस्तक उत्पादन तथा आपूर्तिमा नीजि क्षेत्रको भूमिकाको मूल्याङ्कन लगायत सिकाइ सामग्रीको उत्पादन सम्बन्धि दक्षता तथा प्रभावकारिता पुनरावलोकन गरिने छ। निश्चित छनौट गरिएका विद्यालयहरुमा पुस्तकालय तथा कम्प्यूटर शुरुवातका लागि साधनश्रोतहरुमा ध्यान दिइने छ।

अन्त्यमा गुणस्तर तथा सान्दर्भिकता वृद्धि गर्ने चौथो रणनीति हो सबै तहमा नयाँ विकेन्द्रीकृत ढाँचा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास। स्थानीय

www.moe.gov.np

स्तरमा विद्यालय तहमा आधारित सुपरिवेक्षण तथा अनुगमनले जिल्ला शिक्षा अधिकारी र श्रोत व्यक्तिहरुबाट प्राप्त सहयोगका लागि पूरकको काम गर्ने छन्। विकेन्द्रीकरण अन्तर्गतका केन्द्रीय तहका उस्तै निकायहरुले जिल्ला तथा स्थानीय तहले सहजीकरण तथा अनुगमनमा सर्ने भूमिकाले गर्दा केन्द्रीय तहमा मात्र नभै स्थानीय तहमा पनि एउटा बलियो शिक्षा व्यवस्थापन सूचना प्रणालीको आवश्यकता पर्दछ, जसले गर्दा प्रकृया अनुगमन, कार्यक्रम सम्पादन अनुगमन तथा व्यवस्था सम्पादन अनुगमनका लागि आवश्यक पर्ने तथ्याङ्क उत्पादन संकलन/संग्रह र विश्लेषण गर्न सकिन्छ। कार्यक्रमका प्रथम दुई वर्षमा परीक्षणका रुपमा सामुदायिक शिक्षा व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयन गरिने छ र यसको नतिजा हेरी कार्यक्रमलाई राष्ट्रिय स्तरसम्म अगाडि बढाइने छ। शिक्षा व्यवस्थापन सूचना प्रणालीले लैङ्गिक, भौगोलिक, स्थानीय जातियता तथा संस्था .नीजि तथा सार्वजनिक॰ को प्रकारका आधारमा छुट्टा छुट्टै तथ्याङ्क समावेश गर्ने छ। स्थानीय, जिल्ला तथा केन्द्रीय तहमा सूचनामा आधारित योजना तथा नीति निर्माणलाई अझ बढाउने प्रयाशहरु गरिनेछन्।

केन्द्रीय तहको अनुसन्धानसँगसँगै जिल्ला स्तरीय अनुसन्धान तथा विकासका लागि पनि रकम उपलब्ध गराइने छ। विद्यमान प्रणालीका सबल तथा कमजोर पक्षहरुलाई उचित तबरले पहिचान गरी तिनमा दृष्टि पुऱ्याउनका साथै स्थानीय तहमा विकेन्द्रीकरणको सिद्धान्त अनुरुप पाठ सिकिएको नसिकिएको कुरा ठहर गर्नु अनुसन्धान गतिविधिहरुको लक्ष्य हुनेछ। यसका साथै गा.वि.स., जिल्ला तथा केन्द्रीय तहमा विद्यालयमा शैक्षिक योजना प्रकृयालाई जानकारी गराउने ज्ञान सिर्जना गर्ने संस्कृतिको विकास अनुसन्धानको लक्ष्य हुनेछ। यसबाहेक अन्य क्षेत्रहरुका साथै निर्दिष्ट मापदण्ड सुनिश्चित गर्न जनसंख्याको आधारमा विद्यालयको स्थापना, विद्यालय पूर्वाधार भौतिक निर्माणमा सामुदायिक योगदान तथा आर्थिक सहायताका लागि मापदण्ड तथा आधारहरु विकसित गरिने छन्।

### ७.५ कार्य दक्षता तथा संस्थागत क्षमता सुधारका लागि रणनीतिहरुः

शिक्षा योजना तथा व्यवस्थापनको विकेन्द्रीकृत व्यवस्थाले प्राथमिक शिक्षासँग सम्बन्धित सबै तहका शैक्षिक संस्थाहरुको कार्य दक्षता तथा संस्थातग क्षमता सुधारका लागि विभिन्न उपायहरु समावेश गर्ने छ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण अन्तर्गत शिक्षा तथा खेलकूद मन्त्रालयले पहिले नै शुरु गरेको पहिलो रणनीति केन्द्रीकृत व्यवस्थापनबाट समुदायद्वारा नियन्त्रित र समुदायमा आधारित योजना तथा व्यवस्थापनको रुपमा विद्यालय

www.moe.gov.np

व्यवस्थापनलाई समुदायमा हस्तान्तरण गर्नु हो। समुदायको व्यवस्थापनमा आधारित विद्यालयहरुमा विद्यालयमा आधारित प्रभावकारी अनुगमन आफ्ना बालबालिकाहरुको शिक्षाका लागि बाबुआमा कै बढी संलग्नता र विद्यालय र समुदाय प्रति शिक्षकहरुको बढी जिम्मेवारी हुने अपेक्षा गरिएको छ। यसरी विद्यालयको कार्यक्षमतामा वृद्धि हुनेछ। समुदायद्वारा खोलिएका र समुदायका कोषद्वारा व्यवस्थित विद्यालयहरुलाई उनीहरुको आवश्यकता अनुसार कार्यक्रमको कोषबाट पनि रकम उपलब्ध गराइने छ।

विकेन्द्रीकृत विद्यालय संचालन अन्तर्गतको दोस्रो रणनीति विद्यालय सुधार योजना हो। विद्यालय सुधार योजनामा पहिचान गरिएका आवश्यकताहरु तथा प्रस्तावित निर्दिष्ट गतिविधिहरुका आधारमा श्रोत तथा बाँढफाँडमा लचकता अपनाउन सकिने स्पष्ट तथा पारदर्शी मापदण्ड बमोजिम विद्यालयहरुलाई एकमुष्ट रकम उपलब्ध गराइनेछ। विद्यालय सुधार योजनाले शिक्षकहरुका लागि निर्माण गर्ने योजनाको पनि विकास गर्नेछ। कार्यक्रम अवधिमा प्रतिबालकका लागि सुनिश्चित गरिएको श्रोतसँगै स्थानीय तहबाट केन्द्रतर्फ उन्मुख योजनालाई क्रमिकरुपमा ७५ वटै जिल्लामा विस्तार गरिनेछ।

सबै तहका शिक्षण संस्थाहरुमा कार्यदक्षता तथा संस्थागत दक्षतामा सुधार ल्याउनका लागि अपनाइने तेस्रो रणनीतिमा मन्त्रालयको मानव संसाधन विकास योजनाका सम्बन्धित गतिविधिहरुको कार्यान्वयन पर्दछ। विकेन्द्रीकृत शैक्षिक योजना तथा व्यवस्थापनको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा विशेषगरी विद्यालय र तिनका व्यवस्थापन समिति, गा.वि.स., नगरपालिका, गाउँ शिक्षा समिति, नगर शिक्षा समिति, जिल्ला विकास समिति तथा जिल्ला शिक्षा समितिमा क्षमता विकासका लागि विशेष प्रयासहरुको खाँचो पर्नेछ। स्थानीय तहमा क्षमता विकास सम्बन्धि कार्यक्रमका लागि जिल्ला शिक्षा अधिकारी तथा श्रोत व्यक्तिहरुको निरन्तर सहयोगका अतिरिक्त प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिका सदस्यहरुलाई तालिमको अवसर प्रदान गरिनेछ। कार्यक्रम अवधिमा विभिन्न श्रोत केन्द्रहरु जिल्ला शिक्षा कार्यालय र अन्य सेवा प्रदान गर्ने भवनहरुको निर्माण मार्फत् स्थानीय भौतिक संरचना निर्माण गर्न पनि आवश्यक छ। कार्यक्षमता तथा संस्थागत क्षमता निर्माणका लागि आफ्नो क्षमता र योग्यताको बढी सदुपयोग हुने गरि जिम्मेवारी बहन गर्ने मूख्य कर्मचारीलाई थमौती गर्ने वा उपयुक्त स्थानमा बहाली गर्नु पनि उत्तिकै जरुरी छ।

कार्यक्षमता तथा संस्थागत क्षमताको सुधार गर्ने चौथो रणनीति हो। स्थानीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था तथा समुदायमा आधारित संघसंस्थाहरु सँगको साझेदारीको विकास। स्पष्ट जिम्मेवारी सहित शैक्षिक विकासमा सक्रिय संलग्नता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय गैरसरकारी संघ, गैरसरकारी संघसंस्था र समुदायमा आधारित

www.moe.gov.np

संघसंस्था तथा नीजि क्षेत्रसँगको साझेदारीको विकासका लागि मार्गनिर्देशन निर्माण गरिनेछ। साझेदारी तथा सहयोग स्थापनका लागि जिल्ला शिक्षा अधिकारीहरुलाई अन्य साझेदार संगठनहरुसँगको समझदारी पत्रमा हस्ताक्षर गर्न सामुहिक रुपले संचालन गरिने कार्यक्रमहरुलाई जिल्ला शिक्षा योजनामा समावेश गर्न अधिकार प्रधान गरिनेछ।

## ७.६ विकेन्द्रीकृत प्रणाली अन्तर्गत वितरण प्रक्रिया

वितरण गरिने विभिन्न शैक्षिक सेवाहरु विद्यालयका बालबालिकाहरुप्रति लक्षित छन्। यसका लागि एउटा प्रमुख पूर्व-आवश्यकता भनेको अभिभावक तथा आमाबाबुहरुले आफ्ना बालबालिकहरुलाई विद्यालय पठाउनु हो। स्थानीय शिक्षा सेवा सुबिधामा पहुँच सुनिश्चित गर्न र समग्र उपस्थितिलाई टेवा दिने सामाजिक उत्प्रेरणा, सुरक्षा, जाँगर तथा हौसला प्रदान गर्नु गा.वि.स. तथा नगरपालिकाको जिम्मेवारी हुनेछ। यस प्रक्रियामा प्राविधिक श्रोत साधन जुटाउने कार्य गाउँ शिक्षा समिति, स्थानीय श्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यलयले गर्नेछन्। विद्यालय भर्ना नभएका बालबालिकाहरुलाई मूल प्रवाहमा ल्याउन अभिप्रेरित गर्ने छात्रवृत्ति गाउँ शिक्षा योजनामा आधारित हुनेछन्। तर पहिले देखि नै विद्यालयमा भएका बालिका, दलित बालिका, सुधिवाबन्चित तथा आदिवासी समुदायहरु तथा विभिन्न प्रकारका अपाङ्ग बालबालिकाहरुलाई थमौति गर्ने छात्रवृत्तिहरु भने विद्यालय सुधार योजनामा आधारित हुनेछन्। आशा छ, स्थानीय तहमा स्थानीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, सरकारी संघसंस्था तथा व्यक्तिहरुले विभिन्न तवरले योगदान पुऱ्याउने छन्।

प्रत्येक विद्यालयको लागि मानवीय, भौतिक, शैक्षिक तथा अन्य श्रोत सामग्रीहरु अति आवश्यक कुराहरु हुन्। विद्यालयहरुलाई शिक्षण अनुमति प्राप्त भएका विद्यालय व्यवस्थापन समितिहरुद्वारा नियुक्त हुने र एकमुष्ट अनुदान सहयोग मार्फत् तलव भत्ता सुविधा दिइने शिक्षकहरु प्रयाप्त संख्यामा उपलब्ध गराइने छन्। सीप तथा ज्ञानलाई अद्यावधिक राखी उनीहरुको पेशागत विकासका लागि नियमित रुपमा अवसरहरु प्रदान गर्न प्रधानाध्यापक तथा श्रोत व्यक्तिहरुले शिक्षकहरुको काममा सहयोग प्रदान गर्नेछन्। राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतको विद्यमान तालिम संजाल सेवाकालिन तालिम, पुनःर्ताजगी कोर्स र अध्यापन सम्बन्धि श्रोत साधनका लागि जिम्मेवार हुनेछ। शिक्षकहरुको कार्यसम्पादनको पृष्टपोषण विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरु र खास गरी अभिभावकहरुबाट प्राप्त हुनेछ।

प्रत्येक विद्यालयको विद्यालय सुधार योजनामा भौतिक सुधारसम्बन्धि कुराहरु समावेश गरिनेछन्। यिनीहरुमा नयाँ कक्षाकोठाको व्यवस्था, विद्यमान विद्यालय भवनहरुको

www.moe.gov.np

पुर्नस्थापना, शौचालय तथा पिउने पानी सम्बन्धि सुविधा र विद्यालय वातावरणको सामान्य कुराहरु पर्दछन्। जिल्लामा नयाँ सार्वजनिक निर्माण कार्यहरुका लागि प्राथमिकता दिइनेछ जसलाई राष्ट्रिय तहमा वार्षिक रणनीतिक कार्यन्वयन योजना तथा वार्षिक कार्य योजना तथा बजेटमा झल्काइने छ।

राष्ट्रिय खाकालाई ध्यानमा राखि जिल्ला शिक्षा योजना अनुरुप जिल्लाहरुमा श्रोतहरुको बाँडफाँड गर्नु शिक्षा विभागको जिम्मेवारी हुनेछ। श्री ५ को सरकारको श्रोत योजनामा प्रयाप्त रकम विनियोजन भए नभएको साथै जिल्लाहरुलाई छुट्याएको रकम कुन हदसम्म न्यायोचित छ भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी शिक्षा तथा खेलकूद मन्त्रालयको हो। पुर्नस्थापना तथा साधारण विद्यालय सुधारका लागि छुट्याइने श्रोतहरुका लागि पनि सोही प्रक्रिया लागु हुनेछन्। यसका साथै विद्यालयहरुको भौतिक सुविधाको लागि स्थानीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था, गैरसरकारी संघसस्था तथा व्यक्ति विशेषले विभिन्न तवरले योगदान पुऱ्याउने छन् भन्ने पनि आशा गरिएको छ।

श्री ५ को सरकार प्राथमिक तहका सबै बालबालिकहरुलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गर्न र प्रत्येक वर्षको शैक्षिक वर्षको शुरुकै दिनमा उक्त पुस्तकहरु उपलब्ध गराउन प्रतिवद्ध छ। हाल पाठ्यपुस्तकको प्रकाशन जनकशिक्षा सामग्री केन्द्रद्वारा र वितरण एजेन्ट मार्फत् साझा प्रकाशन द्वारा हुने गरेको छ। यी एजेन्टहरु .प्रायशः स्थानीय पुस्तक पसलहरु॰ ले जिल्ला शिक्षा कार्यालयले गरेको अनुमानको आधारमा आवश्यक संख्यामा पुस्तकहरुको अडर गर्दछन्। यस व्यवस्था अन्तर्गत देशभरका लागि आवश्यक पर्ने पाठ्यपुस्तकको समग्र अनुमानित संख्याका पुस्तकहरु प्रकाशन गर्न लगाउनु जनकशिक्षा सामग्री केन्द्रको जिम्मेवारी हो। हालसम्म पाठ्यक्रम विकास केन्द्रले प्रकाशकहरु-खास गरी जनक शिक्षा सामग्री केन्द्रलाई पाठ्यपुस्तकका क्यामरा-तयारी-प्रति उपलब्ध गराउने जिम्मेवारी लिइदै आएको छ। तर शिक्षा तथा खेलकूद मन्त्रालय हालसालै त्यसै सँग सम्बन्धित निर्मित कार्य योजना अनुरुप पाठ्यपुस्तकको वितरण तथा उत्पादनमा नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने कार्यका लागि अघि बढी रहेकोछ। अन्य श्रोत सामग्रीहरु पाठ्यक्रम विकास केन्द्र/शिक्षा विभागबाट उत्पादन/निर्माण भई जिल्ला शिक्षा कार्यालय तथा स्थानीय श्रोत केन्द्र मार्फत् शिक्षकहरुलाई उपलब्ध गराइनेछन्।

प्राथमिक विद्यालय .आफैले॰ बाहेक, अनौपचारिक शिक्षाका विभिन्न गतिविधिहरु लगायत बाल विकास तथा पूर्व-प्राथमिक शिक्षा दुवैका लागि सबैका लागि शिक्षा २००४-२००९ ले पनि आवश्यक सहयोग उपलब्ध गराउनेछ। समुदायमा बाल विकासको व्यवस्था सुनिश्चित गर्ने काममा गा.वि.स. तथा नगरपालिकाको प्रमुख भूमिका रहनेछ। कार्यक्रम अवधिमा बाल विकास केन्द्रहरुलाई सामग्री, पारिश्रमिक, तालिम तथा जोडकोषका रुपमा अनुदान सहयोग प्राप्त हुनेछ। सामग्री तथा तालिमका लागि अतिरिक्त अनुदानको व्यवस्था मार्फत् नयाँ

www.moe.gov.np

नयाँ बाल विकास केन्द्रहरुको स्थापनका लागि प्रोत्साहित गरिनेछ। यी श्रोतहरु समुदायसँगैको करारीय आधारमा गा.वि.स./नगरपालिकाहरु तर्फ प्रवाहित गरिनेछ। गा.वि.स.हरुलाई पनि बाल विकास व्यवस्था विस्तार गर्न र यिनका विद्यमान केन्द्रहरुमा गुणस्तरमा वृद्धि ल्याउन अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था तथा सरकारी संघसंस्थाहरु दुवैसित करारीय सम्बन्ध स्थापनाका लागि प्रोत्साहित गरिनेछ।

अनौपचारिक शिक्षाका कार्यक्रमहरु विकेन्द्रीकृत प्रकृयाहरुमा आधारित हुनेछन्। जसबाट लचिला शिक्षा कार्यक्रम तथा विद्यालय बाहिरका कार्यक्रमहरु लगायत स्थानीय अनौपचरिक शिक्षा सम्बन्धि आवश्यकताहरुलाई समेट्ने खालका योजनाहरु गा.वि.स. तथा नगरपालिकाहरुले निर्माण गर्नेछन्। आवश्यक निरीक्षण पछि गाउँ शिक्षा योजना तथा नगरपालिका शिक्षा योजनालाई रकम उपलब्ध गराइने छ। राष्ट्रिय स्तरको अनौपचारिक शिक्षाको ढाँचा अनुरुप जिल्लाहरुलाई श्रोत बाँडफाँड गर्ने जिम्मेवारी अनौपारिचक शिक्षा केन्द्र तथा शिक्षा विभागको हुनेछ।

हालको व्यवस्थामा पहिचान गरिएका कमजोरीहरुलाई सबैको लागि शिक्षा २००४-२००९ को कार्यान्वयन अवधिमा ध्यान दिइने छ। यस कार्यमा प्राथमिकता भनेको विद्यालयलाई प्रत्यक्ष रुपमा दिइने अनुदानको मात्रालई वृद्धि गर्ने हो। यस्ता अनुदानहरुमा आधारभूत तथा कार्यक्रममा आधारित रकमहरु पर्नेछन्। यस किसिमको परिवर्तित कार्यले विद्यालय भित्रको गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुलाई जिम्मेवारी सुम्पिने छ र स्थानीय क्षमता विकासका लागि विशेष प्रयासहरुको आवश्यकता पर्नेछ। श्री ५ को सरकारले समुदायद्वारा व्यवस्थित तथा रकम प्रदान गरिएका विद्यालयले पनि शिक्षकहरुको पारिश्रमिकका लागि सुत्रमा आधारित एकमुष्ट अनुदान प्राप्त गर्ने कुराको सुनिश्चित गर्नेछ।

दोस्रो प्राथमिकतामा सबै विद्यालयहरुमा योग्य तथा तालिम प्राप्त शिक्षकको सुनिश्चितता पर्दछ। यसका लागि शिक्षण पेशामा महिला र अल्पसंख्यक समूहलाई नियुक्त गर्न विशेष प्रावधानको कार्यान्वयन लगायत शिक्षक तालिम तथा शिक्षण अनुमति पत्रजस्ता सवालहरुमाथि ध्यान बढ्दो मात्रामा केन्द्रीत हुन आवश्यक छ। शिक्षक सेवा आयोगलाई शिक्षक अनुमति पत्र दिने कार्यमा मात्र सिमित गर्न पनि जरुरी छ। प्रयाप्त मात्रामा प्रामाणिक शिक्षकहरुको आपूर्ति सुनिश्चित गर्न हाल तालिम दिने संस्थाहरुलाई प्रारम्भिक कार्यक्रमहरु निर्माणका लागि प्रोत्साहित गरिने छ। राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्रले देशमा शिक्षक शिक्षा तथा तालिम कार्यक्रमहरुको समन्वय गर्ने छ।

अनौपचारिक शिक्षा कार्यक्रमको हालको कोटा प्रणालीलाई आवश्यकतामा आधारित एकीकृत प्रणालीमा सार्नु पनि जरुरी हुनेछ। शिक्षा तथा खेलकूद मन्त्रालयले सिकाइ उपलब्धिको मान्यता सुनिश्चित तथा स्थानीय निकाय मार्फत् कार्यन्वयन सुदृढिकरण गरेर र शिक्षा

www.moe.gov.np

विभाग, अनौपचारिक शिक्षा केन्द्र र पाठ्यक्रम विकास केन्द्रबीचको समन्वयमा सुधार ल्याई नियमित प्रणालीभित्र अनौपचारिक शिक्षालाई मिलाएर राख्ने छ। वैकल्पिक विद्यालय कार्यक्रमहरु अनौपचारिक शिक्षा कार्यक्रममा एकीकृत गरिने छन्।

## ७.७ कार्यान्वयनको वातावरण

विकास प्रकृया र गरीवी न्यूनीकरणमा शिक्षाको अत्यन्त महत्वपूर्ण भूमिका रहने भए तापनि यसका उपलब्धिहरु भने स्वतः प्राप्त हुने होइनन्-शिक्षाले के पूरा गर्न सक्छ र के योगदान पुर्‍याउन सक्छ भन्ने कुरा धेरै हदसम्म यसको योजना व्यवस्थापन तथा संचालन कार्यान्वयन कसरी हुन्छ भन्ने कुरामा निर्भर गर्छ। यो धेरै हदसम्म त नीति तथा कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयनका साथसाथै कार्यक्रमको सम्पादन तथा व्यवस्थाको उपलब्धिको अनुगमन तथा मूल्याङ्कनमा निर्भर रहने कुरा हो।

हाल सार्वजनिक शिक्षामा विश्वासको कमी छ। तैपनि बहुसंख्यक नेपालीहरुका लागि यो नै शिक्षाको एक मात्र अवसर हो। सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्नु सबैको लागि शिक्षा २००४-२००९को प्रमुख चुनौती हो। देशमा विद्यमान सशस्त्र जनयुद्ध, राजनीतिक अस्थिरता, खस्कँदो आर्थिक धरातल र शिक्षा क्षेत्रको अपर्याप्त क्षमतालाई दृष्टिगत गर्दा सबैका लागि शिक्षाका लागि शिक्षाका सबै गतिविधिहरुको उपयुक्ततवरले योजना, कार्यान्वयन र अनुगमन हुनु एउटा आवश्यकता हो। यसैले सबैका लागि शिक्षा २००४-२००९ नेपाली बालबालिकहरुका लागि अर्थपूर्ण र सान्दर्भिक बनाउनका लागि आमाबाबु तथा स्थानीय सरोकारवालाहरु शैक्षिक प्रकृयामा सहभागि भै निर्णय लिन सक्ने वातावरण सिर्जना गर्न जरुरी छ।

यसैगरी सुविधावन्चित बालबालिका, दलित बालबालिका, आदिवासी बालबालिका, अपाङ्ग बालबालिकाहरु, बालिका विद्यार्थी र द्वन्द प्रभावित बालबालिकाहरु प्रति संवेदनशीलता तथा जोड नै सबैका लागि शिक्षा २००४-२००९को मुख्य लक्ष्य हो। यो प्रमुख लक्ष्यलाई वार्षिक रणनीतिक कार्यान्वयन योजनाहरुमा पनि झल्काइने छ।

यसैले स्थानीय शिक्षक, पाठ्यपुस्तक, शिक्षण-सिकाइ सामग्री, भर्नाका लागि आर्थिक सहयोग, विद्यालय व्यवस्थापन समितिहरुको क्षमता विकास, साक्षरता कक्षा लगायत विद्यालयमा कक्षाकोठा, खानेपानीका धारा तथा बालिकाहरुका लागि छुट्टै शौचालयजस्ता आधारभूत सेवासुविधा मा जोड दिन राष्ट्रिय योजना आयोगद्वारा वर्गिकृत सबैभन्दा गरिव जिल्ला तथा सुविधाविमुख समूहहरु बसोबास गर्ने मुख्य क्षेत्रहरुमा सबभन्दा निर्धन तथा शैक्षिक सुविधाबाट सबैभन्दा बन्चित समुहहरुलाई उच्च प्राथमिकता दिइने छ। प्राथमिकताको निर्धारण प्रदाय सम्बन्धि निर्धारित मान्यता तथा मापदण्डका आधारमा

गरिनेछ। यस क्रममा वितरण गरिने सामग्री र वितरण गर्ने प्रकृया सर्बसाधारणले अवलोकन गर्न सकून् र ती सामग्रीहरु र तिनीहरुको गुणस्तर समेतको निरीक्षण गर्न सकुन् भन्नका लागि सार्वजनिक गरिने छन्।

कार्यक्रमको कार्यान्वयनको प्रारम्भ शिक्षा तथा खेलकूद मन्त्रालयले आफ्नो मातहतका सबै तहमा कर्मचारीहरुको अभिमुखीकरण कार्यक्रम सँगै कार्यक्रमको जानकारी सामान्यतया सर्वसाधारणलाई र खासगरी पहिचान गरिएका सरोकारवालाहरुलाई दिने कार्य योजनाको थालनीबाट हुनेछ। यस मुख्य दस्तावेजलाई नेपालीमा अनुवाद गरिने छ र २००५ को वार्षिक रणनीतिक कार्यान्वयन योजनाको लेखाजोखा हुनु अगावै सरोकारवालाहरु र शिक्षा तथा खेलकुद मन्त्रालयका कर्मचारीहरुलाई व्यापक रुपमा प्रचार प्रसारका लागि वितरण गरिनेछ।

www.moe.gov.np

# ८. सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम व्यवस्थापन

सबैका लागि शिक्षा २००४-२००९ ले विद्यालय तहको शिक्षालाई एउटा सिंगो रुपमा हेर्दछ। एक अर्कामा आपसी सहयोग जुटाउने दृष्टिले बाल विकास/पूर्व-प्राथमिक देखि माध्यमिक .उच्च माध्यमिक शिक्षा समेत॰ सम्म एउटा दरिलो समन्वय कायम गरिने छ। कार्यक्रम विभिन्न भागमा खण्डित नहोस् र नदोहोरियोस् भन्ने कुरामा विशेष ध्यान पुर्‍याइनेछ। कार्यक्रम कार्यान्वयनका लागि एउटा उपयुक्त आधार प्रदान गर्न विद्यमान संस्थाहरुलाई सुदृढ बनाइनेछन्।

सर्वाङ्गिण, संस्थागत तथा व्यक्तिगत कार्य सम्पादनलाई वृद्धि र सम्बन्धित गराउन र सामान्यरुपमा १०औं योजनाको शैक्षिक उद्देश्य प्राप्ति र खास गरी सबैका लागि शिक्षा २००४-२००९ को कार्यान्वयनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले सार्वजानिक कार्य सम्पादन व्यवस्थापनका देहायका क्षेत्रहरुमा आवश्यक मद्दत गर्नेछ ः -

- सरोकारवालाहरुको दृष्टिकोणलाई समावेश गराउने दायित्व
- संगठनात्मक सिकाइको दृष्टिकोण
- मानवीय तथा वित्तिय श्रोत साधन सम्बन्धमा सुसाशन तथा
- संयुक्त प्रशासनिक संरचनाका लागि सेवा, वित्त तथा विविध ज्ञान, सीपको समन्वय

यसको अर्थ शिक्षा तथा खेलकुद मन्त्रालय र शिक्षा विभाग .र अन्य यस्तै केन्द्रीय निकाय/अंगहरु॰, शिक्षा विभाग महानिर्देशक तथा शिक्षा विभागका शाखा, शिक्षा विभाग तथा क्षेत्रीय शिक्षा निर्देशनालय, क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालय बीचको व्यवस्थापन पक्षको सम्बन्ध कार्य सम्पादन करारको अंगको रुपमा स्पष्ट रुपमा परिभाषित कार्य विवरणतर्फ अगाडि बढ्ने छ। कार्यक्रम व्यवस्थापनले गैरहाजिरी, भ्रष्टचार तथा अन्य नीति नियमहरुको गैर-पालना वा अवज्ञा पटक्कै सहन गर्ने छैन।

## *८.१ संस्थागत प्रबन्ध (बन्दोबस्त) ः*

शिक्षा तथा खेलकुद मन्त्रालय सबैका लागि शिक्षा २००४-२००९ को नीति विश्लेषण तथा निर्देशनका लागि जिम्मेवार हुनेछ। जसमा शिक्षा विभागले कार्यान्वयन सहजीकरण गर्ने अंगको रुपमा भूमिका निर्वाह गर्नेछ। शिक्षा तथा खेलकुद मन्त्रालयको वृहत् निर्देशनका अन्तर्गत शिक्षा विभागका महानिर्देशकले अन्य उस्तै निकायहरु .राष्ट्रिय शैक्षिक जनशक्ति

www.moe.gov.np

विकास केन्द्र, दूर शिक्षा केन्द्र, पाठ्यक्रम विकास केन्द्र अनौपचारिक शिक्षा केन्द्र, माध्यमिक शिक्षा विकास केन्द्र० अन्तर्राष्ट्रिय सरकारी संघ संस्था, गैर सरकारी संघसंस्था लगायत अन्य संगठनका समन्वयमा कार्यक्रम व्यवस्थित गर्नेछन्।

विकेन्द्रीकृत कार्यक्रमको कार्यान्वयनमा महसुस भएका आवश्यकता अनुरुप योजना निर्माणका लागि जिल्ला, झुण्ड .क्लसटर० तथा सामुदायिक तहमा सरोकारबालाहरुको संलग्नता रहने छ। यी योजनाहरुलाई केन्द्रीय तहका योजनासँगसँगै संचालन तथा समाहित गरी कार्यान्वयन गरिने छ। कार्यक्रमको वास्तविक कार्यान्वयन जिल्ला, श्रोत केन्द्र तथा समुदाय तहमा सरोकारवालाहरु मार्फत् हुनेछ। शिक्षा विभागले प्राविधिक सहयोग तथा अनुगमनको व्यवस्थाका लागि जोड दिनेछ। यी अनुगमन कार्यले संलग्नताका कार्यक्रमहरुको कमीकमजोरी र ति कार्यान्वयन कसरी गराउने भन्ने कुरा मूल्याङ्कन गर्नमा सुधारात्मक भूमिका निर्वाह गर्नेछ।

### *८.२ कार्यक्रम कार्यकारी बोर्ड (परिषद)*

सबै विद्यालय शिक्षालाई समेट्ने एउटा उच्च स्तरीय कार्यक्रम कार्यकारी बोर्ड कार्यक्रम व्यवस्थापनलाई दीर्घकालीन रणनीतिक तथा नीतिगत दिशा प्रदान गर्ने छ। यसमा देहाय बमोजिमका व्यक्तिहरु रहने छन्ः

| | |
|---|---|
| (१० सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | अध्यक्ष |
| (२० सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (३० सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (४० सचिव, कानुन तथा न्याय मन्त्रालय | सदस्य |
| (५० सचिव, निर्माण तथा भौतिक योजना मन्त्रालाय | सदस्य |
| (६० सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (७० सचिव, महिला, बालबालिका तथा समाज कल्याण मान्त्रालय | सदस्य |
| (८० प्रमुख, महालेखा नियन्त्रको कार्यालय | सदस्य |
| (९० सह-सचिव, योजना महाशाखा, शिक्षा तथा संस्कृति मन्त्रालय | सदस्य |
| (१०० कार्यकारी निर्देशक, राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| (११० महानिर्देशक, शिक्षा विभाग | सदस्य-सचिव |

आवश्यकता अनुसार अन्य संघ, संस्था तथा निकायका प्रतिनिधिहरुलाई वैठकमा, सहभागीताको लागि आमन्त्रण गरिने छ। कम्तीमा वर्षमा २ पटक बस्ने कार्यक्रम कार्यकारी वोर्डको वैठकले देहायका विषयहरुमा नीति निर्देशन तथा सल्लाह प्रदान गर्नेछ।

www.moe.gov.np

- कार्यक्रम कार्यान्वयनसँग सान्दर्भिक सवालहरु
- कार्यक्रम कार्यान्वयनको समग्र प्रगति
- कार्यक्रमलाई प्राप्त बाहिरी सहयोगको प्रभावकारिता
- अन्य राष्ट्रिय संस्थाहरुसँगको समन्वय

विद्यालय तहको समग्र उपागम सुनिश्चित गर्न माध्यमिक शिक्षा सहयोग कार्यक्रम तथा सबैका लागि शिक्षा २००४-२००९ दुवै सोही कार्यक्रम कार्यकारी वोर्डद्वारा निर्देशित हुनेछन्।

### *८.३ कार्यक्रम व्यवस्थापन समिति*

देहायका सदस्यहरु भएको यस समितिले कार्यक्रम कार्यकारी वोर्डका नीतिनिर्देशन र निर्णयहरु पालना भए नभएको हेर्नेछ। साथै समग्र कार्यक्रमको व्यवस्थापन, अनुगमन तथा समन्वय पनि यसकै जिम्मेवारी भित्र पर्नेछन्।

| | |
|---|---|
| (१० सह-सचिव, योजना महाशाखा, शिक्षा तथा खेलकुद मन्त्रालय | अध्यक्ष |
| (२० महानिर्देशक, शिक्षा विभाग | सदस्य |
| (३० महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| (४० निर्देशक, योजना तथा प्रशासन शिक्षा विभाग | सदस्य |
| (५० कार्यकारी निर्देशक, राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| (६० निर्देशक, दूर शिक्षा केन्द्र | सदस्य |
| (७० निर्देशक, अनौपचारिक शिक्षा केन्द्र | सदस्य |
| (८० सह-सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (९० निर्देशक, विद्यालय शिक्षा महाशाखा, शिक्षा विभाग | सदस्य-सचिव |

आवश्यकता अनुसार अन्य संघ संस्था तथा निकायका प्रतिनिधिहरुलाई कार्यक्रम व्यवस्थापन समितिका बैठकहरुमा भाग लिन आमन्त्रण गरिनेछ।

कार्यक्रम व्यवस्थापन समितिले विद्यालय स्तरीय शिक्षाका लागि वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्ययोजना तथा बजेटको व्यापक तयारी .प्राथमिक तथा माध्यमिक दुवैलाई समेट्न० लाई सहज गराउनुका साथै यसको कार्यान्वयनको अनुगमन पनि गर्नेछ। समितिको वैठक अन्य कार्यहरुका अतिरिक्त देहायका कार्य सम्पादन गर्न कम्तीमा तीन महिनामा एकपटक बस्ने छः

- कार्यक्रम कार्यकारी वोर्डको निर्देशनको पालना गर्ने।

www.moe.gov.np

- उप-क्षेत्रको कार्यक्रमलाई सहज बनाउने शिक्षा क्षेत्रलाई सुव्यवस्थित गर्ने खाकामा आवश्यक संशोधनको पहल गर्ने
- वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्ययोजना तथा बजेटको तैयारीलाई सहज गराउने ,
- वार्षिक रणनीतिक कार्यन्वयन योजनाको कार्यन्वयन पक्षको प्रगति अनुगमन गर्ने।
- शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग तथा अन्य केन्द्रीय तथा जिल्ला स्तरीय संस्थाहरुको प्राविधिक सहायतासम्बन्धि आवश्यकताहरु पहिचान गर्ने।
- कार्यक्रमभित्रै, क्षेत्र, समग्र क्षेत्रभरि र अन्य सम्बन्धित कार्यक्रम व्यवस्थापनका आवश्यकताहरुमा विभिन्न कार्यक्रम गतिविधि तथा नीतिगत संगतिको क्रमवद्धताको पुनरावलोकन गर्ने।

### *८.४ वाह्य सहायता*

कालान्तरमा विना कुनै विदेशी सहयोग श्री ५ को सरकारको पूर्ण सहयोगमा संचालन हुने शिक्षा व्यवस्था सिर्जना गर्नु मुख्य लक्ष्य हो। विदेशी सहयोग विना नै श्री ५ को सरकारले पूर्णतः व्यहोर्ने सबै शैक्षिक व्यवस्था सिर्जना गर्ने दीर्घकालीन लक्ष्य भए तापनि सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम कार्यान्वयनका लागि थुप्रै द्विपक्षीय तथा बहुपक्षीय निकायहरुबीच साझेदारीको विकास हुने आशा गरिएको छ र यो पनि आशा गरिएको छ कि गैरसरकारी संघसंस्था, सरकारी संघसंस्था साथसाथै स्थानीय निकायहरुले पनि अतिरिक्त श्रोत साधन जुटाउन मद्दत गर्नेछन्।

यी अंग निकायहरुद्वारा प्रदान गरिएका श्रोत साधनहरुलाई शिक्षा तथा खेलकुद मन्त्रालयले अर्थ मन्त्रालयको सहयोगमा विकसित गरेको खाकामा समावेश गराइने छ। यो खाका जुनसुकै प्रकारको सहयोगलाई स्थान दिन हुने गरी लचिलो तरीकाले निर्माण गरिएको हुन्छ।

शिक्षा तथा खेलकुद मन्त्रालय वाहृय साधनलाई सुव्यवस्थित गर्न र साझेदारी निकायहरुसँग समन्वय कायम गर्न जिम्मेवार हुनेछ। उक्त उद्देश्य प्राप्तिका लागि उक्त मन्त्रालयले आगामी वर्षको कार्यक्रमको लागि वार्षिक रणनीति कार्यान्वयन योजना र वार्षिक कार्ययोजना तथा बजेटबाट संझौताका लागि प्रत्येक वर्ष मार्च महिनामा एउटा संयुक्त पुनरावलोकन टोली गठन गर्ने छ। मन्त्रालयले उचित समन्वय सूचनाको प्रचार प्रसार सुनिश्चित गर्नका लागि प्रत्येक तीन-तीन महिनामा संयुक्त स्थानीय दाता समूहहरुको बैठकको आयोजना गर्ने छ र आवश्यक परेमा अतिरिक्त कार्यदलहरुको पनि व्यवस्था गर्ने छ। शिक्षा तथा खेलकूद मन्त्रालयले स्थानीय, जिल्ला तथा केन्द्रीय तहका

www.moe.gov.np

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संधसंस्थाहरु सित सँगै मिलेर काम गर्ने सम्बन्ध विकासलाई सहज गराउन मद्दत गर्ने छ।

विभिन्न विकास साझेदारद्वारा प्रदान गरिने सहयोगमा प्राविधिक सहायता पनि एउटा महत्वपूर्ण तत्व हुने अपेक्षा गरिएको छ। कार्यक्रम व्यवस्थापन समितिको लगानी भएको साधनको आधारमा शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा विकसित खाकाद्वारा प्राविधिक सहयोग संचालित हुनेछ।

राष्ट्रिय क्षमता विकासका लागि विद्यमान राष्ट्रिय श्रोत साधन सम्बन्धी संस्थाहरुको ज्ञान सीप र अनुभवलाई प्राथमिकता दिइनेछ। यसले कुन हदसम्मको बाहिरी प्राविधिक सहयोगको आवश्यकता पर्ने हो सोको निर्धारण गर्नेछ। दीर्घकालीन अन्तर्राष्ट्रिय प्राविधिक सहयोग समकक्षी संस्थाहरुमा पनि सुरिक्षत रुपमा राखिने छ। यिनीहरुनै कार्य सम्पादन, मूल्याङ्कन तथा आवश्यक परिवर्तनको सिफारिशको लागि जिम्मेवार हुन्छन्।

प्राविधिक सहयोगको अवधारणा व्यवस्था अन्तर्गतकै क्षमता विकासको एउटा अङ्ग हुनेछ र यसबाट नै सल्लाहकार/परामर्शदाताहरुले कार्यका लागि आफ्ना समकक्षीहरुलाई सम्बन्धित शाखाहरु आफैंले अपेक्षा गरेको उपलब्धि हासिल गर्ने कार्यलाई सहज बनाई अगाडि बढाउन मद्दत गर्छन्। अर्को शब्दमा सम्बन्धित शाखा वा निकायको प्रत्यक्ष संलग्नता विना परामर्शदाताहरुद्वारा तयार पारिएका सामानहरुलाई निरुत्साहित गरिने छ। शिक्षा तथा खेलकुद मन्त्रालयले यस व्यवस्थाको समग्र समन्वय गर्ने छ।

www.moe.gov.np

## ९. कार्यक्रम सूचक, अनुगमन तथा मूल्याङ्कनः

गरिबी न्यूनीकरण रणनीतिले गरिबी न्यूनीकरण रणनीति कार्यक्रम सूचकहरुको अनुगमन गर्ने जिम्मा सम्बन्धित मन्त्रालयको भएको कुरा प्रष्ट रुपमा उल्लेख गरेको छ। सबैका लागि शिक्षा २००४-२००९ को सूचक तथा अनुगमनले यो प्रकृयामा योगदान पुऱ्याउने छ।

### *९.१. सूचकहरु*

सूचक खाकाले सहस्राब्दी विकास लक्ष्य र गरिबी न्यूनीकरण रणनीति अन्तर्वती सूचकलाई सहयोग प्रदान गरिरहेको छ। भविष्यका र गरिबी न्यूनीकरण रणनीतिपत्र वा गरिबी अनुगमन तथा मूल्याङ्कन व्यवस्था सम्बन्धि सूचना तथा तथ्यमा एकरुपता ल्याउन प्रयासहरु भैरहेका छन्। सबै सूचकहरुको विवरणलाई छुट्टै फाइलमा व्यवस्थित गरि राखिने छ।

हरेक वर्ष वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्य योजना तथा बजेट निर्माण गर्ने क्रममा कार्यक्रमका गतिविधि तथा लक्ष्यहरु परिमार्जित गरिने छन।

हरेक वर्ष अनुगमन पुनरावलोकनलाई भरसक माध्यमिक शिक्षा सहयोग कार्यक्रमको नियमित संयुक्त साझेदारी पुनरावलोकन सँगसँगै .संयुक्त रुपमा॰ सञ्चालन गरिने छ।

कार्यक्रम अनुगमनका लागि दुई छुट्टै तहका सूचकहरुको प्रयोग हुनेछ।

- विभिन्न तहमा भर्ना दर, दोहोऱ्याउने र तह पुरा गर्ने दर कार्यकुशलता साक्षरतादर, लैङ्गिक समानता सूचक र कूल राष्ट्रिय उत्पादनमा शिक्षाको अंश .खण्ड २.४ को तालिका १ हेर्नुहोस॰ लाई ध्यान दिने कार्यक्रम उपलब्धिको अनुगमनका लागि १८ वटा सूचक .व्यवस्था कार्य सम्पादन सूचक भन्ने गरिएको॰।
- कार्यक्रम अन्तर्गत गतिविधिहरुको कार्य सम्पादन मापन गर्ने कार्यक्रम कार्य सम्पादनका केही सूचकहरु

सबैका लागि शिक्षा २००४-२००९ का लागि सूचक कार्य योजनामा उल्लेख भए जस्ता कार्यक्रम कार्यसम्पादन सूचक सबै तहका सबै गतिविधिहरुका लागि परिभाषित हुनेछन्।

जिल्ला शिक्षा योजनाहरुले जिल्ला गतिविधि सूचकहरुलाई प्रतिबिम्वित गराउने छन् र हरेकको प्रगति वार्षिक स्थिति प्रतिवेदनमा पनि उल्लेख गर्ने छन्। यथार्थमा यसको अर्थ सबै अंग/निकाय तथा शाखाहरुले कार्य सम्पादन सूचकका आधारमा मापन गरिएका र सुविधाभोगीहरुबाट प्राप्त प्रतिक्रियाहरु मार्फत् गतिविधिमा आधारित योजना तथा बजेट निर्माण गर्नुपर्छ। यसको अर्थ यो हो कि विद्यालयदेखि केन्द्रीय तहसम्म कार्यक्रम

www.moe.gov.np

कार्यान्वयनमा संलग्न हरेक निकायले सूचक प्राप्तिका लागि आवश्यक तथ्याङ्कहरुको अनुगमन गर्नु पर्ने छ। त्यसैले यस मुख्य दस्तावेजमा पहिले उल्लेख भए बमोजिमको एउटा दरिलो विद्यालय व्यवस्थापन सूचना प्रणाली केन्द्रीय, जिल्ला र सामुदायिक तहमा नभै नहुने भएको छ।

सूचकहरुको आधार रेखा निर्धारण गर्न प्राथमिक शिक्षा उप-क्षेत्रका तीनवटा सूचिपत्रको उपयोग गरिने छ।

एउटा आधार वर्षको सूचना .अर्थात २००३॰को रुपमा कार्यक्रम शुरु हुनुभन्दा लगत्तै अगाडि, तेस्रो मध्यावधि मूल्याङ्कन अवधि .२००६॰ मा र अर्को अन्तिम तयारी प्रतिवेदन .२००९॰ को रुपमा कार्यक्रम कार्यन्वयनको अन्त्यतिर।

## ९.२ अनुगमन तथा मूल्याङ्कन

अनुगमन विद्यालय तहदेखि शुरु हुन्छ। प्रधानाध्यापकहरु विद्यालय व्यवस्थापन समितिसँग मेल खाने तथा विद्यालय सुधार योजना अनुरुपका आफ्नै विद्यालयका सुधारहरुको मापन गर्ने विशेष सूचकहरु विकसित गर्ने जिम्मेवार हुनेछन्। विद्यालय व्यवस्थापन समिति विद्यालयको समग्र संचालनको अनुगमन तथा आमाबाबुजस्ता सान्दर्भिक सरोकारवालाहरुको संलग्नता मार्फत् सामाजिक मूल्याङ्कन सुनिश्चितताका लागि जिम्मेवार हुनेछन्।

प्रधान अध्यापकहरु श्रोत केन्द्र मार्फत् जिल्ला शिक्षा कार्यालयमा एउटा निश्चित ढाँचामा स्तरीकृत तथ्याङ्कहरु संकलन गर्नका लागि जिम्मेवार हुनेछन्। ती श्रोत केन्द्रहरु आफ्नो क्षेत्रका सबै विद्यालयहरुको तथ्याङ्क संकलन गरी तिनको व्यवस्थित प्रविष्टी र प्रगतिको पुनरावलोकन गर्न र सुधारका उपायहरुमा सहमत हुनका लागि सबै विद्यालयहरुको मासिक बैठक बोलाउने कामका लागि जिम्मेवार हुनेछन्। जिल्ला शिक्षा समितिको सचिवालयको रुपमा पनि काम गर्ने जिल्ला शिक्षा कार्यालय जिल्ला स्तरीय नीतिगत निणर्यहरुका लागि मासिक रुपमा बैठक बोलाउने गर्छ।

तथ्याङ्कहरुलाई श्रोत केन्द्रहरुबाट निश्चित ढाँचामा परिवर्तन गरी क्षेत्रीय कार्यालय तथा शिक्षा विभागलाई आवधिक अध्यावधिक तथ्याङ्क पेश गर्नु जिल्ला शिक्षा कार्यालयको जिम्मेवारी हुनेछ। जिल्ला शिक्षा कार्यालयहरुले गा.वि.स., नगरपालिका र जि.वि.स. मार्फत् प्राप्त तथ्याङ्कलाई संकलन गरि शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा पुऱ्याउन शिक्षा विभागमा पठाउने छन्। क्षेत्रीय निर्देशक तथा जिल्ला शिक्षा अधिकारीहरु शिक्षा तथा खेलकुद मन्त्रालयलाई पूरक त्रैमासिक प्रगति विवरण पेश गर्नका लागि जिम्मेवार हुनेछन्। यी सबै प्रतिवेदनहरुमा आधारित शिक्षा क्षेत्रको समग्र प्रगतिको चौमासिक पुनरावलोकन

www.moe.gov.np

एक उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले गर्ने गर्दछ। यो समितिका निर्णयहरु शिक्षा विभाग वा अन्य सम्बन्धित केन्द्रीय तहका निकायहरु मार्फत आवश्यक सुझाव सल्लाह सहित सुधारका लागि जिल्ला शिक्षा कार्यलयहरुमा पठाइनेछन्। राष्ट्रिय स्तरमा विद्यालय स्तरको शिक्षाका लागि कार्यक्रम व्यवस्थापन प्रगति तथा कार्यान्वयनको अनुगमन गर्ने गहन जिम्मेवारीसहितको एउटा उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको गठन भएको छ। समितिमा देहाय अनुसारका सदस्यहरु रहनेछन्।

| | |
|---|---|
| (१॰ शिक्षा तथा खेलकूद मन्त्री/राज्यमन्त्री | अध्यक्ष |
| (२॰ शिक्षा तथा खेलकूद सहायक मन्त्री | सदस्य |
| (३॰ सदस्य रा.यो.आ. . शिक्षा॰ | सदस्य |
| (४॰ सचिव, शिक्षा तथा खेलकूद मन्त्रालय | सदस्य |
| (५॰ सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (६॰ सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | सदस्य |
| (७॰ सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (८॰ प्रमुख, महालेखा नियन्त्रकको कार्यलय | सदस्य |
| (९॰ प्रमुख केन्द्रीय अनुगमन इकाइ, शिक्षा तथा खेलकूद मन्त्रालय | सदस्य |
| (१०॰ सह-सचिव, योजना महाशाखा शिक्षा तथा खेलकूद मन्त्रालय | सदस्य |
| (११॰ महानिर्देशक, शिक्षा विभाग | सदस्य-सचिव |

देहायका काम कारवाहरुका लागि प्रत्येक चार-चार माहिनामा समितिको बैठक बस्नेछ ः -

- सबै विद्यालय स्तरको शिक्षाको प्रगतिको पुनरावलोकन र अनुगमन गर्न।
- विद्यालय स्तरको शिक्षाका गुणस्तर सुनिश्चित र मूल्याङ्कन गर्न।
- कार्यन्वयनमा देखा परेका बाधालाई सामना गर्न आवश्यक नीतिगत निर्णय लिन र समग्र प्रणाली प्रभावित गर्ने कमजोडीहरुलाई सच्याउन।
- कार्यक्रम कार्यान्वयनमा संलग्न अन्य समितिहरुलाई निर्देशन दिन।

शिक्षा तथा खेलकुद मन्त्रालयले त्रैमासिक आधारमा सम्पूर्ण क्षेत्रहरुको प्रगति अनुगमन गर्ने राष्ट्रिय योजना आयोगलाई प्रतिवेदन पेश गर्दछ। राष्ट्रिय योजना आयोगको खाका अन्तर्गत प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय विकास कार्य समितिको बैठक नियमित समयावधिमा प्रगतिको समीक्षा गर्न र सुधारका लागि आवश्यक निर्णय गर्न बस्ने गर्दछ। उक्त बैठकका निर्णयहरुलाई सुझाव सहित सुधारका लागि शिक्षा तथा खेलकूद मन्त्रालयमा पठाइन्छ।

www.moe.gov.np

शिक्षा तथा खेलकूद मन्त्रालयअन्तर्गत यस खालको प्रणालीको अनुगमनलाई सुदृढ पार्न र उचित सूचना प्रवाह सुनिश्चित गर्न एउटा नयाँ अनुगमन महाशाखाको स्थापना हुनेछ। पारदर्शिता तथा जिम्मेवारीमा सुधार ल्याउन सबै तहका निकायहरुलाई अनुगमनसम्बन्धि प्रतिवेदन प्रकाशन तथा सम्बन्धित सरोकारवालाबीच प्रचार प्रसार गर्न प्रोत्साहित गरिनेछ।

www.moe.gov.np

## १०. सबैका लागि शिक्षा २००४-२००९ को आर्थिक पक्ष (श्रोत)

श्री ५ को सरकारले आफ्नो सम्पूर्ण बजेटको १५ प्रतिशत शिक्षा क्षेत्रलाई र शिक्षाको कूल बजेटको ५५ प्रतिशत आधारभूत तथा प्राथमिक शिक्षा उप-क्षेत्रलाई छुट्ट्याउने नीति लिएको छ। सबैका लागि शिक्षा २०१५ का लागि श्री ५ को सरकारको राष्ट्रिय कार्ययोजनामा २००९ मा कूल गार्हस्थ उत्पादनको ३.७% शिक्षा क्षेत्रका लागि छुट्ट्याउने अनुमान गरिएको छ। देशको राजनीतिक स्थितिले गर्दा कूल गार्हस्थ उत्पादनको वृद्धिको पूर्वानुमान गर्न ज्यादै कठीन छ। विगतका प्रचलनले शिक्षा क्षेत्रको लगानीमा विशेष गरि आधारभूत तथा प्राथमिक शिक्षा उपक्षेत्रमा क्रमिक वृद्धि हुँदै गरेको संकेत मिल्दछ। .१९९० को कूल शिक्षा बजेटको ४८% वृद्धि भै २००९ मा ५२% पुगेको。।

हाल सरकारले शिक्षकहरुको तलवका लागि अनुदान तथा सानो रकम प्रशासनिक खर्चका लागि प्रदान गर्दै आएको छ। प्राथमिक शिक्षाको गुणस्तर सुधारका लागि अति महत्वपूर्ण मानिने गैर-तलव आवर्त्तक खर्चका लागि छुट्ट्याउने रकम ज्यादै न्यून छ। श्री ५ को सरकारले निःशुल्क पाठ्यपुस्तक, बालिका तथा सुविधाविमुख बालबालिकका लागि छात्रवृत्ति तथा खाद्यान्न अभाव क्षेत्रहरुमा पौष्टिक आहार वितरणका लागि पनि खर्च गर्छ। यहाँ उल्लेख गर्नु पर्ने कुरा यो छ कि यहाँ प्रस्तावित बजेट केवल सांकेतिक मात्र हो जसलाई कार्यक्रम कार्यान्वयन अवधिमा बदलिंदो परिस्थिति र आवश्यकता अनुकुल पार्न परिवर्तन गर्न सकिन्छ।

### *१०.१ सबैका लागि शिक्षा २००४-२००९ का लागि आर्थिक आवश्यकता*

घरपरिवारबाट होस् वा राज्यबाट जहाँसुकैबाट भए पनि शिक्षामा गरिएको खर्चलाई मानवीय पूँजी निर्माण गर्ने लगानी प्रवाहको रुपमा लिइएको छ .बेकर, १९६४。। यस लगानीबाट प्राप्त हुने प्रतिफलको दरले विभिन्न शिक्षाका लागि सार्वजानिक खर्च बाँडफाँड गर्न प्राथमिकताहरु प्रदान गर्न सक्छ। अनुसन्धानले अन्य शैक्षिक तहको तुलनामा व्यक्तिगत तथा सामाजिक दुवैको प्रतिफल दर प्राथमिक तहमा उच्च भएको देखाउँछ .पराजुली, सकारोपउलस २०००。।

सबैका लागि शिक्षा २००४-२००९ का लागि खर्च सम्बन्धि आवश्यकताका अनुमान प्रत्यक्ष खर्च .समुदाय र अभिभावक बाहेक。 साधारण, विकास तथा पूँजीगत खर्चहरु समेट्ने उप-क्षेत्रिय उपागमको दृष्टिकोणमा आधारित छ।

www.moe.gov.np

तालिक ३ः आधारभूत तथा प्राथमिक शिक्षाको साधारण .नियमित॰ बजेट .अमेरीकी डलर १० लाखमा॰

| क्रसं | कार्यक्रम | वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत वजेट (साधारण बजेट) | २००४ | २००५ | २००६ | २००७ | २००८ | जम्मा |
| १. | शिक्षक तलब तथा भत्ता | ७५.२५ | ७५.२५ | ८२.५१ | ८२.५१ | ८२.५१ | ३९८.०३ |
| २. | प्रशासनिक खर्च | ३.३७ | ३.३७ | ३.३७ | ३.३७ | ३.३७ | १६.८५ |
| ३. | लेखन सामग्री | ०.३३ | ०.३३ | ०.३३ | ०.३३ | ०.३३ | १.७७ |
| ४. | अवकाश पश्चातका सुविधा .निवृत्तीभरण आदि॰ | ७.३७ | ८.०९ | ८.०९ | ९.७९ | १०.७७ | ४४.९२ |
| ५. | शैक्षिक व्यवस्थापन .शैक्षिक व्यवस्थापक तलव भत्ता॰ | ३.५० | ३.५० | ३.५० | ३.५० | ३.५० | १७.५० |
| | कुल साधारण बजेट | ८९.८२ | ९०.५५ | ९८.६४ | ९९.५४ | १००.५२ | ४७९.०७ |
| | % | १८.७५ | १८.९० | २०.५९ | २०.७८ | २०.९८ | १००.०० |

www.moe.gov.np

उपरोक्त तालिकामा पूर्णरुपमा सरकारको जिम्मेवारी हुने साधारण बजेट समेट्ने क्षेत्रहरुलाई प्रष्टरुपमा देखाइएको छ। प्राथमिक विद्यालयमा कूल शिक्षकहरुको संख्या २००४ देखि २००५ सम्ममा ८३,०००, २००६ देखि २००७ सम्ममा ९१,००० पुग्ने अनुमान गरिएको छ। उक्त अवधिभर प्रति शिक्षक प्रतिवर्ष औसत तलब रु. ६८,००० हुन आउँछ। हरेक वर्ष रु. ११,००० विद्यालयको सम्पूर्ण प्रशासनिक खर्च वापत् प्रदान गरिने छ। प्रतिवर्ष प्रति शिक्षक ३०० का दरले दिइदै आएको लेखन सामग्री खर्चलाई कायमै राखिने छ। अवकाश पश्चातका सुविधा तथा शिक्षा व्यवस्थापन सम्बन्धि खर्चहरुको अनुमान वर्तमान व्यय स्तरमा आधारित गरिएकाछन्।

तालिका ४ः आधारित प्राथमिक शिक्षा विकास बजेट .अमेरिकन डलर १० लाखमा॰

| | | खर्च | | | | | | खर्चको श्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट शीर्षक | २००४ | २००५ | २००६ | २००७ | २००८ | जम्मा | श्री ५ को सरकार | विदेशी सहयोग |
| १. | सबैका लागि शिक्षा .२००३-०५॰को सहयोगका लागि प्राथमिक विद्यालय निर्माण परियोजना॰ | ८.८६ | ९.२२ | | | | १८.०८ | १.७५ | १६.३३ |
| २. | निःशुल्क पाठ्यपुस्तक | २.६३ | २.६३ | २.६३ | २.६३ | २.६३ | १३.१७ | १३.१७ | |
| ३. | प्राथमिक विद्यालय पौष्टिक आधार कार्यक्रम | ८.४४ | ९.२८ | १०.२१ | ११.२३ | १२.३६ | ५१.५२ | ९.८५ | ४१.६८ |
| ४. | राष्ट्रिय छात्रवृत्ति कार्यक्रम | १.०१ | १.५३ | १.६४ | १.७६ | १.८८ | ७.८२ | ७.८२ | |
| ५. | शहिदका बालबालिकाहरुका लागि छात्रवृत्ति | ०.०१ | ०.०१ | ०.०२ | ०.०२ | ०.०२ | ०.०८ | ०.०८ | |
| ६. | अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान॰ | १.१२ | १.२४ | १.३६ | १.५० | १.६५ | ६.८६ | ६.८६ | |
| ७. | विद्यालय स्थान्तरण तथा आर्थिक सहयोग कार्यक्रम .२००३-२००५) | १.७१ | १.८८ | | | | ३.६० | ०.१३ | ३.४७ |
| ८. | सामदायिक विद्यालय सहयोग कार्यक्रम | ३.६० | ३.६० | ४.०० | ४.०० | ४.०० | १९.२० | | १९.२० |

www.moe.gov.np

| | | खर्च | | | | | | खर्चको श्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | जनसंख्या शिक्षा परियोजना॰ | ०.०९ | ०.०९ | ०.०९ | ०.०९ | ०.०९ | ०.४५ | ०.४५ | |
| १०. | शिक्षक शिक्षा परियोजना .२००२-२००७॰ | ६.४० | ५.३३ | ५.३३ | ३.०५ | | २०.१२ | ४.८३ | १५.२९ |
| ११. | महिला शिक्षा | २.११ | १.६८ | १.१७ | ०.९२ | ०.६७ | ६.५४ | ६.५४ | |
| १२. | आधारभूत तथा प्राथमिक शिक्षा .बाल विकास सहित॰ परियोजना | २.३० | २.४० | २.४० | २.४० | २.५० | १२.०० | ५ | ७.०० |
| १३. | सामुदायिक सिकाइ केन्द्र/बाल का लागि युनेस्को सहयोग | ०.२० | ०.२० | ०.२० | ०.२० | ०.२० | १.०० | | १.०० |
| १४. | सबैका लागि शिक्षा .२००४-०९॰ (उच्च परिदृश्य॰ | २१.३६ | ३०.८० | ३७.७९ | ४३.९० | ४१.१५ | १७५.०० | - | १७५.०० |
| | कुल विकास बजेट | ५९.८४ | ६९.९० | ६६.८६ | ७१.७० | ६७.१३ | ३३५.४३ | ५६.४६ | २६८.९७ |
| | % | १७.२६ | २०.६२ | १९.४३ | २१.५८ | २१.१२ | १००.०० | १६.८३ | ८३.१७ |

.अघिल्ला वर्षहरुको खर्च समावेश छैनन्।

www.moe.gov.np

तालिका ४ ले आधारभूत तथा प्राथमिक शिक्षा उप-क्षेत्र कार्यक्रमका लागि छुट्ट्याइएको विकास बजेटलाई देखाउँछ। गुणस्तरीय शिक्षाका सबै पक्षहरुमा सुधार ल्याउनका लागि शिक्षण, सिकाइ गतिविधि सहज गराउने खर्च सबैका लागि शिक्षाको विकास बजेटले समेट्नु पर्छ भन्ने ठानिएको छ। तलको तालिका नं. ५ मा देखाइएझैं कुल बजेट .अमेरिकी डलर ८१४.५ मिलियन॰को ४१% विकास बजेट .अमेरिकी डलर ३३५.४३ मिलियन॰ पर्न आउँछ।

तालिका ५ः कुल आधारभूत शिक्षा बजेट अमेरिकी डलर .मिलियनमा॰

| क्र.सं. | शीर्षक | २००४ | २००५ | २००६ | २००७ | २००८ | कुल | % |
|---|---|---|---|---|---|---|---|---|
| १. | कुल | ८९.८२ | ९०.५५ | ९८.६४ | ९९.५४ | १००.५२ | ४७९.०७ | ५९.०९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साधारण बजेट | | | | | | | |
| २. | विकास बजेट | ५७.२६ | ६८.३९ | ६४.४४ | ७१.५७ | ७०.०५ | ३३५.४३ | ४०.९१ |
| ३. | कुल आधारभूत शिक्षा बजेट | १४७.०८ | १५८.९४ | १६३.०८ | १७१.११ | १७०.५७ | ८१४.५ | १००.०० |
| | % | १८.१४ | १९.६० | २०.११ | २१.१० | २१.०४ | १००.०० | |

सबैका लागि शिक्षा २००४-२००९ अन्तर्गत केही कार्यक्रमहरु अगाडि नै स्वीकृत भै कार्यन्वयन भैरहेका छन्। बाँकि रहेको सबैका लागि शिक्षा २००४-२००९ शीर्षक अन्तर्गत देखिएको रकम अमेरिकी डलर १७५.०० मिलियन अतिरिक्त दाता सहयोगका लागि छुट्ट्याइएको रकम हो। मूल्य अभिवृद्धि कर .भ्याट॰ र अन्यवापत लाग्ने सबै खर्च श्री ५ को सरकारले बेहोर्ने छ। प्रस्तावित कार्यक्रम बजेटको अवयव पिच्छेको विस्तृत विवरण परिच्छेद दुईमा संलग्न सबैका लागि शिक्षा २००४-२००९ विकास खर्चका लागि खर्च श्रोतसम्बन्धि परिदृश्य ः एक प्रस्ताव नामक छुट्टै दस्तावेजमा प्रस्तुत गरिएको छ।

### *१०.२ कार्यक्रमलाई खर्च दिने तौरतरिका*

आधारभूत तथा प्राथमिक शिक्षा दोस्रो चरण उप-क्षेत्रगत उपागमको डालो फन्डिङ शैलीमा कार्यान्वयन भइरहेको छ। सबैका लागि शिक्षा २००४-२००९ को लागि सहयोगले कार्यक्रममा योगदान पुऱ्याउन इच्छुक सबै दाताहरु .दातृसंस्था, राष्ट्र॰ लाई समेट्नका लागि विभिन्न खालका वैकल्पिक तौरतरिकाहरुको सदुपयोग गर्न सक्दछ। यसैले खर्च गर्ने तौरतरिकामा बजेट सहयोगदेखि लिएर डालो फण्डिङ देखि लिएर पहिले नै छुट्ट्याइएको सामग्री सहयोग पर्दछन्। सम्भव भएसम्म सबैका लागि शिक्षा २००४-२००९ का लागि दातृ सहयोग विकासका लागि राष्ट्रिय बजेटमा प्रतिविम्वित हुनेछ। यो श्री ५ को सरकारको विदेशी सहयोग नीति अनुरुप हुनेछ। विकास साझेदारहरुबाट अपेक्षा गरिएको कुल अनुदान मध्ये ऋणको भाग अनुदानको भागको तुलनामा ज्यादै कम हुनेछ।

शिक्षा विभागमार्फत् कार्यान्वयन र स्थानीय ढाँचामा सम्पन्न गरिने सबैका लागि शिक्षा २००४-२००९ लाई सहज गराई अगाडि बढाउने कार्यमा शिक्षा तथा खेलकुद मन्त्रालयले मद्दत गर्नेछ। विकेन्द्रीकृत शैक्षिक योजना तथा व्यवस्थापनका प्रकृया तथा तौरतरीका

www.moe.gov.np

.कार्यशैली。 हाल यी प्रकृयाहरुलाई निर्देशित गर्न सञ्चालन भैरहेका छन् र सबैका लागि शिक्षा २००४-२००९ पनि तदनुकुलको बनाइने छ।

सबैका लागि शिक्षा २००४-२००९ लाई क्षेत्रगत सहयोग, माध्यमिक शिक्षा सहयोगको विकास तथा यसलाई टेवा दिने सन्दर्भमा हेरिनुपर्छ। दैनिक व्यवस्थापनमा वार्षिक रणनीति कार्यान्वयन योजनामा आधारित जिल्ला शिक्षा योजना, वार्षिक कार्य योजना तथा बजेटबाट यसको रेखदेख हुनुपर्छ। कार्यक्रम खाकालाई आवश्यकतानुसार शैक्षिक वातावरण अनुकुल उपयोग हुने गरी लचिलो किसिमले निर्माण गरिनुपर्नेछ।

### *१०.३ रकम प्रवाह सयन्त्रः*

विकेन्द्रीकृत शैक्षिक व्यवस्थापन २०५९ को मार्ग निर्देशकामा उल्लेख भए बमोजिम प्राथमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालन स्थानीय निकायहरुलाई सुम्पिएको छ। यसै गरी स्थानीय निकायहरुलाई शैक्षिक आवश्यकता पहिचान गर्न शैक्षिक योजनाहरु प्रतिपादन गर्न तथा तिनलाई कार्यान्वयन र अनुगमन गर्न अधिकार दिइएको छ। स्थानीय निकायलाई अधिकार सुम्पने यसतै कार्यक्रममा वित्तीय विकेन्द्रीकरण पर्दछ जसअनुसार साधारण तथा विकास दुवै खर्च समेट्न शिक्षा तथा खेलकुद मन्त्रालय तथा शिक्षा विभागले जिल्ला विकास समितिको जिल्ला विकास कोषलाई एकमुष्ट अनुदान उपलब्ध गराउँछ। जिल्ला विकास कोष एउटा गैर-स्थिरिकरण .नन्-फ्रीज。 खाता हुनेछ। स्थानीय विकास अधिकरीलाई जिल्ला विकास कोषबाट जिल्ला शिक्षा कोषमा रकम निकासा गर्ने अधिकार हुनेछ र यो पनि नन् फ्रीज खाता नै हुनेछ।

स्वीकृत जिल्ला वार्षिक योजनामा .जिल्ला शिक्षा योजनाबाट लिइएको。 आधारित जिल्ला शिक्षा कार्यलयले जिल्ला शिक्षा कार्यालयको कोषबाट रकम प्राप्त गर्ने छ। त्यस पछि जिल्ला शिक्षा कार्यलयले नगरपालिका, गा.वि.स. तथा विद्यालयहरुलाई क्रमशः नगरपालिका शिक्षा योजना, गाउँ शिक्षा योजना र विद्यालय सुधार योजनाको आधारमा रकम स्वीकृत गर्ने छ। शिक्षा तथा खेलकुद मन्त्रालयले श्री ५ को सरकारको श्रोत साधन योजनामा शिक्षाका लागि पर्याप्त रकम विनियोजन भए नभएको र जिल्लाका लागि गरिएका विनियोजन न्यायोचित भए नभएको कुरा सुनिश्चित गर्ने छ।

सरकारद्वारा प्रदान गरिने एकमुष्ट रकम जिल्ला, विद्यालय तथा समुदायका पहिचान गरिएका आवश्यकता अनुरुपका निर्धारित गतिविधिहरुमा लचिलो पाराले बाँडफाँड गर्न सक्ने गरि पारदर्शी मापदण्डमा आधारित गरिएको हुन्छ।

तर एकमुष्ट रकम अन्तर्गत समेटिन पहिलो प्राथमिकता अन्तर्गत भने शिक्षा तथा खेलकुद मन्त्रालयले निर्धारण गरेको मापदण्ड र सीमाका आधारमा आधारभूत पूर्व

www.moe.gov.np

आवश्यकताहरु पर्नेछन्। कार्य सम्पादनका आधारमा शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा विकसित मापदण्डबमोजिम जिल्ला, गा.वि.स. तथा विद्यालयहरुलाई अतिरिक्त रकम छुट्याइने छ।

www.moe.gov.np

# ११. दीगोपन तथा जोखिम

कार्यक्रमले श्री ५ को सरकारका आफ्नै खाका भित्रका योजना, नीति तथा संरचनाभित्र रहेर र स्पष्ट तथा व्यवस्थित ढंगले श्री ५ को सरकारका सबै तहमा संस्थागत क्षमता सुदृढ गर्ने लक्ष्यलिई दीगोपन विकास गर्ने चाहन्छ। कार्यक्रमको योजना तथा सम्पादनमा उच्च मात्रामा सामुदायिक संलग्नताका साथ विकेन्द्रीत शिक्षा व्यवस्थापनमा प्राथमिक शिक्षालाई स्थायी र सवल बनाउने रणनीतिले सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम अवधिपछि खासगरी आर्थिक स्थिति कमजोर भएका विद्यालय र समुदायहरुमा कार्यक्रमको कार्यान्वयन दीगो हुने आशा गरिएको छ।

खासगरी स्थानीय प्रशासनमा प्रर्याप्त क्षमताको अभाव, कमजोर आर्थिक आधार, तथा अस्थिर राजनितिक स्थितिको कारण उत्पन्न जोखिमहरुलाई हेर्दा सबैका लागि शिक्षा २००४-२००९ लाई एउटा उच्च जोखिम बहन गर्ने कार्यक्रम मान्नै पर्ने हुन्छ। शसस्त्र जनयुद्धका कारण उत्पन्न आर्थिक कठिनाइले गर्दा विकास बजेट तथा सबैका लागि शिक्षा २००४-२००९ को लागि साधारण .नियमित॰ बजेटको प्रतिवद्धतालाई साकार रुप दिन सरकारले साँच्चैनै संकटको स्थिति सामाना गर्नु परिरहेको छ।

आर्थिक दिगोपनका सन्दर्भमा पनि यसले कार्यक्रमलाई ठूलो जोखिमको स्थितिमा पुऱ्याउँछ।

शिक्षा क्षेत्रमा गरिने सुधारहरुले मात्र बालिका तथा सुविधा विमुख पृष्टभूमिका बालबालिकाहरुलाई शिक्षाको पहुँच सुनिश्चित गर्ने जस्ता कार्यक्रमका प्रमुख उद्देश्यहरु पूरा हुन सक्तैनन्। कार्यक्रमलाई दरिलो बनाउन मद्दत दिने शर्तहरु/अवस्थाहरुका लागि स्वास्थ, खानेपानी आपूर्ति, कानुनी व्यवस्था, उद्यम लगायतका अन्य क्षेत्रको पनि उन्नति प्रगति हुन जरुरी छ। यसका लागि सरकारी विभाग, कार्यलय र सबै प्रशासनिक तहहरुमा सरकारी तहबाट गरिबमुखी सुधारका कार्यक्रमहरुको कार्यान्वयनमा निरन्तर प्रतिवद्धता तथा सामूहिक प्रयाशहरुको आवश्यकता पर्दछ।

सबैका लागि शिक्षा २००४-२००९ को कार्यन्वयनले कार्यक्रम उपागमका लागि एउटा वृहत् नीतिगत खाका प्रदान गर्दछ। यसै गरी दातृ आर्थिक सहयोग मध्यम आवधिक व्यय खाका तथा विकासका लागि राष्ट्रिय बजेटमा प्रतिविम्वित हुने कुरामा पनि सहमति भएको छ। सबैका लागि शिक्षा २००४-२००९का लागि संशोधन गरिएको मध्यम आवधिक व्यय खाकाको पूर्वानुमान अनुमानित हिसाबहरुमा समावेश गरिएको छ।

सामुदायिक व्यय-भार बहन गर्ने प्रोत्साहित तथा कार्यान्वित गर्ने कुनै खाका नभएको अवस्थामा शिक्षामा लाग्ने खर्चमा केही योगदान पुऱ्याउने परम्पराको विकास भएको छ।

www.moe.gov.np

स्थानीय समुदायहरुले आवर्त्तक खर्चमा योगदान पुऱ्याउनुका साथै विद्यालय निर्माण तथा पुनर्स्थापनामा जनश्रम, जमीन, सामग्री तथा अन्य आर्थिक श्रोतमार्फत् योगदान पुऱ्याउने गर्छन्। यस कार्यक्रम अन्तर्गत आवर्त्तक व्यय तथा विकास खर्चमा सहभागी हुने खालका योगदानसहित यो प्रचलनले निरन्तरता पाउनु पर्दछ। सरकारको सीमित क्षमताको कारणले कार्यक्रमले अर्को संकटको स्थिति सामना गर्नु पर्ने हुन्छ। सबैका लागि शिक्षा २००४-२००९का सबै कार्यक्रमहरु सफल हुनका लागि व्यवस्थाका सबै तहहरुमा सुसञ्चालन हुन सक्ने समूहहरु स्थापित हुन जरुरी छ। यसका लागि क्षमता विकासको जेष्ठताका क्रमका आधारमा भन्दा पनि संस्थागत आधारमा व्यवस्थित हुनका साथै सबैका लागि शिक्षा २००४-२००९ का संलग्नताका कार्यक्रमहरु .सरोकारवाला तथा सेवा प्रदायकहरु॰ को जातियता, जनजातियताजस्ता सवालहरुमा स्पष्ट रुपमा ध्यान केन्द्रित हुन जरुरी छ। यी चुनौतिहरुको सामनाका लागि संस्थागत सुदृढीकरण तथा क्षमता विकासका लागि प्रभावकारी तथा ठीक समयमा प्राविधिक सहयोगको व्यवस्था हुनु ज्यादै महत्वपूर्ण कुरा हो। अर्को कुरा कार्यक्रमको दीगोपन तथा यसलाई अझ दरिलो जग प्रदान गरी अझ अगाडि बढाउनका लागि आवश्यक एउटा महत्वपूर्ण स्तरको क्षमता तथा संस्मरण विकासका लागि केही वर्षका लागि कर्मचारीहरुलाई साविककै पदमा थमौती गर्ने सरकारसँग स्पष्ट प्रतिवद्धता हुन जरुरी छ।

www.moe.gov.np

## परिशिष्ट १ः

# समग्र युक्ति संगत खाका

| विवरणात्मक सारांश | सूचक | प्रमाणीकरण | परिकल्पनाहरु |
|---|---|---|---|
| लक्ष्य<br>सबैका लागि शिक्षाका लक्ष्यतथा एम.डि.जि.एस.प्राप्त गर्ने | २०१५ सम्ममा वास्तविक भर्नादर = १००% तह ५ बच्ने = १००% पौढ साक्षरता=७५% लैङ्गिक समनता सूचक =१.० | प्रत्येक ३ वर्षमा राष्ट्रव्यापी सामान सूचीको सर्वेक्षण नियमित शिक्षा व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन वार्षिक स्थिति प्रतिवेदन | निर्धनमुखी सुधारका लागि सरकारको निरन्तर प्रतिवद्धता अन्य क्षेत्रहरुमा पर्याप्त प्रगति |
| प्रयोजनः<br>आधारभूत तथा प्राथमिक शिक्षा उपक्षेत्रको सुधार | व्यवस्थापन खर्च प्रवाह तथा सूचना प्रवाहका लागि विकेन्द्रीकृत प्रणाली लागू | संचालन भएका विद्यालय व्यवस्थापन समिति गा.वि.स. जिल्ला शिक्षा समितिका संख्या लेखापरीक्षणमा पहिचान गरिएका रकम प्रवाह शिक्षा व्यवस्था तथा सूचना प्रणालीमा पहिचान गरिएका तथ्याङ्क प्रवाह | सुरक्षा व्यवस्था त्यति नराम्ररी विंग्रदैन आर्थिक अवस्था खासै विग्रंदैन। |
| प्रतिफलः<br>१.बढ्दो पहुँच तथा समन्याय | सबैका लागि शिक्षाका सूचक १६ जसले गर्दा २००९ सम्ममा वास्तविक भर्नादर 195– ९६% | प्रत्येक ३ वर्षमा राष्ट194्रव्यापी सूचिहरुको सर्वेक्षण नियमित शिक्षा व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन | विकेन्द्रीकृत व्यवस्थापनले समुदायलाई स्थानीय पहुँच तथा समन्याय सुधारका लागि सक्षम बनाउने। |

www.moe.gov.np

| | | | |
|---|---|---|---|
| २. गुणस्तर वृद्धि | सबैका लागि शिक्षा सूचक ९-१३ र १५-१८ जसले गर्दा २००९ सम्ममा तह ५ मा बचावट 195– ८५% प्रौढ साक्षरता 195– ६६% लैङ्गिक सूचक 195–०.९% | वार्षिक स्थिति प्रतिवेदन प्रत्येक ३ वर्षमा राष्ट194्रव्यापी सूचिहरुको प्रतिवेदन नियमित शिक्षा व्यावस्थापन सूचना प्रणाली प्रतिवेदन | तालिम, सहयोग व्यवस्था र क्षमता विकासमा भएको सुधारले गुणस्तर तथा सिकाइ वातावरणमा सुधार ल्याउन मद्दत गर्नेछ |
| ३. सुधारिएको कार्य दक्षता तथा संस्थागत क्षमता | सबैका लागि शिक्षा सूचक ७,८, १४ उपलब्ध रकमको समग्र उपयोग दर | प्रत्येक ३ वर्षमा राष्ट्रिय व्यापि सूचीहरुको शिक्षा सर्वेक्षण सूचना प्रणाली प्रतिवेदन वार्षिक लेखा परीक्षण प्रतिवेदन | सुधारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न स्थानीय तथा केन्द्रीय तहमा पर्याप्त क्षमता विकास गर्न सकिने छ। |
| | | | |

| | | | | |
|---|---|---|---|---|
| सधारण .नियमित॰ बजेट | | ४७९.०७ | | |
| शिक्षक<br>विद्यालय<br>लेखन सामग्री<br>अवकाश पश्चातका सुविधा<br>व्यवस्थापन | तलब<br>अनुदान<br>अनुदान<br>निवृत्तिभरण<br><br>तलब | ३९८.०<br>१६.८५<br>१.७७<br>४४.९२<br><br>१७.५ | वित्तीय विवरण आन्तरिक तथा बाह्य लेखा परीक्षण | पर्याप्त मात्रामा कोष उपलब्ध |
| सबैका लागि शिक्षा ०४-०९को विकास तथा पूँजीगत बजेट | | ३३५.४३ | | |
| कार्यक्रम<br>१. प्राथमिक बाल विकास सुधार<br><br>२. पहुँच सुनिश्चित<br>३. सिकाइ तथा आवश्यकताका | विभिन्न<br><br><br>विभिन्न | १७५.००<br>१४.०४<br><br>६०.२०<br>०.४ | वित्तिय विवरण आन्तरिक तथा | पर्याप्त मात्रामा बाह्य सहयोग |

www.moe.gov.np

| | | | | |
|---|---|---|---|---|
| परिपूर्ति | विभिन्न | | बाह्य लेखा परीक्षण | उपलब्ध |
| ४. प्रौढ सारक्षरता | | १४.९ | | |
| ५. लैङ्गिक समता | | ११.९ | | |
| ६. गुणस्तर सुधार | | ६४.०४ | | |
| ७. औजार सामान तथा गाडि सामग्री | | ०.५४ | | |
| ८. सन्चालन .दैनिक॰ तथा वृद्धिगत तलब | | ८.९८ | | |
| अन्य विकास परियोजनाहरु | विभिन्न | .१६०.४३॰ | | |
| प्राथमिक विद्यालय निर्माण परियोजना सहयोग | | १८.०८ | | |
| निःशुल्क पाठ्य पुस्तक | | ९.६० | | |
| प्राथमिक विद्यालय पौष्टिक आहार कार्यक्रम | | ५१.५२ | | |
| राष्ट्रिय छात्रवृत्ति कार्यक्रम | | ७.८२ | | |
| शहीदका बालबालिकाहरुका लागि छात्रवृत्ति | | ०.०८ | | |
| अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | | ६.८७ | | |
| विद्यालय स्थानान्तरण तथा आर्थिक सहयोग कार्यक्रम | | ३.५९ | | |
| सामुदायिक विद्यालय सहयोग कार्यक्रम | | १९.२० | | |
| जनसंख्या शिक्षा परियोजना | | ०.४५ | | |
| शिक्षक शिक्षा परियोजना | | २०.११ | | |
| महिला शिक्षा | | १०.११ | | |
| शिक्षा .बाल विकाससहित॰ परियोजना | | १२.०० | | |
| सामुदायिक सिकाइ केन्द्र/बाल विकासका लागि युनेस्को सहयोग | | १.०० | | |
| | कुल | ८१४.५ | | |

www.moe.gov.np

परिशिष्ट २ः सबैका लागि शिक्षा २००४-२००९ विकास खर्चका लागि आर्थिक श्रोतसम्बन्धि एक प्रस्तावः शिक्षा तथा खेलकूद मन्त्रालय, काठमाण्डौ, नेपाल नोभेम्वर २००३

परिचय

सबैका लागि शिक्षा २००४-२००९ को यो मुख्य दस्तावेजले एउटा पञ्च वर्षीय उप-क्षेत्रीय आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको समग्र खाका प्रस्तुत गर्दछ। कार्यक्रमका अवयव तथा कार्यन्वयन रणनीतिका विस्तृत विवरणका अतिरिक्त यस दस्तावेजमा सबैका लागि शिक्षा २००४-२००९ को समग्र वित्तिय आवश्यकता पनि समावेश छ।

देशमा साधनश्रोतको कठिनाइलाई हेर्दा प्रस्तवित सबैका लागि शिक्षा २००४-२००९ लाई आवश्यक पर्ने खर्च र श्री ५ को सरकारबाट प्राथमिक तथा आधारभूत शिक्षा उप-क्षेत्रलाई छुट्ट्याउने खर्चको बाँडफाँडबीच श्रोत साधन सम्बन्धि खाडल सिर्जना हुने आशंका गरिएको छ। यसैले सबैका लागि शिक्षा २००४-२००९का लागि विकास तथा पूँजिगत खर्च पूरा गर्न बाहिरी सहयोगको खोजी गरिने छ।

त्यसैले यस दस्तावेजले दुइवटा वित्तिय परिदृश्यका लागि प्रस्ताव प्रस्तुत गर्दछ। जसको निर्माण सबैका लागि शिक्षा २००४-२००९ को विकास तथा पूँजिगत खर्च समेट्नका लागि गरिएको हो। उक्त दुवै परिदृश्यका लागि गतिविधिमा आधारित विस्तृत बजेट पनि समावेश गरिएको छ। श्री ५ को सरकारका स्वीकृत तथा चालु साधारण बजेट तथा अन्य विभिन्न कार्यक्रमहरु मुख्य दस्तावेजमा पहिला नै समावेश गरिएका छन् .तालिका दुई मुख्य दस्तावेज हेर्नुहोस्।

www.moe.gov.np

सबैका लागि शिक्षा २००४-२००९ विकास खर्चका लागि दुई परिदृश्य

सबैका लागि शिक्षा २००४-२००९ का लागि आवश्यक पर्ने कुल अनुमानित खर्च अमेरिकी डलर ८१४.५ मिलियन भएको कुरा सबैका लागि शिक्षाको मुख्य दस्तावेजमा उल्लेख भैसकेको छ।

यो कुल रकममध्ये श्री ५ को सरकारले साधारण बजेटले अमेरिकी डलर ४७९.०७ मिलियन समेट्ने अनुमान गरिएको छ। सबैका लागि शिक्षा २००४-२००९को मुख्य दस्तावेजको तालिका ५ मा देखाए बमोजिम विकास तथा पूँजिगत खर्च पूरा गर्नका लागि जम्मा अमेरिकी डलर ३३५.४३ मिलियन आवश्यक गर्ने अनुमान गरिएको छ।

सबैका लागि शिक्षा २००४-२००९ को विकास तथा पूँजिगत खर्च समेट्नका लागि दुई भिन्नाभिन्नै परिदृश्यहरु प्रस्तुत गरिएका छन्- उच्च र निम्न।

उच्च परिदृश्य अन्तर्गत अमेरिकी डलर १७५ मिलियन र निम्न अन्तर्गत १४५ मिलियन डलर हुने अनुमान गरिएको छ। यी दुवै परिदृश्यहरुमा मूल्य अभिवृद्धि कर .भ्याट◦ र अन्य करको भार श्री ५ को सरकारले बेर्होने छ र दुवै परिदृश्यमा प्राविधिक सहयोग समावेश छैन। विकास साझेदारहरुसँग भएको सहमति अनुरुप नै प्रविधिक सहायतासम्बन्धि निर्णय हुनेछ।

तल दिएको तालिकाले दुवै परिदृश्यका लागि अवयवगत बजेटको बाँडफाँड देखाउँछ।

तालिका १ः सबैका लागि शिक्षा २००४-२००९ का लागि बजेटको अवयवगत बाँडफाँड अमेरिकी डलर .हजारमा◦

| क्रसं | गतिविधि | उच्च परिदृश्य | | % | निम्न परिदृश्य | | % |
|---|---|---|---|---|---|---|---|
| | | बजेट रु.मा | अमेरिकी डलरमा | | बजेट रु. मा | बजेट अमेरिकी डलरमा | |
| | कुल बजेट | १३१२५००२ | १७५००० | | १०८७५४०५ | १४५००५ | |
| १. | प्राथमिक बाल्य अवस्था विकास विस्तार | १०५३००० | १४०४० | ८.०२ | ८४०२५० | ११२०३.३ | ७.७३ |
| २. | सबैलाई पहुँच सुनिश्चित | ४५१२८०१ | ६०१७१ | ३४.३८ | ३२२४०५५ | ४२९८७.४ | २९.६५ |
| ३. | सबैका आवश्यकता परिपूर्ति | ३०२०० | ४०३ | ०.२३ | ३०२०० | ४०२.७ | ०.२८ |
| ४. | निरक्षरतामा कमी | ११.१५२५० | १४८७० | ८.५० | १०५५२५० | १४०७०.० | ९.७० |
| ५. | लैङ्गिक असमानताके अन्त्य | ८९४८७५ | ११९३२ | ६.८२ | ८६५७५० | ११५४.३ | ७.९६ |
| ६. | गुणस्तरीय | ४८०४५२८ | ६४०६० | ३६.६१ | ४३२३६५८ | ५७६४९ | ३९.७६ |

www.moe.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षाका सबै पक्षहरुको सुधार | | | | | | |
| ७. | सर सामान तथा गाडि | ४०७५० | ५४३ | ०.३१ | २७९८० | ३७३.१ | ०.२६ |
| ८. | संचालन खर्च तथा बृद्धिगत तलब | ६७३५९८ | ८९८१ | ५.१३ | ५०८२६२ | ६७७६.८ | ४.६७ |

तालिका १ ले सबैका लागि शिक्षा २००४-२००९ को ध्यान बालबालिका, कक्षाकोठा र विद्यालयमा केन्द्रित भएको देखाउँछ। दुवै परिदृश्यमा शिक्षाको गुणस्त वृद्धि गर्ने अवयवलाई सबैभन्दा उच्च र त्यसपछि सबै बालबालिकाहरुलाई पहुँच सुनिश्चित गर्ने प्राथमिकता प्रदान गरिएको छ। पूरक सिद्धान्त अनुरुप दैनिक आवश्यक पर्ने खर्च .तालिम १ के नं. ८॰ लाई न्यूतम तहमा राखिएको छ। उपर्युक्त तालिकामा उल्लेखित तलव वृद्धिको महल अन्तर्गत ३५ जिल्लाका स्रोत व्यक्ति, ओभरसीयर, इञ्जिनीयर, शिक्षा विभाग र केन्द्रीय तहका अन्य अस्थायी कर्मचारीहरु पर्दछन्।

दुवै परिदृश्य अन्तर्गत २००४ देखि २००९ सम्मको वार्षिक व्यय अनुमानलाई तालिका २ मा देखाइएको छ।

तालिका २ः दुई परिदृश्यमा वार्षिक बजेटको छुट्टै छुट्टै विवरण

| परिदृश्य | २००४।५ | २००५।६ | २००६।७ | २००७।८ | २००८।९ | कुल बजेट अमेरिकन डलर दश लाखमा |
|---|---|---|---|---|---|---|
| उच्च परिदृश्यमा कुल बजेट -%) | १९.७४ (११.२८॰ | २९.७८ (१७.०२॰ | ३६.८१ (२१.६१॰ | ४९.९८ (२५.७०॰ | ४२.६९ (२४.३९॰ | १७५.०० (१००॰ |
| निम्न | १७.६० | २३.९६ | ३१.०७ | ३७.४१ | ३४.९७ | १४५.०१ |

www.moegov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परिदृश्य कुल बजेट -%) | (१२.१४ | (१६.५२ | (२१.४३ | (२५.८० | (२४.१२ | (१०० |
| | | | | | | |

दुवै परिदृश्यको वृस्तृत गतिविधिमा आधारित विवरण

वित्तिय परिकल्पना

उच्च तथा निम्न दुवै परिदृश्यहरुको परिकल्पनाहरुको विस्तृत विवरण तल दिएको छ। कार्यक्रमको गुणस्तर कायम गर्नका लागि दुवै परिदृश्यको इकाइ मूल्य यथावतै राखिएको छ। लक्ष्यको आकार मात्रा फरक छ।

१. बाल विकास विस्तार

सबैका लागि शिक्षा २००४-२००९ ले दुवै परिस्थितिमा गरी विद्यामान ५७००को विकास खर्चसहित उच्च परिस्थिति परिदृश्यका १३,००० र निम्न परिदृश्यका ११,००० पूर्व प्राथमिक कक्षाहरुलाई सहयोग प्रदान गर्नेछ।

दीगोपन प्रदान गर्नका लागि सरकारले हाल विद्यामान ५७०० बाल विकास/पूर्व प्राथमिक कक्षाहरुको परिश्रमिक खर्च बेर्होर्ने छ। विकास खर्चले आधारभूत सामग्री तथा आवर्त्तक तालिमलाई समेट्छ। कार्यक्रम अवधिमा उच्च स्थिति परिदृश्यमा ३-५ वर्षका २,६०००० बालबालिका तथा निम्न परिदृश्यका हकमा २२,०००० बालबालिकाहरु लाभान्वित हुनेछन्। यसबाहेक विद्यमान बाल विकास/ पूर्व प्राथमिक कक्षाहरुबाट ११,४००० बालबालिकाहरु लाभान्वित हुनेछन्।

२००९ मा बाल विकास/पूर्व प्राथमिक कक्षाको अनुभव लिएर कक्षा १ मा ८०% बालबालिकाहरुलाई भर्ना गराउने राष्ट्रिय कार्य योजनाको लक्ष्यप्राप्तिका लागि सबैका लागि शिक्षा २००४-२००९ को योगदान ६०% हुने अनुमान गरिएको छ।

बाल विकास/पूर्व प्राथमिक कक्षाहरुको व्यवस्थापनका लागि गा.वि.स./नगरपालिका जिम्मेवार हुनेछन्।

नयाँ बाल विकास /पूर्व प्राथमिक कक्षाहरुको प्रति इकाइ मूल्य रु. ४९,५०० र हाल संचालितका लागि रु. १६,२५० हुने अनुमान गरिएको छ।

भरखरै स्थापन भएका बाल विकास/ पूर्व प्राथमिक कक्षाहरु आउँदा वर्षहरुमा "चालु" मानिने छन्।

| क्र.स. | गतिविधि | बाल/पूर्व प्राथमिक कक्षाको प्रति इकाई मूल्य |
|---|---|---|

www.moe.gov.np

| | | हालसालै स्थापित बाल विकास/पूर्व प्राथमिक कक्षाहरु | प्राथमिक बाल विकास/पूर्व प्राथमिक कक्षाहरुको आवर्त्तक खर्च |
|---|---|---|---|
| १. | संस्थापन | २००० | ० |
| २. | आधारभूत सामग्री | ५००० | २५०० |
| ३. | पारिश्रमिक | १३००० | १३००० |
| ४. | तालिम | २५०० | ६२० |
| ५. | जोडा कोष | २७००० | |
| | कुल इकाइ लागत | ४९५०० | १६२५० |

२.० सबै बालबालिकहरुका लागि शिक्षाको पहुँच सुनिश्चित गर्ने

२.१ गाउँ शिक्षा योजना

गाउँ विकास समिति सबै बालबालिकाहरु विशेष गरी बालिका, सबै प्रकारका अपाङ्गता सहितका बालबालिकाहरु, दलित, कामदार बालबालिकाहरु, आदिवासी बालबालिकाहरु, अल्पसंख्यक भाषिक समुदायका तथा सुविधाविमुख बालबालिकाहरुको पहुँचका लागि जिम्मेवार हुनेछ। एकीकृत गाउँ विकास योजना मार्फत् सर्वसुलभ पहुँच सुनिश्चित गर्नका लागि दुवै परिदृश्यमा देहायका गतिविधिहरु सञ्चालनका लागि प्रतिवर्ष प्रति गा.वि.स. रु. ५००० छुट्ट्याइएको छः

- विद्यालय नक्शाङ्कन विद्यालय भर्ना नभएका बालबालिकाहरु र निरक्षर व्यक्तिहरुको सर्वेक्षण तथा तथ्याङ्क भण्डारणको व्यवस्था।
- अभिभावक शिक्षा लगायत जागरण वकालत तथा सामाजिक परिचालन।
- खेलकूद, हस्तकला-चित्रकला
- स्थिति प्रतिवेदनको तयारी/वितरण

कार्यक्रम अवधिमा विद्यालय नक्शाङ्कन अभ्यास दुई पटक हुनेछ। पहिलो कार्यक्रम कार्यन्वयनको पहिलो वर्षमा र दोस्रो चौथो वर्षमा।

| क्र.स. | गतिविधिहरु | इकाइ | इकाइ मूल्य |
|---|---|---|---|
| | गाउँ शिक्षा योजना | | १८००० |
| १. | विद्यालय नक्शाङ्कन/सर्वेक्षण/शिक्षा | गा.वि.स. | २००० |

www.moe.gov.np

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन सूचना प्रणाली | | |
| २. | चेतना/वकालत | गा.वि.स. | १००० |
| ३. | खेलकूद/हस्तकला-चित्रकला | गा.वि.स. | १००० |
| ४. | अनुगमन, लेखा परीक्षण तथा स्थिति प्रतिवेदन | गा.वि.स. | १००० |
| | कुल इकाइ मूल्य | | ५००० |

बाल विकास/पूर्व प्राथमिक कक्षा सारक्षरता कार्यक्रम, वैकल्पिक शिक्षा, उच्च कार्य सम्पादन गर्ने गा.वि.स.हरुलाई बोनस तथा विद्यालय भर्ना नभएका बालबालिकहरुलाई मूलप्रवाहीकरणका लागि आर्थिक सहायता तथा छात्रावृत्ति, गाउँ विकास योजनामा आधारित हुनेछन्/तर यी सबै गाउँ शिक्षा केन्द्र/ गा.वि.स.को गठन तथा सञ्चालनमा भर पर्ने छन्।

www.moe.gov.np

२.२ विद्यालय भौतिक सुविधाको सुधार

- नयाँ कक्षा निर्माण तथा फर्निचरः कार्यक्रम अवधिमा हाल उच्च स्थिति परिदृश्यमा फर्निचर सहितका ११००० नयाँ कक्षाकोठा र निम्न स्थिति परिदृश्यमा ८३४९ नयाँ कक्षाकोठाको निर्माण हुनेछ।
- वाह्य वातावरण सुधारः वाह्य वातावरण सुधार .पिउने पानी, शौचालय तथा कम्पाउण्ड॰ अन्तर्गत उच्च र निम्न स्थिति परिदृश्यमा गरी जम्मा १०,००० विद्यालय पर्नेछन्।
- विद्यालय पुनर्स्थापनाः उच्च स्थिति परिदृश्यमा १०,००० कक्षा कोठा र निम्न परिदृश्य ६००० कक्षा कोठाको पुनर्स्थापना गरिनेछ।
- श्रोत केन्द्रहरुको निर्माणः उच्च स्थिति परिदृश्यमा २५० वटा र निम्न स्थिति परिदृश्यमा ७५ वटा स्रोत केन्द्र निर्माण गरिनेछ।
- जि.वि.स.का भवनः कार्यक्रम अवधिमा उच्च स्थिति परिदृश्यमा ११ वटा जि.वि.स.का भवन निर्माण गरिनेछन् र निम्न परिदृश्यमा जिल्ला शिक्षा कार्यलय भवनलाई प्राथमिकता दिइएको छैन।

| क्र.स. | गतिविधिहरु | इकाइ | इकाइ मूल्य |
|---|---|---|---|
| १. | नयाँ कक्षाकोठा | कक्षाकोठा | २,३७,००० |

| | | | |
|---|---|---|---|
| | निर्माण तथा फर्निचर .२१७००००+२००००० | | |
| २. | वाहय वातावरण सुधार .पिउने पानी, शौचालय र कम्पाउण्ड .१००००+२५०००+५०००० | विद्यालय | ४०,००० |
| ३. | पुनर्स्थापना | कक्षाकोठा | २५,००० |
| ४. | श्रोत केन्द्र निर्माण तथा फर्निचर .८०००००+१०००००० | श्रोत केन्द्र | ९००,००० |
| ५. | जिल्ला शिक्षा कार्यलय भवन निर्माण तथा फर्निचर .८९०००००+१०००००० | जि.वि.स. | ९०,०००,००० |

www.moe.gov.np

२.३ वैकल्पिक शिक्षा

वैकल्पिक शिक्षाका दुई उपागम हुनेछन्ः विद्यालयको पहुँच बाहिर र लचिलो शिक्षा। कार्यक्रम अवधिमा उच्च स्थिति परिदृश्य अन्तर्गत १५०० समुदायमा आधारित पहुँच बाहिरका र १००० लचिला विद्यालयहरुलाई सहयोग प्रदान गरिने छ। यसैगरी निम्न स्थिति परिदृश्य अन्तर्गत १००० समुदायमा आधारित पहुँच बाहिर र ८०० लचिला विद्यालयहरुलाई सहयोग प्रदान गरिनेछ।

विद्यालय पहुँच बाहिरका कार्यक्रमले विशेष गरी हिमाली तथा पहाडी क्षेत्रमा छरिएर रहेका साना वस्तीहरुमा जहाँ नयाँ विद्यालय खोल्न सम्भव छैन र भैरहेकाहरुले पनि दुर्गमताका कारण सेवा पुर्‍याउन सकिरहेका छैनन् - त्यहाँका ६-८ वर्षका बालबालिकाहरुलाई लक्षित गरेको छ।

यस कार्यक्रमले कक्षा १-३ सम्मका बालबालिकाहरुलाई उनीहरुकै वासस्थानमा र पछि बढ्दै गएर घरदेखि विद्यालय जान सक्ने भए पछि साविक रुपमा प्राथमिक विद्यालय पठाउने सुविधा उपलव्ध गराउने छ।

यसैगरी लचिलो शिक्षा उपयुक्त उमेरमा विभिन्न कारणवश नियमित रुपमा विद्यालय जान नसक्ने बालबालिकाहरुप्रति लक्षित छ। बालबालिकाहरुको उमेर सुहाउँदो एउटा सधन

पाठ्यक्रम लागू गरिने छ। ३ वर्षको अवधिमा प्राथमिक शिक्षा पूरा गर्ने लचिलो शिक्षाका लागि लक्षित समूहको उमेर समूह ८-१४ वर्ष हुनेछ।

लचिलो शिक्षाका सम्भाव्य स्थानहरुमा बालमजदुर व्याप्त हुने शहरी उप-शहरी र औद्योगिक क्षेत्रहरु पर्दछन्।

विद्यालय पहुँच बाहिर र लाचिलो शिक्षा दुवै समुदायमा आधारित हुनेछन् र यिनले खुला पहुँच कक्षाकोठा सिकाइ र व्यक्तिगत बहुकक्षा शिक्षण पद्धति अपनाउनेछन्। प्रत्येक विद्यालयले बढीमा २० जना बालबालिका भर्ना गर्नेछ। विद्यालयको पहुँच बाहिरले प्राथमिक विद्यालयको औपचारिक पाठ्यक्रम, पाठ्यपुस्तक लागु गर्नेछ  भने लचिलो शिक्षाले विशेष तवरले निर्माण गरिएका सघन पाठ्यपुस्तकहरु प्रयोगमा ल्याउने छन्।

वैकल्पिक शिक्षा लागि इकाइ मूल्य निम्न मान्यताहरुमा आधारित छ :

| क्र.स. | गतिविधिहरु | इकाइ | इकाइ मूल्य |
|---|---|---|---|
| १. | संस्थापन | विद्यालय | २००० |
| २. | आधारभूत सिकाइ सामग्री | सेट | ५००० |
| ३. | पारिश्रमिक | व्यक्ति | २६००० |
| ४. | तालिम | व्यक्ति | ३००० |
| ५. | व्यवस्थापन | विद्यालय | ६००० |
| | इकाइ मूल्य | | ४२००० |

www.moe.gov.np

विद्यालय पहुँच बाहिर र लचिलो शिक्षा दुवैका लागि प्रतिवर्ष विद्यालय इकाई मूल्य रु. ४२,००० हुनेछ।

## २.४ समाहित शिक्षा

समाहित शिक्षालाई समग्र सबैका लागि शिक्षा कार्यक्रमका रणनीतिको रुपमा लिइएको छ। तर उच्च तथा निम्न दुबै स्थिति परिदृश्यमा सामान्यीकरणका लागि कार्यक्रम अवधिभर कडा निगरानी र अनुभवका कागजात सहित यो उपागम ५०० वटा विद्यालयमा गहन रुपले कार्यान्वयन गरिनेछ।

यस गतिविधिका लागि इकाइ मूल्य यस प्रकार रहेको छः

| गतिविधि | इकाइ | नयाँ | साविक |
|---|---|---|---|
| विद्यालय सुधार | विद्यालय | ५००० | ५००० |
| तालिम | विद्यालय | २०,००० | १०,००० |

| | | | |
|---|---|---|---|
| सिकाइ तथा अन्य सहायक सामग्री | केन्द्र | २०,००० | २०,००० |
| कुल | | ४५,००० | ३५,००० |

## २.५ विशेष शैक्षिक आवश्यकता भएका विद्यार्थीहरुका लागि शिक्षा

४० वटा नयाँ निरीक्षण केन्द्र उच्च र ३३ वटा निम्न स्थिति परिदृश्य अन्तर्गत स्थापित गरिनेछन् र साविक ३५ वटा कायमै रहनेछन्।

निरीक्षण केन्द्रका लागि इकाइ मूल्य यस प्रकारको हुनेछ ः

| गतिविधि | नयाँ स्थापित | चालु |
|---|---|---|
| संस्थापन मूल्य | ५५००० | |
| संचालन मूल्य | ० | ३५,००० |
| श्रोत व्यक्ति | ५२००० | ५२,००० |
| कुल | १०७००० | ८७००० |

- २०० अपाङ्ग बालबालिकाहरुले नै अन्तराष्ट्रिय/राष्ट्रिय गैरसरकारी संघसंस्था र अन्य संघसंस्थाहरुको साझेदारीमा स्वरोजगार मूलक बजारमुखी सीपहरु सिक्नेछन्। यसका लागि प्रतिवालक इकाइ मूल्य रु. ६५०० हुने अनुमान गरिएको छ।

दुवै परिदृश्यहरुमा प्रत्येक श्रोत कक्षामा कम्तीमा १० जना बालबालिकहरु लाभान्वित हुने गरी ४९ वटा नयाँ र ३०९ वटा साविकका आवासीय श्रोत कक्षाहरुलाई सहयोग प्रदान गरिनेछ। प्रति श्रोतकक्षाका लागि इकाइ मूल्य निम्नानुसार हुनेछः

| गतिविधि | इकाइ | संस्थापन मूल्य | चल्ति मूल्य |
|---|---|---|---|
| विभिन्न उपकरण लगायतका सामग्रीहरु .बहिरा १२,००० दृष्टिविहिन ३०,०००, अपाङ्ग ५,००० सुस्त मनस्थिति १०,०००. | | १७,००० | ४,००० |
| शिक्षक भत्ता प्रति महिना ५०० का | व्यक्ति | ६,००० | ६,००० |

www.moe.gov.np

| | | | |
|---|---|---|---|
| दरले | | | |
| सट्टा शिक्षक | व्यक्ति | ५४,००० | ५४,००० |
| तालिम | व्यक्ति | २८,००० | ५,००० |
| हेरचाह गर्ने | व्यक्ति | ३९,००० | ३९,००० |
| संस्थापन | केन्द्र | ५००० | |
| प्रति बालक प्रतिमहिना रु. १०००का दरले खाना | बालक | ८०००० | ८०,००० |
| जम्मा | | २७४००० | १८८,००० |

- दृष्टिविहिन विद्यार्थीहरुलाई पुनः प्रयोग गरिन सकिने ब्रेल पुस्तकहरु प्रदान गरिने छ। दुवै स्थितिका परिदृश्यमा हरेक पछिल्ला वर्षहरुमा च्यातिए फाटेका पुस्तकहरुको बदला २०% पुस्तकहरु प्रदान गरिने छ। ब्रेल पुस्तकहरुका लागि एकमुस्ट रु ३,५०,००० छुट्ट्याइएको छ।
- दुवै परिदृश्यमा सबै खालका अपाङ्ग बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि प्रत्येक जिल्लाले खेलकूद तथा अतिरिक्त कृयाकलाप सञ्चालनका लागि रु. १०,००० पाउने छ।

www.moe.gov.np

## *२.६ द्वन्द तथा दैवी/प्राकृतिक प्रकोप कोष*

दैवी /प्राकृतिक प्रकोप एच.आई.भी/एड्स् तथा द्वन्दबाट पीडित बालबालिकाहरुको सहयोगका लागि प्रति वर्ष १०,०००,००० रुपैयाँ छुट्ट्याइएको छ। यो रकम प्राकृतिक प्रकोप तथा द्वन्दवाट भत्केका/तहसनहस भएका संस्थाहरुको पुनर्स्थापना/सहयोगका लागि पनि खर्च गरिने छ।

## *३. सबैका सिकाइ आवश्यकता परिपूर्ति गर्न*

सान्दर्भिकता, अनुकुलता, जीवन यापन सीप, लैङ्गिक समन्वय, स्थानीय तत्वहरु समाहितीकरण जस्ता कुराहरुमा विशेष जोड दिई पाठ्यक्रम/पाठ्यक्रम सामग्री पुनर्निरीक्षणः यसका लागि प्रतिवर्ष रु. १,०४०,००० छुट्ट्याइएको छ।

**संचार तथा प्रचार प्रसार**

सरकारी संलग्नताका कार्यक्रमहरुको प्रचार प्रसार, सबैका लागि शिक्षा २००४-०९ को प्रभावकारी कार्यन्वयन तथा अनुगमनका लागि संचार माध्यम अभियान तथा संचारका लागि प्रतिवर्ष रु. ५,००००० छुट्ट्याइएको छ।

## *४. निरक्षरतामा कमी*

सरकारको अनौपचारिक तथा साक्षरता अभियान मार्फत प्रौढ शिक्षा कार्यक्रम संचालन गरिनेछ। सबैका लागि शिक्षा २००४-२००९ ले न्यून साक्षरता भएका ठाउँहरुलाई लक्षित गर्दै विशेष गरी महिला साक्षरता तथा विद्यालय बाहिरका बालबालिका लागि कार्यक्रम संचालन गर्नेछ।

**महिला साक्षरता कार्यक्रमः** यो कार्यक्रमले ६०,००० महिलाहरुलाई आधारभूत साक्षरता शिक्षा प्रदान गर्नेछ। जसमध्ये दुवै परिदृश्यमा प्रतिवर्ष ८०% (४८००० ले कार्यमूलक साक्षरता हासिल गर्नेछन्। उच्च तथा निम्न दुवै परिदृश्यमा कार्यमूलक साक्षरता सहितका १५% महिलाले आय आर्जन गर्ने स्वरोजगार मूलक सीपहरु हासिल गर्नेछन्। उच्च परिदृश्यमा कुल ७२०० र निम्न परिदृश्यमा ४८०० महिलाहरु आय आर्जन गर्ने सीपहरुबाट लाभान्वित हुनेछन्। यी कार्यक्रमहरु निम्न साक्षरता भएका १८ जिल्लामा देखिएको नतिजाका आधारमा चुक्ता गर्ने सिद्धान्त अनुसार सञ्चालन हुनेछन्।

| गतिविधि | इकाइ | पहिलो चरण | आय आर्जन सीप तालिमका लागि इकाई मूल्य |
|---|---|---|---|
| सहजकर्ता परिश्रमीक | व्यक्ति | ६,००० | |
| तालिम | व्यक्ति | २,००० | |
| व्यवस्थापन खर्च | केन्द्र | ७,००० | |
| सिकाइ सामग्री | केन्द्र | २,५०० | |
| सुपरीवेक्षण | व्यक्ति | ५०० | |
| कुल | | १८,००० | |
| प्रति महिला इकाइ मूल्य | ८७५ | | प्रति महिला ५००० |

www.moe.gov.np

**विद्यालय पहुँच बाहिरका बालबालिकहरुका लागि कार्यक्रमः**

कार्यक्रम अवधिमा विद्यालयको पहुँच बाहिरका २,५००० विशेष गरी कक्षा १ देखि ३ का पढाइ छाड्ने बालबालिकाहरुलाई लक्षित गरिने छ। यो कार्यक्रमले विशेष गरी विद्यालय छाड्ने बालबालिकाहरुलाई औपचारिक शिक्षातिरै फर्काउन विशेष ध्यान दिनेछ। प्रति इकाइ मूल्य निम्न परिकल्पनाहरुमा आधारित छ ः

| गतिविधि | इकाइ | मूल्य |
|---|---|---|
| सहजकर्ता परिश्रमिक | व्यक्ति | ६,००० |
| तालिम | व्यक्ति | २,००० |
| व्यवस्थापन मूल्य | केन्द्र | ७,००० |
| सिकाइ सामग्री | केन्द्र | २,५०० |
| सुपरीवेक्षण | व्यक्ति | ५०० |
| | जम्मा | १८,००० |
| प्रति बालक इकाइ मूल्य | | ८७५ |

www.moe.gov.np

**सामुदायिक सिकाइ केन्द्रः** योजना अवधिमा नव साक्षरहरु माझ साक्षरतालाई दीगो बनाउन र अवसरलाई जीवन पर्यन्त विस्तार गर्ने उद्देश्यले दुवै स्थितिमा प्रत्येक निर्वाचन क्षेत्रमा एउटाको दरले २०५ वटा सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिने छ। प्रत्येक सामुदायिक सिकाइ केन्द्र सञ्चालनका लागि प्रति वर्ष एक मुस्ट रु. ५०,००० प्रदान गरिने छ।

**सामाजिक परिचालन**

प्रत्येक वर्ष दुवै स्थितिमा समाजका कमजोर समूह/पक्षहरुको सवालहरुलाई समेट्ने शैक्षिक गतिविधिहरुको एकीकृत कार्यक्रममा जोड दिने योजन तथा रणनीतिक निर्णय दिने कार्यमा सहभागिताका लागि प्रोत्साहित गर्न समुदायको चेतनाको स्तरमा वृद्धि गर्न सामाजिक परिचालनका लागि रु. ३,०००,००० छुट्ट्याइने छ। यसको मूल उद्देश्य भनेको विद्यालय भर्ना हुने उमेरका बालबालिकाहरुलाई शत प्रतिशत भर्ना गर्नु र गा.वि.स. हरुलाई निरक्षरता मुक्त क्षेत्र घोषित गर्नु हो।

## ५. लैङ्गिक भेदभावको निराकरण

उत्साहवर्द्धक सहायताः सबैका लागि शिक्षा २००४-२००९ले हाल विद्यालय नजाने जटिल समूहका १९% लाई उत्प्रेरक आर्थिक सहायता मार्फत् मूल प्रवाहीकरण गर्ने लक्ष्यलिएको छ। विद्यालयको पहुँच बाहिरका १२०,००० बालबालिकाहरुलाई विद्यालय शुरु गरेको एक वर्षका लागि प्रति वर्ष रु. ५०० उत्प्रेरक छात्रवृत्तिका रुपमा प्रदान गरिने छ। प्रति वर्ष ५०० रुपैयाको यो इकाइ मूल्य अनुमानित खर्चको प्रयोजनको लागि मात्र हो। आफ्ना आधारभूत आवश्यकताका आधारमा आफ्नै मान्यताहरु तय गर्ने सम्बन्धमा गा.वि.स.हरुलाई लचकता अपनाउने अवसर प्रदान गरिने छ। यस योजना मार्फत योजना अवधिको अन्त्य सम्ममा ६०,००० बालबालिकाहरु मूल प्रवाहित हुनेछन्।

**छात्रवृत्तिः** सबैका लागि शिक्षा लगायत विद्यालय शिक्षा प्रणालीका कुल दलित बालिका र सुविधाविमुख बालबालिकाहरुको ५०% लाई सहयोग प्रदान गरिने छ।

शुरुको पहिलो वर्षमा प्रतिवर्ष प्रति विद्यार्थी रु २५० दिइने छ र यसलाई आउँदा वर्षहरुमा बढाएर रु.३५० पारिने छ। औसतमा सबैका लागि शिक्षा २००४-२००९ ले प्रतिवर्ष उच्च स्थिति परिदृश्यमा ३,५०,००० र निम्न स्थिति परिदृश्यमा ३,३२,५०० बालबालिकाहरुलाई सहयोग प्रदान गर्ने छ। यही सुविधा यति नै संख्याको बालबालिकाहरुले राष्ट्रिय छात्रवृत्ती कार्यक्रमबाट प्राप्त गर्नेछन्। सम्भव भएसम्म यस कोषलाई विद्यालय सुधार योजना मार्फत् निर्देशित गरिनेछ। उत्साहवर्द्धक आर्थिक सहयोग मार्फत् मूल प्रवाहित बालबालिकाहरुलाई आउँदा वर्षहरुमा छात्रवृति प्रदान गरिने छ।

**पूर्व सेवाकालीन शिक्षक तालिम छात्रवृत्तीः** प्रत्येक वर्ष एस.एल.सी गरिसेकपछि दशजोड दुई शिक्षा संकायमा वा शिक्षक इजाजत पत्र लिन योग्य हुनका लागि प्राथमिक शिक्षक तालिम केन्द्रमा भर्ना हुन इच्छुक महिला तथा दलित युवाहरुलाई प्रतिवर्ष प्रतिमहिना रु. १,००० का दरले ५० वटा छात्रवृत्ती प्रदान गरिने छन्।

**महिला तथा दलितहरुका लागि व्यावसयिक सहायताः** दुवै परिदृश्यमा प्रत्येक जिल्लमा शिक्षण वा निजामती सेवा संगठन .काडर॰ प्रवेश गर्न इच्छुक महिला तथा दलितलाई व्यावसायिक संस्थाहरु मार्फत् प्राविधिक सहयता प्रदान गर्न प्रतिवर्ष एकमुस्ट रु. १०,००० प्रदान गरिने छ।

**विद्यालयलाई बोनस .लाभांश॰ः** दुवै परिदृश्यमा ५०% महिला वा दलित शिक्षकहरु नियुक्ति गर्ने ग्रामीण विद्यालयहरुलाई विद्यालयको विकासका लागि खर्च गर्न सहयोगस्वरुप रु.५०,००० प्रदान गरिनेछ।

www.moe.gov.np

### ६. गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधार गर्नेः

**विद्‌यालय सुधार योजनाः** प्रत्येक विद्‌यालयका प्रति बालिका, दलित, अपाङ्‌ग तथा अल्पसंख्यक भाषिक तथा जनजातिय समूहहरुका लागि रु. २०० र दुवै परिदृश्यमा भू-क्षेत्रहरुको सहयोगको स्तरमा विभिन्नता देखाइ विद्‌यालय सुधार योजना तयार गर्न र कार्यान्वयन गर्नका लागि बाँकि रहेका बालबालिकाहरुका लागि जनहि रु. १७० प्राप्त गर्नेछ। प्रथम वर्षमा रकम मागका लागि ७१०० विद्‌यालयले विद्‌यालय सुधार योजना तयार गर्नेछन्‌ भने कार्यक्रम अवधिको अन्त्यतिर २३००० विद्‌यालयहरुले विद्‌यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्नेछन्‌। विद्‌यालय सुधार योजना कोष कार्यदक्षता हासिल गर्न लागि पर्ने औसतमा १३४ विद्‌यार्थी सम्मको वास्तविक भर्नादर कायम गर्न सक्ने विद्‌यालयलाई प्रदान गर्न सकिनेछ।

**विद्‌यालयलाई कार्यसम्पादन बोनस .लाभांश॰**

दुवै परिदृश्यमा कक्षा ५ मा ९०% बचावट .थमौती॰ दर हासिल गर्ने विद्‌यालयलाई रु. १०,०००को कार्यसम्पादन बोनस प्रदान गरिनेछ।

**निःशुल्क पाठ्‌यपुस्तकः** प्राथमिक तहका प्रत्येक बालकले पाठ्‌यपुस्तक निःशुल्क रुपमा पाउनेछन्‌। टिकाउपनको दृष्टिले प्रत्येक तहका लागि यस्ता पुस्तकहरुको मूल्य प्रति सेट रु. १०० निर्धारण गरिएको छ। यस कार्यक्रमले दुवै परिदृश्यमा निःशुल्क पाठ्‌यपुस्तक वितरणमा लाग्ने ५०% खर्च बेर्होनेछ। बाँकी रहेको ५०% रकम निःशुल्क पाठ्‌यपुस्तक कार्यक्रमको साधारण बजेटबाट बेहोरिनेछ।

**आधारभूत सिकाइ सामग्रीः** दुवै परिदृश्यमा हरेक जनहि वार्षिक रु. ५० पाउने छ।

**बुक कर्नरः** दुवै परिदृश्यमा प्रत्येक विद्‌यालयलाई एउटा बुक कर्नर स्थापनाका लागि एकै पटक जम्मा रु १००० प्रदान गरिने छ।

आवर्त्तक शिक्षक तालिमः दुवै परिदृश्यमा प्रत्येक वर्ष ४५,५६२ शिक्षकले मागमा आधारित सरदर ६ दिने आवर्त्तक शिक्षक तालिम हासिल गर्नेछन्‌। यस अन्तर्गत श्रोत केन्द्रहरुको सुदृढीकरण समेत पर्नेछ। यस तालिमको इकाइ मूल्य प्रति शिक्षक रु. १००० हुनेछ।

योजना तथा व्यवस्थापन तालिमः दुवै परिदृश्यमा १५,००० जनालाई .प्रत्येक विद्‌यालयबाट ३ जनाको समूह॰ हरेक वर्ष यो तालिम प्रदान गरिनेछ। यस कार्यक्रमको इकाइ मूल्य प्रति व्यक्ति रु. ८७८ छ।

**शिक्षा व्यावस्थापन सूचना प्रणाली, योजना, अनुगमन तथा स्थिति प्रतिवेदनः** दुवै परिदृश्यमा जिल्ला, क्षेत्रीय तथा केन्द्रीय तहहरुमा शिक्षा व्यवस्थापन, सूचना प्रणाली, योजना अनुगमन तथा स्थिति प्रतिवेदन सुदृढीकरणका लागि भनेर एकमुस्ट रु ७,५०,००००० छुट्ट्याइएको छ।

www.moe.gov.np

**विद्यालयमा आधारित सुपरीवेक्षण तथा अनुगमनः** विद्यालयमा आधारित सुपरीवेक्षण तथा अनुगमनको अभिवृद्धिका लागि प्रत्येक वर्षका लागि रु. ५०० छुट्ट्याइएको छ। यसले प्रत्येक वर्ष उच्च स्थिति परिदृश्यका २३,००० र निम्न स्थिति परिदृश्यका ४,००० देखि २३,००० विद्यालयहरुलाई सहायता प्रदान गर्ने लक्ष्यलिएको छ। विद्यालय सुधार योजनामा प्रतिविम्वित गतिविधि तथा सूचकहरुको अनुगमनमा विद्यालय व्यवस्थापन समिति, गाउँ विकास समिति तथा अभिभावक शिक्षालाई संलग्न गराउने मनसायले यस्तो गरिएको हो।

विद्यालय व्यवस्थापनको रणनीतिक निर्णयमा सक्रिय सामुदायिक सहभागिताका लागि प्रोत्साहित गराउने उद्देश्यले प्रतिवेदनलाई प्रचार प्रसार र जानकारीका लागि समुदाय समक्ष पेस गरिनेछ।

**अनुसन्धान, अन्वेषण तथा विकासः** दुवै स्थितिमा विद्यालयमा आधारित कार्य अनुसन्धान लगायतका केन्द्र तथा जिल्लाहरुमा उपरोक्त शीर्षकका लागि प्रतिवर्ष रु. ५,०००००० छुट्ट्याइएको छ।

**विद्यालय पुस्तकालय तथा कम्प्युटर शिक्षाको थालनी कार्यक्रमः** उच्च स्थिति परिदृश्यमा ९० र निम्न परिदृश्यमा २५ वटा विद्यालयमा पुस्तकालय तथा कम्प्युटर शिक्षा प्रारम्भ गरिने छ। यस कार्यक्रमका लागि प्रति विद्यालय इकाइ मूल्य रु. ६,५०,००० छ।

इकाइ मूल्यको निर्धारण निम्न आधारमा गरिएको छ।

| क्र.स. | विवरण | संख्या | रकम | जम्मा |
|---|---|---|---|---|
| १. | कम्प्युटर | ८ | ५०,००० | ४००,००० |
| २. | प्रिन्टर | १ | २०००० | २०,००० |
| ३. | यु.पी.एस. | ५ | १२००० | ६०,००० |
| ४. | फोटोकपी पेपर | २४ | ३०० | ७,२०० |
| ५. | कार्टिज | २ | ५००० | १०,००० |
| ६. | विद्युत/सौर्य बोर्ड .प्यानल॰ | १ | ५०००० | ५०,००० |
| ७. | फर्निचर/पुस्तक राख्ने दराज | १ | ७२८०० | ७२,८०० |
| ८. | पुस्तक | ३०० | १०० | ३०,००० |
| | प्रति विद्यालय इकाइ मूल्य | | | ६५०,००० |

www.moe.gov.np

**जिल्ला शिक्षा योजनाः** दुवै परिदृश्यमा जिल्ला शिक्षा योजनालाई सहयोग पुऱ्याउनका लागि प्रत्येक जिल्लालाई रु. ५,००००० को एकमुस्ट रकम प्रदान गरिने छ। यस रकमको प्राथमिकता निर्धारण जिल्लाहरुले आफूले पहिचान गरेका आवश्यकता अनुसार गर्नेछन्। एक मुस्ट रकमको प्राथमिकता निर्धारण सम्बन्धि नीतिनिर्देशन तयार पारी जिल्लाहरुमा पठाइने छ।

**समुदायद्वारा व्यवस्थित विद्यालयहरुलाई एकमुस्ट रकम सहयोगः** समुदायलाई व्यवस्थापन हस्तान्तरण गर्नका लागि उच्च स्थिति परिदृश्य अन्तर्गत ६५०० र निम्न अन्तर्गत ६००० विद्यालयहरुलाई एक पटकका लागि एकमुस्ट रु. ६००,०००,००० छुट्ट्याइएको छ।

**७. उपकरण तथा गाडीः** उच्च स्थिति परिदृश्यमा रु. ४०,७५०,००० र निम्नमा २७,९८०,००० यस शीर्षकका सामान तथा गाडी खरीद गर्नका लागि खर्च गरिनेछ।

**८. संचालन तथा वृद्धिगत खर्चः** कुल बजेटको ५१% रकममध्ये उच्च र निम्न स्थिति परिदृश्यमा क्रमशः रु. ६७३,५९८००० र रु. ५०८,२६२,००० सम्मको वृद्धिगत तलब तथा सञ्चालन खर्चका लागि छुट्ट्याइएको छ। खर्चलाई न्यूनतम तहमा कायम राखिएको छ।

www.moe.gov.np